# गुराँस गाउँपालिकाको प्रथम आवधिक विकास योजना

# (२०८१/८२-२०८५/८६)




<u>तयार गर्ने/प्रकाशक :</u>

गुराँस गाउँपालिका



सर्वाधिकार : प्रकाशकमा



प्रकाशन वर्ष : २०८१

# अध्यक्षको मन्तव्य



जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारहरूले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरू अगाडी बढाउनु पर्दछ। सार्वभौम नेपाली जनताको लामो त्याग र बलिदान पश्चात संविधान सभाबाट जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दीगो विकास, सुशासन, शान्ति र समृद्धिको जनअपेक्षा पुरा गर्ने संकल्प गरेको छ । यसै संकल्पलाई आत्मसाथ गर्दै समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त बमोजिम तिनै तहका सरकारहरू विकास र समृद्धिको यात्रामा क्रियाशिल रहेका छन् । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरूको घरदैलोमा विकासको मार्गचित्र कोर्न आवश्यक छ ।

स्थानीय सरकारहरूले स्थानीय समुदाय तथा सरोकारवालाको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम दीर्घकालीन सोंच, आवधिक, विषयगत रणनीतिक र गुरुयोजना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभूति गर्ने तथा कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ। यसका साथै स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिको नेतृत्व तथा निर्देशनमा स्थानीय नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ।

नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पश्चात विक्रम सम्बत २०७४ मा स्थानीय निर्वाचन सम्पन्न भयो, जसले राज्य सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन सम्बन्धमा केन्द्रिकृत र एकात्मक मानसिकतालाई विकेन्द्रीकृत प्रणालीमा रुपान्तरण गरायो । स्थानीय तहमा लामो समयसम्मको जनप्रतिनिधिको विहिनता, शासन प्रणालीमा आएको परिवर्तनको सन्दर्भमा स्थानीय सरकार क्षमता कमजोर रहनु स्वभाविकै हो ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कर्णाली प्रदेश, दैलेख जिल्ला स्थित गुराँस गाउँपालिकाको निर्वाचित पदाधिकारीको पहिलो कार्यकालको समापन भई नयाँ निर्वाचित पदाधिकारीले पदवहाल गरेको दोश्रो वर्षमा गुराँस गाउँपालिका, दैलेखको आगामी पाँच वर्षको लागि आवधिक विकास योजना (आ.व.२०८१/८२ - २०८५/८६) तर्जुमा भई कार्यान्वयनमा आएको छ। गाउँपालिकाको विकास तथा सुशासनको समग्र अवस्थाको अध्ययन तथा विश्लेषण गरी, वडागत छलफल गरी, कार्ययोजना कार्यशाला, सरोकारवालासंगको छलफल लगायतबाट आएका विषयलाई समावेश गरी यो आवधिक विकास योजना तयार भएको छ। **"सुख, समृद्दी लागि शासकीय सुधार, हातेमालो गरि फेरौ गुराँसको मुहार"** को दीर्घकालीन सोंच सहितको यो आवधिक विकास योजनालाई नै आधार बनाई कार्यपालिकाको कार्यकाल अघि बढ्नेछ।

अन्त्यमा, म लगायत यस गाउँपालिकाका निर्वाचित पदाधिकारीको कार्यकाललाई पूर्णरूपमा सफल पार्न सहयोग गर्नु हुनेछ भन्ने अभिलाषा गाउँ सभा, कार्यपालिका, विषयगत समिति तथा वडा समिति पदाधिकारी, विषयगत शाखा, स्थानीय समुदाय, राजनीतिक दल, नागरिक समाज, विज्ञ सल्लाहकार समूह, शुभचिन्तक लगायत सम्पूर्ण पदाधिकारी, कर्मचारी र सम्बन्धित सबैमा अपेक्षा सहित यस गुराँस गाउँपालिकाको आवधिक विकास योजना तयार गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नु हुने विज्ञहरू र परामर्शदाता संस्थालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**टोप बहादुर वि.सी.**
**अध्यक्ष**

# उपाध्यक्षको मन्तव्य



संघीयताको अवधारणा अनुरूप नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्तता सहित व्यवस्थापिका, कार्यकारी र न्यायीक अधिकारहरूको सुनिश्चितता गरेको छ । यस बमोजिम सहकारीता, सह-अस्तित्व र समन्वयको सिद्धान्तक क्रियाशील रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारलाई मार्गदर्शन गरेको छ । त्यसकै फलस्वरुप नागरिकहरूले आफ्नै घरदैलोबाट आवश्यक सेवाहरू प्राप्त गरिरहेका छन् ।

जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी नतिजामूलक तथा परिणामुखी विकासको अधिकतम प्रयास गर्नुपर्दछ । स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतिपूर्ण कार्य हो । विकास प्रक्रियामा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायको मूलप्रवाहीकरण गरी उनीहरूको आवश्यकतालाई सम्बोधन गर्नु आजको आवश्यकता हो ।

स्थानीय तहको निर्वाचन पछि जनप्रतिनिधिहरूले यस गाउँपालिकाले विकास प्रक्रिया तथा उपलब्धिलाई समतामूलक तथा न्यायपूर्ण बनाउने र वातावरणमैत्री, दीगो पूर्वाधार विकासमा जोड दिई सामाजिक तथा आर्थिक विकासको आधार तयार गर्ने उद्देश्य लिएका छौं । यसका लागि सहभागितामूलक तथा समावेशी प्रक्रिया बमोजिम नीति, आवधिक विकास योजना, वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्ने परिपाटिको विकास भएको छ । यसबाट विकासको मूलप्रवाहबाट बाहिर रहेका विपन्न तथा पछाडी पारिएका/परेका वर्ग तथा समुदायको आवश्यकता पहिचान गरी सम्बोधन गर्ने प्रयास समेत गरिएको छ । सक्षम, सवल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ ।

नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सवल, सक्षम र जवाफदेही हुन आवश्यक छ । यसका लागि स्थानीय सरकारहरूले सुशासन तथा विकासको अवस्था बारेमा अध्ययन विश्लेषण गरी सोको अभिलेख आम नागरिक तथा सरोकारवालाहरूलाई जानकारी गराउनु आवश्यक हुन्छ । यसै सन्दर्भमा यस गाउँपालिकाले आम जनसमुदायलाई हित हुने गरी गाउँपालिकाको आवधिक विकास योजना तयार भइ कार्यान्वयनमा आएको छ ।

यस पृष्ठभूमिमा गुराँस गाउँपालिकाको आगामी ५ वर्षको मार्गचित्रको रूपमा यो आवधिक विकास योजनाले काम गर्नेछ भन्ने प्रतिबद्दता व्यक्त गर्दै यसको तयारीको क्रममा सहयोग पुर्याउनु हुने कार्यपालिकाका पदाधिकारी, विषयगत समितिका संयोजक तथा सदस्यहरू, विषयगत शाखाका कर्मचारीहरू, वडा सचिव, सम्पूर्ण कर्मचारीहरू तथा विज्ञहरू प्रति धन्यवाद व्यक्त गदै सबैको निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु ।

**शिवा कुमारी खड्का**
**उपाध्यक्ष**

# कृतज्ञता



संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रूपमा हेरिएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रूपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी नै हुने गर्दछ । सवल र नागरिकप्रति जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारबाट मात्रै जनताका चाहानाहरू सम्बोधन हुन सक्दछ। तसर्थ नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सवल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सिमित साधन र श्रोत अनि असिमित जनआंकाक्षा र आवश्यकता बीच तालमेल गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरू विभिन्न क्षेत्र र वर्गका जनता बीच पुर्याउने जिम्मेवारी गाउँपालिकाको रहेको छ । गुराँस गाउँपालिकाले सरकारी, निजी, समुदाय, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीमा विपन्न तथा पछाडि पारिएका वर्ग तथा समुदायलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी उनीहरूको आवश्यकताको सम्बोधन गर्ने प्रयास गरेको छ ।

यस गाउँपालिकालाई **"सुख, समृद्दी लागि शासकीय सुधार, हातेमालो गरि फेरौ गुराँसको मुहार"** को दीर्घकालीन सोंचलाई मूर्त रुप दिन आवधिक विकास योजना, विषय क्षेत्र रणनीतिक तथा गुरुयोजना र वार्षिक बजेट तथ कार्यक्रम बीचमा अन्तरसम्बन्ध स्थापित गर्ने प्रयास गरिएको छ । शासन सञ्चालन, सेवा प्रवाह र विकास प्रयासलाई सहभागितामूलक, समावेशी, पारदर्शी, योजनाबद्ध तथा व्यवस्थित र जवाफदेही तवरले अगाडि बढाउन, प्रशासनिक व्यवस्थालाई सहजता प्रदान गर्न र कार्यान्वयन तथा उपलब्धिको अभिलेख व्यवस्थापनमा गाउँपालिका सदैव सचेत रहेको छ । यस गाउँपालिकाले संस्थागत विकासको लागि विषयगत सवल तथा कमजोर क्षेत्र पहिचान गरेको छ र सो अनुसार क्षमता विकासका क्षेत्र र कार्यक्रम तय गरी कार्यान्वयनमा लगिएको छ ।

यसैगरी प्रचलित नीतिगत तथा कानूनी व्यवस्था बमोजिम समयमा नै कार्यक्रमलाई लैंगिक र सामाजिक समावेशीकरण लगायत समग्र पक्षका उद्देश्य, लक्ष्य तथा रणनीति तय गरिएको छ । सहभागितामूलक र समावेशी प्रक्रिया अनुसार विकासको प्राथमिकतामा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ । गाउँपालिकाले जनस्वास्थ्य, विपद जोखिम व्यवस्थापन एवं वातावरण संरक्षण र जलवायु उत्थानशीलताको आयामलाई समेत यथोचित मध्यनजर गरी आवधिक विकास योजनाले कार्यक्रमहरू तयार गरिएको छ । सुशासन तथा विकासको योजना तयार गर्नु आवधिक विकास योजना तयार गर्नु र कार्यान्वयन गर्नु गराउनु स्थानीय सरकारको एक प्रमुख र महत्वपूर्ण दायित्व हो । गाउँपालिकाको विकास तथा सुशासनको समग्र योजनाको रूपमा गुराँस गाउँपालिकाको आवधिक विकास योजना तयार गरि प्रकाशन गरिएको छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको आवधिक विकास योजना तयार गर्ने काममा सहयोग गर्नु हुने गाउँ सभा, कार्यपालिका तथा वडा समितिका निर्वाचित पदाधिकारीज्यूहरू, महत्वपूर्ण रायसुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिज्यूहरू, विज्ञ समूहका सल्लाहकारज्यूहरू, सामाजिक तथा बौद्धिक क्षेत्रका महत्वपूर्ण व्यक्तित्व र समुदाय तथा समन्वय र व्यवस्थापनमा विज्ञ तथा सहयोगी हातका रूपमा रहेका शाखा प्रमुखहरू समेत सबै कर्मचारीहरू प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहान्छु । आगामी दिनमा समेत सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिकाका साथ यो आवधिक विकास योजना कार्यान्वयन हुने विश्वास लिएको छु ।

**दिनेश दाहाल**

**प्रमुख प्रशासकीय अधिकृत**

# विषयसूची

**परिच्छेद १ : परिचय** १
१.१ आवधिक विकास योजना तर्जुमाको परिचय २
१.२ आवधिक विकास योजना तर्जुमाको उद्देश्य ३
१.३ आवधिक योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु ३
१.४ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण ४
१.४.१ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण ४
१.४.२ तथ्याङ्क संकलन तथा वस्तुस्थिति विश्लेषण ४
१.४.३ वडा स्तरीय परामर्श भेला ४
१.४.४ आवधिक योजना तर्जुमा कार्यशाला ४
१.४.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी ५
१.४.६ प्रमाणीकरण कार्यशाला ५
१.४.७ अन्तिम प्रतिवेदन पेश ५
**परिच्छेद २ : गाउँपालिकाको विद्यमान वस्तुस्थिति** ६
२.१ गाउँपालिकाको परिचय ६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ६
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ७
२.१.३जनसांख्यिक अवस्था ८
२.२ आर्थिक विकासको अवस्था ९
२.२.१ कृषि ९
२.२.२ पशुपंक्षीपालन ९
२.२.३ उद्योग तथा व्यवसाय ९
२.२.४ पर्यटन ९
२.२.५ सहकारी तथा वित्तीय क्षेत्र ९
२.३सामाजिक विकासको अवस्था १०
२.३.१ शिक्षा १०
२.३.२ स्वास्थ्य १०
२.३.३ खानेपानी तथा सरसफाई क्षेत्र १०
२.३.४ युवा तथा खेलकुद ११
२.३.५ लैङ्गिक समानता, सामाजिक समावेशीकरण ११
२.४ पूर्वाधार विकासको अवस्था ११
२.४.१ यातायात, सडक, पुल ११

२.४.२ सिंचाई १२
२.४.३ भवन तथा ग्रामीण विकास १२
२.४.४ विद्युत तथा वैकल्पिक ऊर्जा १२
२.४.५ सूचना तथा सञ्चार प्रविधि १३
२.५ वन, वातावरण तथा विपद व्यवस्थापन अवस्था १३
२.५.१ वन तथा जैविक विविधता १३
२.५.२ भूमि तथा जलाधार संरक्षण १३
२.५.३ वातावरण तथा स्वच्छता १३
२.५.४ महामारी तथा विपद व्यवस्थापन १४
२.६ सुशासन तथा संस्थागत व्यवस्था १४
२.६.१ सुशासन, क्षमता विकास तथा सेवा प्रवाह १४
२.६.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन १४
**परिच्छेद ३ : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण** **१५**
३.१ दीर्घकालीन सोच १५
३.२ समष्टिगत लक्ष्य १५
३.३ समष्टिगत उद्देश्य १५
३.४ समष्टिगत रणनीति १५
३.५ परिमाणात्मक लक्ष्य १७
**परिच्छेद ४: आर्थिक विकास** **२१**
४.१ कृषि २१
४.२ पशुपंक्षीपालन २७
४.३ उद्योग तथा व्यवसाय ३३
४.४ पर्यटन ३८
४.५ सहकारी तथा वित्तीय क्षेत्र ४३
**परिच्छेद ५: सामाजिक विकास** **४७**
५.१ शिक्षा ४७
५.२ स्वास्थ्य ५४
५.३ खानेपानी तथा सरसफाई ६१
५.४ युवा तथा खेलकुद ६६
५.५ लैङ्गिक समानता, सामाजिक समावेशीकरण ७१
५.६ कला, भाषा, संस्कृति र सम्पदा ७७
**परिच्छेद ६ : भौतिक पूर्वाधार विकास** **८२**

| | |
|---|---|
| ६.१ यातायात, सडक, पुल | ८२ |
| ६.२ सिंचाई | ८८ |
| ६.३ भवन तथा ग्रामीण विकास | ९२ |
| ६.४ विद्युत तथा वैकल्पिक ऊर्जा | ९७ |
| ६.५ सूचना तथा सञ्चार प्रविधि | १०१ |
| **परिच्छेद ७: वातावरण तथा विपद व्यवस्थापन** | **१०६** |
| ७.१ वन तथा जैविक विविधता | १०६ |
| ७.२ भूमि तथा जलाधार संरक्षण | १११ |
| ७.३ वातावरण तथा स्वच्छता | ११५ |
| ७.४ महामारी तथा विपद व्यवस्थापन | १२१ |
| **परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास** | **१२७** |
| ८.१ सुशासन, क्षमता विकास तथा सेवा प्रवाह | १२७ |
| ८.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन | १३३ |
| **परिच्छेद ९ : श्रोत व्यवस्थापन तथा बजेट प्रक्षेपण** | **१३८** |
| ९.१ श्रोत व्यवस्थापन | १३८ |
| ९.२ बजेट प्रक्षेपण | १४१ |
| **परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था** | **१४२** |
| १०.१ योजनाको कार्यान्वयन | १४२ |
| १०.२ आर्थिक श्रोत व्यवस्थापन तथा कार्यान्वयन | १४३ |
| १०.३ अनुगमन तथा मूल्याङ्कन | १४३ |
| १०.४ आवधिक मूल्याङ्कन | १४४ |
| १०.५ अनुगमन मुल्याङ्कन खाका | १४४ |
| **अनुसूचि** | **१४६** |
| **अनुसूचि १. वडागत प्रमुख आयोजना विवरण** | **१४७** |
| **अनुसूची २ : माइन्युट** | **१८४** |
| **अनुसूची ३ : फोटोहरु** | **१९०** |
| **अनुसूची ४ : नक्साहरु** | **१९७** |

# शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माद्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| नपा | : | नगरपालिका |
| गापा | : | गाउँपालिका |
| प्रावि. | : | प्राथमिक विद्यालय |
| मावि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद १ : परिचय

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय तह शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सोह्रौं पञ्चवर्षीय योजनाले स्थानीय तहहरुको आवधिक योजना तर्जुमा गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र पाँच वर्षीय अन्तरिम योजनाले आवधिक विकास योजना सम्बन्धमा लागि स्थानीय तहहरुले भौगोलिक सूचना केन्द्र स्थापना र मानव श्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। योजनाबद्ध विकासको ६ दशक लामो अभ्यासका क्रममा राष्ट्रिय योजना आयोगले नेपालको दीर्घकालीन सोच, २१०० को आधारमा सोह्रौं योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरेको छ । यो योजनामा स्थानीय तहमा तर्जुमा हुने आवधिक विकास योजनालाई पनि दीर्घकालीन सोंच सहितको आधार तथा बृहत खाका प्रदान गर्ने दस्तावेजका रूपमा रहनेछ ।

यस सन्दर्भमा आवधिक विकास योजना तर्जुमाको लागि गुराँस गाउँपालिकाको कार्यक्रमको रुपमा आर्थिक वर्ष २०८०/८१ मा आवधिक विकास योजना कार्यक्रम संचालन भएको हो । यस आवधिक योजनाले गुराँसको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण र सुशासन विकासलाई नियोजित गर्न र लगानीलाई प्रोत्साहन गर्न आधारभूत भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

आवधिक योजनाको तर्जुमाको क्रममा लामो समय व्यतित भएकाले र सो अवधिमा विश्वव्यापी रुपमा देखा परेका नौला अवधारणा र देशको राजनीतिक परिवर्तनलाई आत्मसाथ गर्ने खालका उद्देश्य, नीति र कार्यक्रमहरुको तर्जुमा गरिनुपर्ने आवश्यतालाई पनि समेट्न खोजिएको छ । गरिबी जस्तो संवेदनशील पक्ष, बालअधिकार, अपाङ्गता र लक्षित समुदायका लागि ल्याउनुपर्ने थप विशेष नीति र योजनाहरु तर्जुमा गरिएका छन् ।

## १.१ आवधिक विकास योजना तर्जुमाको परिचय

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोंचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न ५ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज गाउँपालिकाको आवधिक विकास योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, सिद्धान्त, रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरू समेत पहिचान गरी उल्लेख गरिनेछ ।

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरु प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरुको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रुपमा तयार गर्ने बैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरुको प्रक्षेपित लक्ष्यहरु प्राप्त गर्ने प्रभावकारी कार्यन्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । आवधिक योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलापहरुको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय निकायको आवधिक योजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरुको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संलग्नतामा बनाइने तलबाट उठेको (Bottom up) ढाँचा, श्रोत साधनहरुको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरुको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्य योजनाहरुको खाका र रणनीतिको रुपमा बुझ्न सकिन्छ । यस्तो योजना प्रक्रियामा सम्वद्ध आवधिक योजना जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरु र संभावनाहरुको उपयोगबाट स्थानीय आवश्यकताहरुको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष निगरानी, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको बाँडफाँड महत्वपूर्ण हुन्छ ।

केन्द्रिकृत योजना निर्माणको माथिबाट लादिएको (Top-down) प्रक्रिया भन्दा तलबाटै उठेका (Bottom-up) योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको वैकल्पिक प्रक्रिया अन्तर्राष्ट्रिय तथा राष्ट्रिय/प्रादेशिक योजना र विकासका अनुभवहरुले शिद्ध गरेको जनमुखी प्रक्रिया हो । यसमा दिगोविकासका आधारभूत मान्यताहरु समेटिनुका साथै आर्थिक,

सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरुको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोंच, ध्येय र उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरुको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरुको व्यवस्थापन, कार्यान्वयन प्रक्रियाको अनुगमन र मूल्याङ्कनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरुमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनाबद्ध कार्यक्रमहरुको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरुबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दिगोसमेत हुने विश्वास गरिनेछ ।

## १.२ आवधिक विकास योजना तर्जुमाको उद्देश्य

गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोंचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ वर्ष अवधिका लागि तयार गरिएको आवधिक विकास योजना दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख क्रियाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।

यस आवधिक विकास योजना तर्जुमा गर्नुको निम्न उद्देश्य छन् :

- गाउँपालिकाको वस्तुस्थिति तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकासको खाका कोर्ने,
- नेपालमा कार्यान्वयन भइरहेको सोह्रौं पञ्चवर्षीय योजनाको आधारपत्र तथा संयुक्त राष्ट्रसंघका दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि गाउँपालिकाका तर्फबाट योगदान पुऱ्याउने,
- गाउँपालिकाको दीर्घकालीन सोंच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने,
- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोंच, लक्ष्य तथा क्षेत्रगत उद्देश्यलाई मूर्तरुप दिन सक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।

## १.३ आवधिक योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारहरु

- नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानूनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको विकास योजनाको खाका तर्जुमा गर्नु पर्ने व्यवस्था छ । सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुँदा त्यस्ता पक्षहरुलाई पनि आवधिक विकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्बोधन गर्नुपर्ने हुन्छ । नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, बजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार बीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ ।

- त्यसैगरी दिगोविकास लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहको योजनाहरु बीच अन्तरसम्बन्ध स्थापित र तादात्म्यता कायम राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ल्याएको छ । यस अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोंच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगोविकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको बीच आवधिक लक्ष्य बीच अन्तर सम्बन्ध हुनुपर्ने उल्लेख भएको छ । यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको आधारमा तर्जुमा गर्नुपर्ने पक्ष उल्लेख भएको छ ।
- आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, दिगोविकास लक्ष्य स्थानीयकरण, १६औं योजना, कर्णाली प्रदेशको आवधिक योजना, नेपाल सरकार एवं प्रदेश सरकारबाट जारी भएका नीति कार्यक्रम, निर्देशिका, मापदण्ड एवं कानूनहरु लगायतका दस्तावेजहरुलाई आधार मानिएको छ ।

## १.४ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण

यस गाउँपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजनाको तर्जुमा गर्दा अवलम्बन गरिएको प्रक्रिया निम्नानुसार छः

### १.४.१ बहुसरोकारवालाहरुसँगको प्रारम्भिक छलफल तथा अभिमुखीकरण

प्रारम्भिक चरणमा गाउँपालिका कार्यालयको सहयोगमा गाउँपालिका स्थित बहुसरोकारवालाहरुसँग योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर प्रारम्भिक छलफल गरियो । गाउँपालिकाका सरोकारवाला राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समूह, महिला तथा आमा समूह, लक्षित वर्गका प्रतिनिधि आदिको सहभागितामा भएको उक्त छलफलमा संघीय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरक्रिया गरियो । यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्र निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमशः गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

### १.४.२ तथ्याङ्क संकलन तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा पूर्व गाउँपालिकाको जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गरियो । आवधिक योजना तर्जुमाको प्रयोजनका लागि भएको तथ्याङ्क संकलनका लागि आवश्यक सुचकहरु तथा प्रश्नावली तयार पारियो । सूचकमा उल्लिखित सूचनाहरु गाउँपालिकाको शाखाहरुबाट प्राप्त गरियो भने प्रश्नावलीमा तयार पारिएको सूचनाहरु वडागत छलफलमा सहभागी प्रतिनिधिबाट भराईयो ।

### १.४.३ वडा स्तरीय परामर्श भेला

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्दै आवधिक योजना तर्जुमा कार्यका लागि वडा वडाको वस्तुस्थिति विश्लेषणका लागि प्रत्येक वडासँग सम्बन्धित राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितिमा वडास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

### १.४.४ आवधिक योजना तर्जुमा कार्यशाला

गाउँपालिकाका आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको वस्तुपरक विश्लेषण, सोको आधारमा दीर्घकालीन सोंच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति, समष्टिगत लक्ष्य सहित कार्यक्रमहरु तर्जुमा गर्ने उद्देश्यले राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार,

विभिन्न संघ संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितिमा तीन दिवसीय योजना तर्जुमा कार्याशालाको आयोजना गरियो ।

### १.४.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

गाउँपालिका स्तरीय कार्यशालाले निर्धारण गरेको दुरदृष्टी, लक्ष्यलाई दृष्टिगत गरी विषयगत क्षेत्रहरुका अवसर र चुनौतीको विश्लेषणका आधारमा समूहबाट आएका विषयगत उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरु, उपलब्धि मापनका सूचकहरुलाई प्लेनरी छलफल गरी अन्तिम रुप दिइयो । यसको अलावा अन्तरपालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु, पालिकाले सेवाग्राहीलाई सेवा  प्रदान गर्न आवश्यक पर्न जाने पालिकाको प्रशासनिक भौतिक पूर्वाधार, संस्थागत विकास र मानव श्रोत संसाधनको विकास र व्यवस्थापनलाई पनि छलफल गरिएको थियो । यसको साथै आवधिक योजनाको लागि आवश्यक पर्ने जिआईएस नक्साहरु तयार गरियो । अन्तमा, गाउँपालिकाको प्रतिवेदन तथा कार्यशालाबाट निर्माण गरिएका दस्ताबेजको सहयोगमा गाउँपालिकाको पाँचवर्षे (२०८१/०८२-२०८५/०८६) मस्यौदा योजना तयार पारियो  ।

### १.४.६ प्रमाणीकरण कार्यशाला

माथि उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजना सम्बन्धि प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पूर्ण विषयवस्तु तथा अध्ययनको सम्पूर्ण प्रारुप प्रस्तुत गरी सरोकारवालाबाट प्राप्त सुझावलाई संग्रहित गरियो ।

### १.४.७ अन्तिम प्रतिवेदन पेश

प्रतिवेदनको मस्यौदा खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरियो ।

# परिच्छेद २ : गाउँपालिकाको विद्यमान वस्तुस्थिति

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ । तत्कालिन वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो। झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ भने सबैभन्दा बढी उचाई रहेको वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार गुराँस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ, जसमध्य कुल जनसंख्याको ५१ % महिला छन् भने ४९ % पुरूष रहेका छन् । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ। यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाह्य पर्यटनहरु आउने गर्दछन्। गुराँस गाउँपालिकामा संचालित सबै जसो होटेलहरु लोकल कुखुरा कर्णाली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभराउ हुने गरेको पाईन्छ। यहाँको वार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । सम्भतः कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ ।

नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औधोगिककरणको गति मन्द रहेकोले यहाको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो। यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ। हाल रहेको मिश्रित व्यवसायीक प्रणालीले कृषि,पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था छ ।

यस गाउँपालिकाको पूर्वी सिमानामा चिंगाड गाउँपालिका छ भने उत्तरमा भगवतीमाइ गाउँपालिका, डुङ्गेश्वोर गाउँपालिका र दुल्लु नगरपालिका छ। पश्चिममा तुर्माखाँड गाउँपालिका र दक्षिणमा वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिका पर्दछन् ।

यस गाउँपालिका कार्यान्वयनमा आउँदाको अवस्थामा साविकका निम्नानुसारका गा.वि.स.का वडाहरुलाई हालको गाउँपालिकामा निम्न बमोजिम ८ वडामा कायम गरी सोही अनुसार प्रशासनिक विभाजन गरिएको छ ।

**तालिका १. गाउँपालिकाको विस्तृत विवरण**

| हाल कायम भएको वडा नं. | समावेश भएका साविकका गाविस | साविकका वडा नं. |
|---|---|---|
| १ | खड्कवाड | ४, ७, ८, ९ |
| २ | खड्कवाड | १, २, ३ |
| | वराह | ८, ९ |
| ३ | खड्कवाड | ५, ६ |
| | वराह | ६, ७ |
| | सेरी | १ - ५ |
| ४ | वराह | १ - ५ |

| | | |
|---|---|---|
| | सेरी | ६ - ९ |
| ५ | गोगनपानी | १ - ९ |
| ६ | पिलाडि | १ - ९ |
| ७ | लालिकाँडा | ५ - ९ |
| ८ | लालिकाँडा | १ - ४ |




गाउँपालिकाको स्थान नक्सा

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

मानव जातिको सृष्टि र जन जीवन भू-धरातलमा उपलब्ध प्राकृतिक श्रोतहरूको उपयोगका आधारमा अडेको छ । मानवीय अस्तित्व भित्रका समग्र मानवीय गतिविधिहरू उसले गर्ने जमिन तथा जमिनमा उपलब्ध श्रोतहरूमा पूर्णत निर्भर गर्दछ । तसर्थ भू-आवरण अन्तर्गत मानिसले उपयोगमा ल्याउने वन क्षेत्रको तथ्याङ्क, खेतियोग्य जमिन, जल, बालुवा, हिमाल, पहाड, आदिको तथ्याङ्कलाई भू-उपयोग अन्तर्गत उल्लेख गरिएको  छ ।

**तालिका २. भू उपयोगको अवस्था**

| क.सं | विवरण | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | वसोवास क्षेत्र | २३.७ |
| २ | कृषि योग्य क्षेत्र | ३२.८ |
| ३ | बाझो क्षेत्र | ११.४५ |
| ४ | बुट्यान तथा झाडी क्षेत्र | ९०.४ |
| ५ | जलश्रोत क्षेत्र | ४.१३ |
| ६ | वालुवा र बगर क्षेत्र | १.९७ |
| ७ | अन्य क्षेत्र | ०.९५ |
| | | १६५.४ |

श्रोत : जि आईं एस नक्शा




भू-उपयोगको स्थिति नक्सा

## २.१.३जनसांख्यिक अवस्था

यस गाउँपालिका ८ वटा वडाहरु रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ भने कुल घरधुरी ४५४१ रहेको छ । वडाहरुमध्ये सबैभन्दा बढी जनसंख्या क्रमश वडा नं. ५ (३४२१) भने अर्को तर्फ सबैभन्दा कम जनसंख्या वडा नं. ७ (१९०१) रहेको छ ।

**तालिका ४. जनसंख्या विवरण**

| वडा | घर परिवार संख्या | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | ५०९ | २१३१ | ११३९ | ९९२ |
| २ | ५५० | २७३३ | १४२० | १३१३ |
| ३ | ५६४ | २६२२ | १३५६ | १२६६ |
| ४ | ७९९ | ३३२७ | १६७९ | १६४८ |
| ५ | ७३२ | ३४२१ | १७१२ | १७०९ |
| ६ | ५६८ | २७९३ | १४०६ | १३८७ |
| ७ | ३९५ | १९०१ | ९३६ | ९६५ |
| ८ | ४२४ | २२६१ | ११३९ | ११२२ |
| कुल | ४५४१ | २११८९ | १०७८७ | १०४०२ |

श्रोत : राष्ट्रिय जनगणना २०७८

जनगणना २०७८ अनुसार यस गाउँपालिकामा निम्नबमोजिम ८ वडामा पुरुष र महिलाको जनसंख्या रहेको छ।




## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि

गुराँस गाउँपालिकाको बहुसंख्यक जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ। कृषि क्षेत्र अन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र वनजन्य खेतीलाई लिइएको छ। कृषिजन्य उत्पादनको लागि उर्भर भूमि रहेको यस गाउँपालिकाको करिब ३२.८ प्रतिशत खेतीयोग्य रहेको छ। भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकृतिको माटो र उत्पादन रहेको छ। खाद्यान्नबालीमा मकै, धान, कोदो, तोरी, फापर रहेको पाइन्छ। त्यसैगरी काउली, बन्दा, मुला, रायो, सिमी, काँक्रा, फर्सी, करेला, आलु, गोलभेडा, भिन्डी, स्कुस लगायतका तरकारी खेती गरिन्छ भने फलफुल पनि उत्पादन हुन्छ। यहाँ अलैंची, अदुवा आदि नगदेबालीहरु उत्पादन हुने गर्दछ। यस गाउँपालिकामा आलु मकै देखि लिएर वेशीमा धान उत्पादन गर्न सकिन्छ।

### २.२.२ पशुपंक्षीपालन

गाउँपालिकामा हरेक घरधुरीमा व्यवसायिक रुपमा नभई आफ्नो उपभोगको लागि पशुपालन गर्ने प्रचलन रहेको छ। विशेष गरी गाई, गोरु ,भैसी, वाखा, लगायत कुखुरा आदि पालन गर्ने गरिएको छ।

पछिल्लो विवरण अनुसार यो गाउँपालिका पशुजन्य उत्पादनमा आत्मनिर्भर देखिएको छ। गाउँपालिकाले विभिन्न वडाहरुमा पशु प्राविधिक तथा टोल टोलमा पशु स्वास्थ्य कार्यकर्ता परिचालन गरि सेवा प्रदान गरिरहेको छ। गाउँपालिका अन्तर्गत विभिन्न कार्यालयहरु संचालन हुने भएकोले गर्दा भौतिक पूर्वाधारहरुको अभाव देखिएको छ।

### २.२.३ उद्योग तथा व्यवसाय

गुराँस गाउँपालिकामा होटल तथा रेष्टुरेण्टहरु साथै सामन्यतया साना मझौला उद्योगहरु रहेको पाइन्छ। त्यस्तै उद्योगमा साना तथा घरेलु एवं कृषिजन्य उद्योग रहेका छन्। विभिन्न समूहद्वारा सञ्चालित साना उद्योगहरुलाई प्रोत्साहन साथै व्यवस्थित बनाउँदै लैजान गाउँपालिकाको सहयोग महत्वपूर्ण रहेको छ।

### २.२.४ पर्यटन

स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत साधन, पर्यटनको प्रचुर संभावना, तथा जडिबुटीको पर्याप्तता गाउँपालिकाको प्रमुख विशेषता हो। पर्यटन प्रवर्द्धनको आधारको रुपमा गुराँसे तथा गुराँस भ्यु टावर आदि पर्यटकीय स्थलहरु रहेका छन्। यहाँ रहेका धार्मिक स्थलहरुमा मुख्य गरी हिन्दु र बौद्ध धर्मसँग सम्बन्धित मन्दिरहरु र गुम्बा रहेका छन्।

### २.२.५ सहकारी तथा वित्तीय क्षेत्र

गाउँपालिकामा प्रभु बैंक रहेको र अन्य सहकारी संस्थाहरू रहेका छन्। दूध खरिद बिक्री, कृषि उत्पादन खरिद बिक्री, बचत तथा ऋण लगानी, बिउ विजन खरिद बिक्री र बहुउद्देश्यीय किसिमका सेवाहरुमा यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाह गरी आर्थिक विकासमा टेवा पुऱ्याएका छन्।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ शिक्षा

हाल यो गाउँपालिकामा ५ वर्ष वा त्यो भन्दा माथी उमेर समूहको साक्षरता दर ७६.४% रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८४.२% छ भने महिला साक्षरता दर ७०.० % रहेको छ र विद्यालय उमेरका बालबालिका विद्यालय बाहिर रहेका संख्या नगन्य मात्रामा छ। भविष्यमा गाउँपालिकामा सेवा करार मार्फत विद्यालय/अस्पतालमा सेवा गर्नु पर्ने योजनाको अवधारणा रहेको छ ।

### २.३.२ स्वास्थ्य

गाउँपालिकामा ८ वटा वडाहरु मध्ये सबैमा स्वास्थ्य चौकी रहेको छ। दुर्गम क्षेत्र भएको हुनाले स्वास्थ्य चौकीहरुमा पनि आवश्यकता अनुसार औषधीहरु नपाइने तथा कर्मचारीहरु नहुने हुनाले खास सेवा पाउन सकेको अवस्था भने छैन। यो गाउँपालिकामा औषधी पसलहरु समेत संचालित रहेका छन् । विरामी हुँदा सबैभन्दा पहिले यो गाउँपालिकाका ७८% घरधुरीहरु स्वास्थ्य संस्थामा जाने गरेको विवरण छ। गाउँपालिकाका कुल घरधुरी मध्ये ४०% घरधुरीको आधा घण्टा पैदल दुरी भित्र स्वास्थ्य संस्था उपलब्ध छ भने ३८% घरधुरीको लागि स्वास्थ्य संस्था पुग्न १ घण्टा हिड्नु पर्ने हुन्छ। त्यस्सै गरी २१% घरधुरी स्वास्थ्य संस्था भन्दा २ घण्टाको पैदल दुरी टाढा रहेका छन् भने १% घरधुरीलाई स्वास्थ्य संस्था पुग्न ३ घण्टा लाग्छ।

### २.३.३ खानेपानी तथा सरसफाई क्षेत्र

राष्ट्रिय जनगणना २०७८ अनुसार, गुराँस गाउँपालिकाको खानेपानीको प्रमुख श्रोत धारा/पाइपको प्रयोग गर्ने घरधुरी ९४ प्रतिशत रहेको छ जसमा ७५.४ प्रतिशतको आफ्नै घरमा पाइपबाट खानेपानी पुगेको देखिन्छ, १८.५ प्रतिशतको घर बाहिर, सार्वजनिक पाइपबाट खानेपानी पुगेको देखिन्छ। यस गाउँपालिकामा खानेपानीको श्रोत - कुवा, खोला, नदी, ढुङ्गेधारा, मुहान पर्याप्त रहेको छ।




बजार क्षेत्र भएको ठाउँमा भने फोहोरमैला अव्यवस्थित रही वातावरणीय प्रदुषण भएको छ। यस गाउँपालिकामा शौचालय सुविधा अनुसार, ३.२ प्रतिशतमा ढलको व्यवस्था रहेको छ, ६६.५ प्रतिशतमा सेप्टिक ट्याङ्कको व्यवस्था रहेको छ भने २९.१ प्रतिशत खाल्डो खनेर, ०.१ प्रतिशत सार्वजनिक शौचालय र १.०४ प्रतिशत शौचालय विहिन रहेका छन् ।



### २.३.४ युवा तथा खेलकुद

राष्ट्रिय जनगणना २०७८ अनुसार गुराँस गाउँपालिकामा १५-६४ वर्ष उमेर समुहको जनसंख्या ७४.८१ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा युवा शक्तिको सहि परिचालन हुन सकेमा गाउँपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ । तर गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा १० वर्ष भन्दा माथि उमेर समुहका जनसंख्या ७३ प्रतिशत कुनै न कुनै समयमा रोजगार रहेको देखिन्छ । यहाँ विशेष गरी भलिबल खेल्ने गरेको पाइन्छ ।

### २.३.५ लैङ्गिक समानता, सामाजिक समावेशीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ५४.२ प्रतिशत रहेको छ । कानुनी रुपमा जती धेरै प्रावधानहरु थपिदै आए त्यति नै धेरै महिला हिंसाका घटनाहरु वढ्दै गएजस्तो देखिएको छ तर वास्तविकता यो भन्दा फरक हो । महिला हिंसाका घटनाहरु पहिले पनि हुन्थे र अहिले पनि हुन्छन् तर फरक यति हो पहिले प्रायजसो घटनाहरु परिवार भित्रै दविन्थे भने अहिले सार्वजानिक हुन थालेका हुन् । सूचना संचार र सामाजिक संजालको व्यापकताले गर्दा कतिपय घटनाहरु स्वयम पिडितले नचाहँदा नचाहँदै पनि बाहिरिन थालेका छन् भने कतिपय अवस्थामा महिलाहरु आफै पिडा व्यक्त गर्न थालेका छन् ।

गाउँपालिकामा बालबालिकाका लागि बाल उद्यान तथा पार्कहरु व्यवस्थापन गरिएका र व्यवसायिक प्रयोजनका लागि खोलिएका छैनन् । यो गाउँपलिका भित्र नीजि विद्यालयहरुले विद्यार्थीलाई खेलाउनको लागि बनाएका ससाना उद्यानहरु मात्र रहेका छन् । यहाँ बाल विवाह प्रशस्तै भएको छ तर यो संख्या कति छ भन्ने स्पष्ट तथ्याङ्क छैन । पछिल्लो समय संचार तथा सामाजिक संजालको बढ्दो विकास क्रमसँगै वाल विवाहले प्रश्रय पाउन थालेको छ । वाल कल्याण समिति तथा महिला तथा वालवालिका विकास कार्यालयहरु क्रियाशिल छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार अपाङ्गता भएका व्यक्तिहरु कुल जनसंख्याको २.५ प्रतिशत रहेको, जसमा पुरुष र महिला क्रमश २.८ प्रतिशत र २.१ प्रतिशत रहेका छन् ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ यातायात, सडक, पुल

राष्ट्रिय राजमार्गको रुपमा रहेको रत्न राजमार्ग हुदै दैलेख जोडने सडक यहाँको मुख्य रणनैतिक सडक रहेको छ । पालिकाका प्रमुख सडकहरु यस प्रकार छन् ।

- कर्णाली राजमार्ग (१५ किमी)
- डुङ्गेश्वोर धरमपोखरा सडक (१५ किमी)
- तल्लो - माथिल्लो डुङ्गेश्वोर (८ किमी)
- गुराँसे पातिकान्ला तल्लो डुङ्गेश्वोर सडक (१७ किमी)
- दोबाटा बेदुगाँउ पातलखोला सडक (१० किमी)
- सियाकोट रतिखोला देवीस्थान पुरेनी सडक (१२ किमी)
- घोडाबास भित्रिखोला सकिन्धारा दोबाटो सडक (१२ किमी)
- रानीमत्ता ठुलोपोखरी भित्रिखोला काफलमेल गोगनपानी (१२ किमी)
- राउतेगल्छिना काफलमेल सडक (१० किमी)
- राउतेगल्छिना वडाकार्यलय ५ बिउराखेत सडक (१५ किमी)
- बुवाइराखे शन्तिबजार सानाकाडा भईरी रानावन बिउराखेत सडक (१५ किमी)
- भ्युचुला बगौरा पुलिया सडक (१८ किमी)
- बगौरा मैनडाँडा मिलनचोक सडक (१० किमी)
- भुजा वडाकार्यालय ७ उगाडा ओखेनी घुम्नेबिसाउ सडक (१५ किमी)
- धानटाकुरी वडा ६ लामाटाडा मार्खे कदमरुख थालिकडा सडक (१० किमी)

### २.४.२ सिंचाई

गुराँस गाउँपालिकाको मुख्य नदी कर्णाली नदीनै रहेको छ र यसमा मिसिन आउने अन्य सहायक खोला-नालाहरु सिंचाईको प्रमुख श्रोतको रुपमा रहेका छन् । यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा कुल भू-भाग मध्ये खेतीयोग्य जमिन ३२.४ वर्ग कि.मि. रहेको छ ।

### २.४.३ भवन तथा ग्रामीण विकास




गुराँस गाउँपालिकाको अधिकांश क्षेत्रका बस्तीहरू आवश्यकता अनुसार विस्तार भएका छन् । योजनाबद्ध रूपमा विकास नभई स्थानीय अवस्था र बजारीकरण हुँदै गएको अधिकांश घरहरु कच्ची संरचनाका छन् । भौगोलिक विकटताका कारण भवन तथा ग्रामीण विकासको क्षेत्रमा धेरै प्रगति हुन सकेको छैन । राष्ट्रिय जनगणना २०७८ अनुसार माटाका जोडाई भएका ईटा वा ढुङ्गाको घरको प्रतिशत ९५.७ रहेका छन् भने २.६ प्रतिशत सिमेन्ट जोडाई भएका भवनहरु निर्माण रहेका भएका छन् । गाउँपालिकामा हालसम्म भू-उपयोग योजना निर्माण नभएकोले भू-उपयोग योजना अनुसार र एकीकृत ग्रामीण विकास एवं व्यवस्थित बस्ती विकासका लागि निश्चित क्षेत्र समेत निर्धारण हुन सकेको छैन ।

### २.४.४ विद्युत तथा वैकल्पिक ऊर्जा




गाउँपालिकाको पूर्वाधार विकास र उद्यम विस्तारमा विद्युत तथा वैकल्पिक ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ । वायु ऊर्जा, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली आपूर्तिद्वारा उद्योग व्यापार तथा व्यवसाय प्रवर्द्धन हुनुका साथै दैनिक जनजीवनलाई पनि सहज बनाउन सकिन्छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण र वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा बत्तीको लागि बिजुली प्रयोग गर्ने परिवार २३.९ प्रतिशत, र बत्तीको लागि सौर्य ऊर्जा प्रयोग गर्ने परिवार ७३.५ प्रतिशत रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपलिकामा खाना पकाउन विद्युत प्रयोग गर्ने अत्यन्त न्यून रहेको र काठ दाउरा प्रयोग गर्ने ९१.४ प्रतिशत, ग्याසँ प्रयोग गर्ने ७.८ प्रतिशत रहेको छ । सुधारिएको चुलो वितरण गर्नुका साथै गोबर ग्याँस पनि प्रयोगमा ल्याएको छ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले पेट्रोलियम पदार्थको प्रयोग न्यूनीकरण भई वातावरणीय योगदानको साथै आयात प्रतिस्थापन गर्नमा मद्दत पुग्दछ ।




### २.४.५ सूचना तथा सञ्चार प्रविधि

राष्ट्रिय जनगणना २०७८ अनुसार गुराँस गाउँपालिकामा मोबाइलकर्ता ९५ प्रतिशत रहेकोमा प्रायले, ७४.८ प्रतिशतले स्मार्ट मोबाइल प्रयोग गरेको पाइएको छ । सबै वडामा इन्टरनेटको पहुँच पुगेता पनि यहाँका सेवाहरुलाई पुर्ण रुपमा कम्प्युटरकृत गर्न अझ बाँकी छ। यहाँ सबै स्वास्थ्य संस्था, विद्यालय, सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा भने गुणस्तरीय सूचना प्रविधिको पहुँच पुग्न आवश्यक रहेको छ। मोबाइल फोन सबैको हातहातमा रहेकाले प्रयोगकर्तालाई श्रव्य, दृश्य, सूचना, गीतसंगीत, समाचारको पहुँच छ त्यसैले पछिल्लो समयमा इन्टरनेट तथा मोबाइल फोन प्रयोगकर्ताको संख्या अझ बढ्दै गएको देखिन्छ।

## २.५ वन, वातावरण तथा विपद व्यवस्थापन अवस्था

### २.५.१ वन तथा जैविक विविधता

गुराँस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा प्राकृतिक सम्पदाको हिसाबले ९०.४ वर्ग किमि बुट्यान तथा झाडीले, ११.४५ वर्ग किमि बाझो जमिनले, ३२.८ वर्ग किमि खेतीयोग्य जमिनले, १.९७ वर्ग किमि बालुवा र बगर क्षेत्रले, ४.१३ वर्ग किमि जलक्षेत्रले भू-भाग ओगटेको देखिन्छ । भौगोलिक बनोटका कारण गाउँपालिकाको ठूलो क्षेत्र बाझो जमिन रहेको छ। बुट्यान तथा झाडीमा यहाँ पर्यटकीय क्षेत्रमा विश्व परिचित कोणधारी वनजंगल, दूर्लभ वन्यजन्तुहरु, मूल्यवान जडीबुटीहरु यहाँ पाइन्छ । यी जडीबुटीहरुको संरक्षण, संकलन, भण्डारण र प्रशोधन तथा वन्यजन्तुहरुको सुरक्षा र संरक्षणका लागि गुरुयोजना निर्माण गर्न आवश्यक छ।

हाल यो गाउँपालिकामा प्रमुख रुपमा १३ प्रजातीका जडिवुटीहरु रहेका छन् । जडीवुटिहरु प्रशस्त पाइने हुनाले यसको व्यवसायिकतामा जोड दिन सके प्रशस्त आम्दानी हाँसिल गर्न सकिने अवस्था छ। वनस्पतीहरुमा चिलाउने, साल, सल्ला, गुराँस, काउलो, सिमल, जामुन, कटुस, पिपल, काफल, बाँस, आदि र जडिवुटीहरुमा मजितो, वनमारा, तेजपात, तितेपाती, पाखन्वेद, हर्रो, बोझो, असुरो, चिराइतो रहेका छन्।

### २.५.२ भूमि तथा जलाधार संरक्षण

जलक्षेत्रले ४.१३ वर्ग किलोमिटर भू-भाग ओगटेको यस गाउँपालिकामा जल सम्पदाको प्रशस्त श्रोतहरु रहेका छन् । अतिरिक्त अन्य खोलाहरु पनि प्रशस्त रहेका छन् । यस गाउँपालिकामा खोला तथा नदीहरु, प्राकृतिक ताल र पोखरी रहेका छन्। जसको समुचित उपयोग गर्न सके सिंचाई र विद्यूतका लागि उपयोग गर्न सकिने देखिन्छ। तसर्थ महत्वपूर्ण जलाधार क्षेत्रको संरक्षण गरी खानेपानी तथा सिंचाईमा दिगो उपयोग गर्दै गाउँपालिकाको विकासलाई अगाडी बढाउन आवश्यक छ।

### २.५.३ वातावरण तथा स्वच्छता

गुराँस गाउँपालिकाको हकमा घरेलु रुपमा सरसफाई र फोहरमैलाको व्यवस्थापन हुने गरेको भएतापनि पूर्ण रुपमा व्यवस्थापन र वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था भने हुन सकेको छैन । यस

गाउँपालिकामा फोहोरमैला अव्यवस्थित रही वातावरणीय प्रदुषण भएको छ । यस गाउँपालिकामा शौचालय सुविधा अनुसार, ३.२ प्रतिशतमा ढलको व्यवस्था रहेको छ, ६६.५ प्रतिशतमा सेप्टिक ट्याङ्कको व्यवस्था रहेको छ भने २९.१ प्रतिशत खाल्डो खनेर, ०.१ प्रतिशत सार्वजनिक शौचालय र १.०४ प्रतिशत शौचालय विहिन रहेका छन् ॥

### २.५.४ महामारी तथा विपद व्यवस्थापन

गाउँपालिकालाई प्रकोपहरुको नक्शांकन गरि योजना तर्जुमा गर्न सहज बनाउनका लागि यहाँको मुख्य बाढी, पहिरो, आगालागी जस्ता विषयहरुमा प्रकोप सम्बन्धी विवरण संकलन भएको छ । यो गाउँपालिकाका कुल घरधुरी मध्ये ३३% घरधुरीमा प्राकृतिक प्रकोपको संभावना रहेको छ जसमध्ये १६% घरधुरी पहिरोको जोखीममा छन् भने ४% घरधुरी बाढीको जोखीममा रहेका छन् । त्यसै गरी १२% घरधुरी आगलागीको जोखिममा रहेका छन् र अन्य विभिन्न खालका प्रकोपहरुको जोखिममा रहेका घरधुरीहरु १% को संख्यामा रहेका छन् ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ सुशासन, क्षमता विकास तथा सेवा प्रवाह

यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, सभा, न्यायिक समिति र वडासमितिहरु आफ्नो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन् । विभिन्न विषयगत शाखा जस्तै शिक्षा, युवा तथा खेलखुद शाखा, स्वास्थ्य शाखा, कृषि शाखा, पशु सेवा शाखा, आर्युवेद शाखाहरु मार्फत गाउँवासीहरुलाई सेवा सुविधा उपलब्ध गरिरहेको छ । हाल सम्म गाउँपालिकामा सहकारी ऐन, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विनियोजन ऐन, आर्थिक ऐन, शिक्षा ऐन गरी विभिन्न ऐन लगायत विभिन्न कार्यविधि, निर्देशिका, नियामावली र विधेयकहरु बनेका छन् ।
योजना तर्जुमा सम्बद्ध समितिहरु गठन भई कार्यरत छन् । यसैगरी स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोवार सञ्चालन भएको, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, गाउँपालिका र वडाहरुमा नागरिक वडापत्र प्रकाशित भएका, स्थानीय कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरेको, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण आरम्भ भएका छन् ।

### २.६.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन

प्रभावकारी आन्तरिक लेखा परीक्षणबाट राज्य कोषको दुरुपयोग रोकिएको तथा मितव्ययी लेखा परीक्षण नियमित रुपमा सञ्चालन भइरहेको अवस्था छ । हरेक चौमासिकमा आन्तरिक लेखा परीक्षण भइरहेको र लेखा परीक्षणका क्रममा भौचर, बैंक, नगदी किताब, बैंक स्टेटमेन्ट, बिल भरपाई सम्पूर्ण उपलब्ध भएको अवस्था छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शी र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्न, खरिद प्रक्रियालाई नियम संगत ढंगले पारदर्शी बनाउन र लेखा सुशासन सँगसँगै वित्तीय सुशासन कायम गरी आर्थिक समृद्धिको बाटो तर्फ लैजान जरुरी छ । राजश्व संकलन तथा परिचालन प्रणालीको सुदृढिकरण, वित्तीय सुशासन, आय र व्ययको अनुमान, नियमित र प्रभावकारी लेखा परीक्षण र वित्तीय कारोवारलाई वैंकिङ प्रणाली मार्फत संस्थागत संरचना पुनर्निर्माण गर्न आवश्यक छ । गुराँस गाउँपालिकामा होटल व्यवसाय तथा उद्योग, कृषि तथा फर्म, घर तथा जग्गा कर आदि मुख्य राजश्व आम्दानी हुन् ।

# परिच्छेद ३ : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण

## ३.१ दीर्घकालीन सोच

गुराँस गाउँपालिकाको विकास प्रारुपले नेपाल सरकारको **"समृद्ध नेपाल सुखी नेपाली"** तथा कर्णाली प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को दीर्घकालीन सोंचलाई दृष्टिगत गर्दै गुराँस गाउँपालिकाले दीर्घकालीन सोंचलाई पुर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तरवस्तुको सम्बोधन हुन सक्छ । अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोंच तथा संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यलाई सम्बोधन गर्ने गरी गाउँपालिकाले आफ्नो सोंच निर्धारण गर्नु पर्ने हुन्छ। गुराँस गाउँपालिकाले दीर्घकालीन सोंचको निर्माण गर्नका लागि कार्यपालिका तथा विषयगत शाखाहरुको सहभागितामा सम्पन्न आवधिक विकास योजना तर्जुमा कार्यशालाले गुराँस गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र रणनीति निम्न अनुसार निर्धारण गरेको छ ।

**"सुख, समृद्धीका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"**

## ३.२ समष्टिगत लक्ष्य

गुराँसबासीको जीवनस्तरमा दीगो र गुणात्मक सुधार गर्ने ।

## ३.३ समष्टिगत उद्देश्य

गुराँस गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय बमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

१. सेवा, उत्पादन, रोजगारी, आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु,

२. स्वस्थ, शिक्षित र दक्ष मानव स्रोतको विकास र सामाजिक न्यायको प्रवर्द्धन गर्नु,

३. बसोबास, सेवा सुबिधा र अन्तर-आवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु,

४. जैविक विविधता तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलतामा अभिवृद्धि गर्नु,

५. सेवा प्रवाह र विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक र जवाफदेही बनाउनु ।

## ३.४ समष्टिगत रणनीति

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन आवधिक विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गर्नेछ ।

गुराँस गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोंच, आवधिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

१. कर्णालीको प्रकृति र संस्कृतिमा आधारित पर्यटन पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र स्तरोन्नति गर्ने,

२. कृषि, पशु र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने,

३. प्रारम्भिक बाल विकास, गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ खानेपानी तथा सरसफाइ सुविधा, सामाजिक संरक्षणमा सहज पहुँच र उपभोग सुनिश्चित गर्ने,

४. दिगो तथा उत्थानशील यातायात र बजार, सुरक्षित आवास, स्वच्छ ऊर्जा र सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,

५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, हरित, उत्थानशील र दिगो बनाउने,

६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यमा अभिवृद्धि गर्ने ।

| पालिकाको गौरवको योजना | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | **गुराँस कृषि विकास तथा अनुसन्धान केन्द्र, घोडाबास** कर्णाली प्रदेशको सबैभन्दा ठुलो आलु बिउ उत्पादन हुने | कृषि | २०० | ५० | ५० | ४० | ३० | ३० | संघ/प्रदेश/स्थानीय तह |
| २ | **गुराँस जुस तथा वाईन उद्योग** ऐंसेलु, गुराँस, चुथ्रो, आरुबखडा, घ्याली, आरु, काफल, ब्लुबेरी लगायतका स्थानिय श्रोतबाट वाईन उद्योग सञ्चालन | उधम विकास | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय तह |
| ३ | असला माछा प्रर्बद्धन केन्द्र | उधम विकास | ५० | १० | १० | १० | १० | १० | स्थानीय तह |
| ४ | **गोगनपानी पानी उद्योग** मुलबाट निस्केको पानीको श्रोत | उद्योग | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय तह |
| ५ | **गुराँस गापाको ISP सञ्चालन** पालिकामा सुपथ मुल्यमा ईन्टरनेट सेवा प्रदान गरिने | सूचना तथा सञ्चार प्रविधि | ३०० | १०० | ५० | ५० | ५० | ५० | संघ/प्रदेश/स्थानीय तह |
| ६ | **गुराँस IT पार्क** गुराँसे ४ मा IT पार्क निर्माण गरिने | सूचना तथा सञ्चार प्रविधि | ३०० | १०० | ५० | ५० | ५० | ५० | संघ/प्रदेश/स्थानीय तह |
| ७ | **औद्योगिक ग्राम निर्माण** सालतडा वडा ४ मा | उद्योग | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/प्रदेश/स्थानीय तह |
| ८ | **गुराँस बहुमुखी प्राविधिक सिप विकास केन्द्र** टेक्निकल महाविद्यालय | शिक्षा | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय तह |
| ९ | **गुराँस संग्राहलय** सांस्कृतिक संग्राहलय | कला, भाषा, संस्कृति र सम्पदा | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय तह |

|  |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | **गुराँस गौरब मार्ग** पातखोला - पातेकाउला - घोडाबास - गोगनपानी - बगौरा - धरमपोखरा | पूर्वाधार | १,००० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय तह |
| ११ | **कर्णाली र्याफ्टिङ** तल्लो डुङ्गेश्वोर वडा २ देखी मैनिखोला दोभान वडा १ सम्म | पर्यटन | ३५ | ७ | ७ | ७ | ७ | ७ | स्थानीय तह |
| १२ | पालिका स्तरमा ल्याण्डफिल्डसाईट निर्माण आयोजना | वातावरण | १०० | २० | २० | २० | २० | २० | प्रदेश/स्थानीय तह |
| **जम्मा** |  |  | **२४३५** | **३९७** | **२९७** | **२८७** | **२७७** | **२७७** |  |

## ३.५ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | इकाई | आधार बर्ष २०८० / ८१ सम्मको | लक्ष्य परिमाण |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | औषत आयु (जन्म हुँदाको) | वर्ष | **७१** | ७१ | ७१ | ७३ | ७४ | ७५ |
| २. | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | - | ९० | ९५ | ९७ | ९८ | ९९ |
| ३. | खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर (धान, मकै, गहुँको कूल | प्रतिशत | **१०** | १२ | १४ | १६ | १८ | २० |
| ४. | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध मासुको कूल) | प्रतिशत | २० | २२ | २४ | २६ | २८ | ३० |
| ५. | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | २०० | ३०० | ४०० | ५०० | ६०० | ७०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | **३:१** | २.५:१ | २.५:१ | २:१ | २:१ | १:१ |
| ७. | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | २२ | २२ | २३ | २४ | २५ | २६ |
| ८. | आधारभूत तहमा खूद भर्नादर (औषतमा) | प्रतिशत | **१००** | १०० | १०० | १०० | १०० | १०० |
| ९. | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ७० | ७२ | ७४ | ७६ | ७८ | ८० |
| १०. | उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० |
| ११. | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | **३५** | ३५ | ३५ | ४० | ४० | ४५ |
| १२. | लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | २० | २० | २० | २० | २० | २० |
| १३. | उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २० | २५ | २८ | ३० | ३२ | ३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४. | दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | **९०** | ९० | ९२ | ९४ | ९४ | ९५ |
| १५. | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | संख्या | ६० | ६५ | ७० | ७५ | ८० | ८५ |
| १६. | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | १० | २० | ३० | ४० | ५० | ६० |
| १७. | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | **८०** | ८५ | ९० | ९५ | १०० | १०० |
| १८. | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० |
| १९. | संरक्षित तथा व्यवस्थित वन क्षेत्र (कूल वन क्षेत्रको) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ |
| २०. | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | **२०** | ३० | ४० | ५० | ६० | ७० |
| २१. | भू—क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ४० | ३५ | ३० | २५ | २० | १५ |
| २२. | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | १२ | १५ | २० | २५ | ३० | ३५ |
| २३. | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुनहरु | संख्या | **३०** | ३५ | ४० | ४५ | ५० | ५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४. | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | ८० | ९० | १०० | ११० | १२० | १३० |
| २५. | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६३ | ७० | ८० | ९० | ९९ | ९९ |
| २६. | नतिजामूलक अनुगमन मूल्याङ्कन भएका  योजना | संख्या | ३० | ४० | ५० | ६० | ७० | ८० |

# परिच्छेद ४: आर्थिक विकास

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ । आर्थिक विकासको माध्यमबाट नै पालिकावासीले आफ्नो जीवनस्तर सुधार गर्न सक्दछन् । स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाउँपालिकाले गाउँवासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ । स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरूलाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सवल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाउँपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका क्रियाकलापहरुको सञ्चालन हुन अपरिहार्य देखिन्छ ।

## ४.१ कृषि

**पृष्ठभूमि**

संविधानले भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने; कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कृषि सम्बन्धी नीति निर्धारण गरेको छ । यसका लागि कृषिबालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण र प्रवर्द्धनमा गुराँस गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

**समस्या**

आधुनिक कृषि औजार उपकरणहरुको पहुंच हुन नसक्नु, तरकारी फलफुल तथा आलु संकलन केन्द्र , सित भण्डारण केन्द्र र बजारको अभाव हुनु, वातावरण अनूकल उन्नत बीउबिजन सहज रुपमा उपलब्ध नहुनु, सरकारले दिने सेवा, सुविधा र अनुदानमा कृषकको पहुँच र सहजिकरणमा कमी, किटनाशक औषधी तथा मलमा सहज पहुँच र प्रयोग विधिमा कृषकहरुमा आवश्यक ज्ञानको कमी, कृषिजन्य खाद्यान्न उत्पादनमा रोग र किराहरुको आक्रमण, कृषि व्यवसायिकरणको सर्वसाधारणमा कम चेतना रहनु, कृषि उत्पादनको उचित मुल्य नहुनु, करिव ९०% खेति योग्य जमिनमा सिचाई नपुगेको, रैथाने बालिको संरक्षण तथा प्रवर्धन हुन नसक्नु यस क्षेत्रका मुख्य समस्याहरु हुन् ।

**चुनौती**

कृषि नै यस गाउँपालिकाको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण गर्नु, न्यून उत्पादकत्व एवं व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रवाट अपेक्षित उपलब्धि गर्नु, तरकारि फलफुल तथा आलु संकलन तथा सित भण्डार केन्द्र स्थापना र सहज हाटबजारको पहुच, जल वायु परिवर्तनले बालीनालीमा पारेको असरलाई न्यूनीकरण गर्नु, कृषि क्षेत्रको आधुनिकीकरणका लागि आवश्यक दक्ष मानव संसाधनको पूर्ति गर्नु, कृषि क्षेत्रमा पुँजीगत लगानी र लगानीकर्ताको आकर्षण बढाउनु, कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्यांकन गरी राहतको व्यवस्था गर्नु लगायत चुनौती रहेको छ ।

**अवसर**

खेति योग्य जमिन करिव ५५८० हेक्टर भएको, नगदे बालीबाट छिटो लाभ लिन सकिने, व्यावसायिक मौसमि तथा वेमौसमी तरकारी खेतिको अभ्यास क्रमिक रुपमा बढ्दै जानु, प्राङ्गारिक मलप्रति चासो बढ्दै जानु, प्रदेशले कृषि उत्पादनलाई पर्यटनसँग जोड्न प्रोत्साहन गर्नु, जडीबुटी उत्पादनका लागि भौगोलिक विविधता हुनु, व्यावसायिक किसानहरु करिव जम्मा घरधुरीको ७५% रहेको, तरकारी तथा फलफुल उत्पादन सुर्खेत तथा नेपालगंज जस्ता सहरमा निर्यात हुने गरेको, आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

**सोच**

आधुनिक, व्यवसायिक र वातावरण मैत्री दिगो कृषि, कृषि अर्थतन्त्रको समृद्धि ।

**लक्ष्य**

कृषि उत्पादनको विकास गरी कुल गार्हस्थ उत्पादनमा कुषि क्षेत्रको योगदान ७५ प्रतिशत रहने ।

**उद्देश्य**

१. कृषि प्रणालीलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक प्रणालीमा रूपान्तरण गरी आर्थिक समृद्धि हाँसिल गर्नु ।

२. कृषिजन्य उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई आधुनिक आत्मनिर्भर, व्यवसायिक तथा रोजगारोन्मुख बनाउँदै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।

३. रैथाने बालीहरुको वीउ संरक्षण गरी रैथाने बाली प्रवर्द्धन तथा उत्पादन बृद्धि गर्नु ।

४. बाझो जग्गाको पहिचान गरी बाझो जग्गामा कृषि उत्पादनमा बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि पेशालाई बैज्ञानिक ढंगबाट व्यवस्थापन गरी व्यवसायिकरण, यान्त्रिकीकरण र बजारीकरण गरी गुराँस गाउँपालिकालाई आत्मनिर्भर बनाउने । | क) उन्नत बिउ बिजन तथा मल विषादी सहित कृषि भण्डार स्थापना गरिनेछ । |
| | ख) सम्भाव्यताका आधारमा हरेक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ । |
| | ग) आलु खेतीको क्षेत्र विस्तार तथा उत्पादनमा बृद्धि गरी गाउँपालिकालाइ आलुमा आत्म निर्भर बनाइने छ । |
| | घ) ) व्यवसायिक च्याउ खेती विकास गरिनेछ । |
| | ङ) एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | च) एक घर १५ फलफुल बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | छ)प्लास्टिक टनेल हाम्रो तरकारी तपाईहरुको कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ज) खाद्यान्न बाली (धान गहु मकै) को उत्पादनमा जोड दिइने छ । |
| | झ) कृषि यान्त्रिकरणमा कृषकहरुको पहुच बढाउन कृषि यन्त्र उपकरणमा अनुदानको व्यावस्था गरीने छ । |
| २. कृषिजन्य उत्पादनको सुरक्षा तथा वजारलाई सुनिश्चित गर्ने । | क) कृषि बिमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ख) आवश्यकता अनुसार कम्तिमा पनि ३ वटा कृषि उपज संकलन केन्द तथा हाट बजारको व्यवस्था गरिनेछ । |
| | ग)कृषि उपजको भण्डारणका लागी शित भण्डारको स्थापना गरीने छ । |
| | घ) आकस्मिक बाली संरक्षण सेवा तथा बाली उपचार शिविर सुचारु गरिनेछ । |
| | ङ) कृषि उत्पादन वृद्धि गर्न कृषकहरुमा प्राविधिक सेवा तथा तालिम व्यवस्था गरिनेछ । |
| | च) व्यवसायिक तरकारी खेती गर्नलाई अनुदानको व्यवस्था गरिनेछ । |
| | छ) कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ज) माटो सुधारका लागि माटो परीक्षण मिनिल्याबको स्थापना तथा माटो उपचारका लागि आवश्यक अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| ३. रैथाने वालिहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने । | १) रैथाने बालीहरुको बीउ संकलन गरी वीउ बैङ्कको स्थापना गरीने छ । |
| | २) रैथाने बालीको उत्पादनमा विषेश अनुदानको व्यावस्था गरिने छ । |
| | ३) उत्पादित रैथाने बाली बस्तुको उचित मुल्य तथा बजारीकरणको व्यवस्था गरीने छ । |
| ४. बाँझो जग्गाको प्रयोग तथा कृषि उत्पादन प्रवर्द्धन गर्ने । | १) गाँउपालिका भित्र रहेका बाझो जग्गाहरुको पहिचान गरिने छ । |
| | २) बाँझो जग्गामा कृषि उत्पादनमा विषेश अनुदानको व्यवस्था गरीने छ । |

**अपेक्षित उपलब्धि**

१. व्यवसायिक रुपमा कृषि उत्पादन ५० प्रतिशतले बृद्धि हुनेछ ।

२. सम्भाव्यताका आधारमा हरेक वडामा कृषि पकेट स्थापना हुनेछ ।

३. उत्पादीत कृषि बस्तुको बजारीकरणका लागी कृषि उपज संकलन केन्द्र तथा शित भण्डारको स्थापना हुनेछ ।

४. उत्पादित कृषि बस्तुको उचित मुल्यका लागी पालिका स्तरीय समर्थन मुल्य तोकिने छ ।

५. रैथाने बालीहरुको उत्पादनमा बृद्धि हुनेछ ।

६. प्रत्येक घरमा फलफुलका विरुवा रोपण भई फलफुल उत्पादनमा बृद्धि भएको हुनेछ ।

७. खाद्यान्न बालीको उत्पादनमा तेब्बर दरमा बृद्धि हुनेछ ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | कृषि उपज संकलन केन्द्र निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| २ | मौसमी र बेमौसमी तरकारी उत्पादन गर्ने मल र बिउ | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ३ | व्यावसायिक फलफुल खेति | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ४ | व्यावसायिक पशुपंक्षी फर्म संचालन गर्ने | १० | | ५ | ५ | | | संघ/स्थानीय |
| ५ | बोटबिरुवा उत्पादन नर्सरी केन्द्र, सेरिबारा | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ६ | लसुन तथा प्याज पकेट क्षेत्र वडा नं. २ | २५ | १० | १० | ५ | | | प्रदेश/स्थानीय |
| ७ | कोल्डस्टोर वडाकार्यालय पुरेनिमा | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ८ | रैथाने बाली खेति प्रबर्धन | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ९ | प्लास्टिक घर तथा हाइटेक निर्माण | ५० | १० | १० | १० | १० | १० | स्थानीय |
| १० | सुन्तला पकेट क्षेत्र निर्माण, आलु क्षेत्रलाई ब्लकमा रुपान्तरण | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ११ | शीत भण्डार भवन निर्माण | १०० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय |
| १२ | डाले घाँस नर्सरी स्थापना | ५० | | | | ५० | ५० | संघ/ प्रदेश/स्थानीय |
| १३ | प्राकृतिक प्रजनन श्रोत केन्द्र स्थापना | २०० | | १०० | १०० | | | संघ/ प्रदेश/स्थानीय |
| १४ | भिउचुलामा आलु चिप्स उधोग निर्माण | १०० | | १० | ५० | २० | २० | स्थानीय |
| | | **७२०** | **६७** | **१८२** | **२१७** | **१२७** | **१२७** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइँको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवारको वृद्धि भएको हुने | वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २१.५ | ३५ | ४५ | ६० | ६५ | ७० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| असर | तरकारी वार्षिक उत्पादन वृद्धि भएको हुने | तरकारी वार्षिक उत्पादन | मे.टन | ३९२८.३ | ५००० | ६००० | ७५०० | ८५०० | १०००० | " | | ४ | २ |
| | फलफुल वार्षिक उत्पादन वृद्धि भएको हुने | फलफुल वार्षिक उत्पादन | मे.टन | ९५३.७३ | १००० | २००० | ३००० | ४००० | ५००० | " | | ४ | २ |
| प्रतिफल | व्यवसायिक कृषि फार्म बढेको हुने | कृषि फार्म | संख्या | २१२ | २५० | २७० | २९० | ३१० | ३३० | " | कृषकहरु व्यवसायिक खेती तथा पशुपन्छी पालन प्रति प्रोत्साहित भएको हुने | ४ | २ |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान बढेको हुने | लाभन्वित किसान | घरधुरी | ५०० | ५५० | ६५० | ८०० | १००० | १२०० | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालनमा रहेको कृषि बजार, हाटबजार तथा कृषि थोकबजार वृद्धि भएको हुने | बजार | संख्या | – | ३ | ४ | ५ | ६ | ७ | " | | ४ | २ |
| | कृषि उपजहरु बिक्रीका लागि नजिकको बजार क्षेत्रमा पुग्न लाग्ने समयावधि घटेको हुने | समयावधि | घण्टा | १ | १ | ०.७५ | ०.७५ | ०.५ | ०.५ | " | कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने | ४ | २ |
| | कृषि वीमा सेवाबाट लाभान्वित कृषक बढेको हुने | लाभान्वित कृषक | संख्या | ० | २०% | ४०% | ६०% | ८०% | १००% | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ |
| | कृषि पेशामा संलग्न जनसंख्या बढेको हुने | जनसंख्या | प्रतिशत | ८० | ८० | ८० | ८५ | ८५ | ९० | " | | ४ | २ |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक बढेको हुने | कृषक | संख्या | ३० | ३५ | ३५ | ४० | ४५ | ५० | " | जलवायु परिवर्तनको न्यून असर भएको हुने | ४ | २ |
| | कृषि सहकारी संस्था बढेको हुने | कृषि सहकारी संस्था | संख्या | १९ | १९ | २० | २२ | २२ | २५ | " | | ४ | २ |
| | किसान परिचयपत्रबाट लाभान्वित कृषकहरु बढेको हुने | लाभान्वित कृषक | प्रतिशत | – | ५० | ६० | ७० | ८० | १०० | " | | ४ | २ |

## ४.२ पशुपंक्षीपालन

### पृष्ठभूमि

नेपालमा कुल कृषि ग्राहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपंक्षी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ। मूलतः निर्वाहमुखी पशुपंक्षीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन। साथै वित्तीय पहुँच सर्वसुलभ नहुनु, बजार पूर्वाधारको विकास नहुनु, मूल्य श्रृंखलामा कार्यगत समन्वय हुन नसक्नु जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन्। आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको बृद्धि र प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु आवश्यक छ।

### समस्या

विशेष गरी हिउँद मंसिर, पुस र माघ महिनामा चरन क्षेत्रको अभाव, असार, साउन र भदौमा घाँसको कमी हुनु, घाँस उब्जाउ गर्न सिंचाईको समस्या, सरकारले घाँस ढुवानीमा सहुलित प्रदान नगर्नु, व्यवस्थित घाँस संकलन केन्द्रहरुको विकास नहुनु यस गाउँपालिकाको समस्याको रूपमा रहेको छ। पशु चरन क्षेत्रहरुमा सुधारिएको गोठ, टिनको छाना, घेराबार साथै अन्य पूर्वाधार जस्तै डिपिङ ट्याङ्क आदि नहुनु, पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपालन सम्बन्धी क्षतिपूर्ति विमा प्रक्रिया पुऱ्याउन सहज नहुनु, पशुपंक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अुनसन्धान र प्रसार बीच समन्वयको कमी, बजारीकरण र पशुपंक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको कमी, पशुपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यवसायीकरण नहुनु आदि प्रमख समस्या हुन्।

### चुनौति

पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपंक्षीपालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सदृढीकरण गर्न, परम्परागत पशुपंक्षीपालन ज्ञानको पुर्नखोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्न, पशुपंक्षीमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन्।

### अवसर

मासुजन्य र दुग्ध उत्पादनको बढ्दो माग हुनु, पशुपालनका पकेट क्षेत्रको बलियो आधार हुनु, आन्तरिक तथा बाह्य बजारमा निर्यातको संभावना हुनु, बढ्दो सडक संजाल, ज्ञान, सीप, पुँजी र उन्नत प्रविधिसहित युवा पशुपंक्षीपालन क्षेत्रमा आकर्षित हुनु, उपयुक्त पशुपंक्षीपालन व्यवसायमा प्रविधिको प्रयोग बढ्दै जानु तथा हरेक व्यवसायलाई व्यवसायिक ढङ्गले काम गर्ने संस्कार विकास हुँदै जानु आदि प्रमुख अवसर हुन्।

### सोच

"स्वस्थ पशुपंक्षी तथा स्वच्छ पशुपंक्षीजन्य उत्पादनमा वृद्धि, गाउँपालिकाको समद्धि "

### लक्ष्य

दिगो, वातावरण मैत्री तथा औद्योगीकरण सहितको व्यवसायीक पशुपंक्षी विकास तर्फ उन्मुख गर्ने।

### उद्देश्य

१. पशुपंक्षी तथा मत्स्य व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

२. पशुपंक्षी तथा पालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

३.रैथाने पशुपंक्षी तथा माछाका जातलाई संरक्षण गरि जैविक उत्पादन बढाउनु ।

४. पशुपंक्षी तथा मत्स्यको उत्पादन तथा उत्पादकत्व बढाउनु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १) पशुपंक्षीजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आत्मनिर्भर बनाउन प्रविधि, प्राविधिक तथा वित्तीय सेवा उपलब्ध गराउने । | क) पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ । |
| | ख) एक वडा एक पशुपंक्षी पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिईनेछ । |
| | ग) पशुपंक्षीजन्य वस्तुको बजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । |
| | घ) दाना उत्पादन उद्योग स्थापना गर्नलाई कृषकलाई अनुदानको व्यवस्था गरिनेछ । |
| | ङ)कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या बृद्धि गरिनेछ । |
| | १.१.६ पशु बिमा कार्यक्रम सञ्चालन गरिनेछ । |
| २)पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्दै उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | २.१.१ पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ । |
| | २.१.२ पशुपंक्षिको स्वास्थ्य परीक्षणको लागि भेटेरिनरी क्लिनीक निर्माण गरिनेछ । |
| | २.१.३ व्यवसायिक पशुपालन (गाई, भैसी,बाखा,बगुंर, कुखुरा) गर्नका लागि आवश्यक पूर्वाधार (फर्म) निर्माण गरिनेछ । |
| | २.१.४ पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गरिनेछ । |
| | २.१.५ पशुजन्य उत्पादन ( दुध,मासु,अण्डा,ऊन,छाला आदिमा अनुदान रकमको व्यवस्था गरिनेछ । |
| | २.१.६ स्थानीय भेडा तथा भैंसी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३) रैथाने पशुपंक्षी तथा माछाका जातहरुको संरक्षण गर्दै उत्पादन बढाइ आम्दानी बढाउने । | ३.१ रैथाने पशुपंक्षी तथा माछाका जातहरुको पहिचान गरि लगत तयार पारिने छ । |
| | ३.२ रैथाने पशुपंक्षी तथा माछा पालन गर्ने किसानहरु लाइ विषेश अनुदानको व्यवस्था गरिने छ । |
| | ३.३ रैथाने पशुपंक्षी तथा माछाको बजारिकरणको व्यवस्था गरिने छ । |
| | ३.४ रैथाने पशुपंक्षी तथा माछाको उत्पादन क्षेत्र तोकि उत्पादन कार्यमा संलग्न किसानहरुको लागि विषेश सुविधाको व्यवस्था गरिने छ । |
| ४ पशुपंक्षीको पोषणमा सुधार गरि उत्पादन बढाउने । | ४.१ पशुपंक्षीको पोषण सुधारको लागि आवश्यक नीतिगत व्यवस्था गरिने छ । |
| | ४.२ स्थानिय स्तरमा रहेका उच्च पोषण प्रोफाइल भएका घाँसको संरक्षण तथा प्रयोगमा उत्साहित गरि न्युन पोषण प्रोफाइल भएका घाँसको प्रयोगलाइ निरुत्साहित गरिने छ । |

| | |
|---|---|
| | ४.३ सुत्केरी पशु पोषण कार्यक्रम संचालन गरिने छ। |
| | ४.४ किसानहरुलाई उन्नत घाँसको बिउ तथा वेर्ना वितरण गरिने छ। |
| | ४.५ सार्वजनिक चरण क्षेत्रमा उन्नत जातका घाँसहरु रोपि संरक्षण तथा दिगो उपयोगको लागि नीतिगत व्यस्था गरिने छ। |

**अपेक्षित उपलब्धि**

१. एक वडा एक पशुपंक्षी पकेट क्षेत्र विकास भई गरी उत्पादनमा वृद्धि भएको हुने छ।

२. व्यवसायिक पशुपालन (गाई, भैसी,बाखा,बगुंर, कुखुरा) गर्नका लागि आवश्यक पूर्वाधारहरुको निर्माण भएको हुने छ।

३. पशुपंक्षीको जात विशेष नमुना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास भएको हुने छ।

४.पशुहरुको पोषणमा सुधार आइ उत्पादन बढेको हुने छ।

५.उच्च मुल्यजाने रैथाने पशुहरुको व्यावसायिक उत्पादनमा वृद्धि हुनेछ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | माछा पालन (Maini Khola) | ५ | ० | ० | ५ | ० | ० | स्थानीय |
| २ | सामुदायिक पशुपालन फर्म खोल्ने वडा नं. २ | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ३ | दुध प्रशोधन तथा चिस्यान केन्द्र संचालन | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ४ | कृतिम गर्भाधान केन्द्र | २० | ५ | ५ | ५ | ५ | ० | प्रदेश/स्थानीय |
| ५ | नश्ल सुधार कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ६ | बाख्रा पकेट कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| ७ | पशु पंछी सेवा केन्द्र निर्माण तथा विस्तार | ३० | १० | १० | १० | ० | ० | संघ/ प्रदेश/स्थानीय |
| | | **१६५** | **३७** | **३७** | **४२** | **२७** | **२२** | संघ/ प्रदेश/स्थानीय |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | | |
| प्रभाव | व्यवसायिक पशुपालनमा संलग्न परिवार बढेर आयआर्जन वृद्धि भएको हुने | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ३२० | ३५० | ३८० | ४०० | ४२० | ४५० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रँग सहकार्य भएको हुने | ४ | २ |
| असर | दुध तथा दुधजन्य उत्पादन वृद्धि भएको हुने | उत्पादन | मे.टन | २१७८.४५ | २५०० | २६०० | २८०० | ३००० | ३५०० | " | | ४ | २ |
| | वार्षिक कुखुराको मासु उत्पादन वृद्धि भएको हुने | उत्पादन | मे.टन | – | ५० | १०० | १५० | २०० | २५० | " | | ४ | २ |
| | वार्षिक कुखुराको अण्डा उत्पादन वृद्धि भएको हुने | संख्या | लाख | ०.७४ | २ | ३.० | ३.५ | ४.० | ५ | " | | ४ | २ |
| प्रतिफल | वार्षिक खरिद विक्री भेडा, खसी, बोका वृद्धि भएको हुने | वार्षिक खरिद विक्री भेडा, खसी, बोका | संख्या | – | १०००० | १२००० | १५००० | १८००० | २०००० | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक पशुपालन फर्म वृद्धि भएको हुने | व्यवसायिक पशुपालन फर्म | संख्या | १३३ | १४० | १४५ | १५० | १५५ | १६० | " | कृषकहरु व्यवसायिक पशुपन्छी पालन प्रति प्रोत्साहित भएको हुने | ४ | २ |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वृद्धि भएको हुने | कार्यकर्ता | संख्या | – | २० | ४० | ६० | ८० | १०० | " | कृषकहरुलाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने | ४ | २ |
| | पशुपालन सम्बन्धी उपलब्ध प्रविधि, (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | संख्या | – | १००० | १५०० | २००० | २५०० | ३००० | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | ४ | २ |

## ४.३ उद्योग तथा व्यवसाय

**पृष्ठभूमि**

स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु तथा साना उद्योग, उद्यमशीलताको विकास र प्रवर्द्धन सम्बन्धी कार्य स्थानीय सरकारको अधिकार क्षेत्रमा राखेको छ । गाउँपालिकाको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकाको विकासलाई द्रुत गतिमा अगाडि बढाई रोजगारी सिर्जना गर्न तथा आर्थिक उन्नतिको लागि पर्याप्त रुपमा उद्योग विकास तथा विस्तार कार्यक्रमहरु ल्याउनुपर्छ । परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै गाउँपालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हासिल गर्न सकिनेछ ।

**समस्या**

उपलब्ध तथ्यांकले यस गाउँपालिकाभित्र उद्योगको विकास र विस्तारको अवस्था न्यून रहेको देखाउँछ । गाउँपालिका भित्र यातायात सहज नहुनु, आपूर्ति व्यवस्थापन (Supply Chain) दिगो नहुनु, अपेक्षित रुपमा उद्योग क्षेत्रमा पुँजीगत लगानी, निर्माण र खर्च हुन नसक्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा कल कारखानाको विकास नहुनु, गाउँ गाउँमा सञ्चालित मिलहरुको क्षमता वृद्धि हुन नसक्नु, २ फेज विद्युतका कारण उद्योग मिलहरु सञ्चालनमा समस्या हुनु, होमस्टे, घरेलु तथा मझौला उद्योग, किराना व्यवसाय र अन्य व्यापार व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन नहुनु, औद्योगिक ग्रामको स्थापना नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

**चुनौती**

आयात व्यापारलाई प्रतिस्थापन गर्ने उद्योग स्थापना र सञ्चालन गर्न, प्रतिस्पर्धी क्षमता र औद्योगीक पूर्वाधारको कमी पूरा गर्न, बजार व्यवस्थापन गर्न, सर्वसाधारणको खर्च गर्ने क्षमता वृद्धि गर्न, वन तथा खनिज पैदावारको प्रशोधन गरी विभिन्न उद्योगहरु सञ्चालन र प्रवर्द्धन गर्न, गाउँलाई आत्मनिर्भर बनाउन स्याउ, आलु, उवा लगायत विभिन्न वस्तुको उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्न आदि यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

**अवसर**

होटल र होमस्टे प्रवर्द्धन गर्ने अवसर रहनु, प्रशस्त मात्रामा स्याउ उब्जाउ हुने हुनाले जुस, जाम, सुकुटी, रक्सीको उद्योगहरुको सम्भावना रहनु, प्रशस्त मात्रामा आलु उब्जाउ हुने हुनाले आलु चिप्स उद्योगको सम्भावना रहनु, स्थानीय कच्चा पदार्थ (वन पैदावार)मा आधारित दैनिक उपभोग्य सामाग्रीहरु उत्पादन तथा व्यवसायिक विकास र प्रवर्द्धन गर्न, वित्तीय क्षेत्रको पहुँच वृद्धि गरी उद्योग, बजार तथा व्यवसायको कार्यक्षेत्र विस्तार गर्न, व्यापारलाई लगानीसँग आबद्ध गराउन, निर्यातयोग्य वस्तुको उत्पादन, विविधिकरण तथा औद्योगिक पूर्वाधारको विकास गर्न, व्यवसाय उन्मुख सीप विकास तालिम कार्यक्रमहरू सञ्चालन गर्न सकिने आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

**सोच**

उद्योग र व्यवसाय प्रवर्द्धन, आर्थिक समृद्धिको आधार ।

**लक्ष्य**

गाउँपालिकाको आर्थिक क्रियाकलापमा उद्योग तथा व्यापार क्षेत्रहरू विस्तार गरी कुल ग्राहस्थ उत्पादनमा यी क्षेत्रहरूको योगदान बढाई ५० प्रतिशत पुऱ्याउने ।

**उद्देश्य**

१. स्थानीय श्रोत साधनको उपभोग हुने उद्योगहरूको स्थापना गरी उत्पादनमा वृद्धि गर्नु ।
२. उद्योग प्रवर्द्धन, रोजगार तथा स्वरोजगारद्धारा वेरोजगारी न्यूनीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ स्थानीय कच्चा पदार्थ र कृषिमा आधारित उत्पादनलाई विविधिकरण गरी गाउँपालिकाको आय बढाउने । | १.१.१ लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ । |
| | १.१.२ स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरिनेछ । |
| | १.१.३ हाट बजार स्थापना तथा विस्तार गरिनेछ । |
| | १.१.४ वार्षिक रुपमा गाउँपालिका स्तरीय हस्तकला प्रदर्शनी तथा प्रतियोगिता सञ्चालनगरिनेछ । |
| | १.१.५ स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र सञ्चालनगरिनेछ । |
| १.२ उद्योगहरुलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने । | १.२.१ उद्योग वाणिज्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.२.२ गिरीवारी खोला वरपर उद्योग ग्रामको निर्माण गरिनेछ । |
| | १.२.३ प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक, निजी बौद्धिक (Public Private Academic) सहकार्य गरिनेछ । |
| | १.२.४ धौबाडी फलाम खानी परियोजना निर्माण कार्य सम्पन्न गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । |
| २.१ प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका उद्योगहरूको स्थापना गरी रोजगारीको अवसरहरु सृजना गर्ने । | २.१.१ जडिबुटि प्रसोधन केन्द्र स्थापना गरिनेछ । |
| | २.१.२उद्योग सञ्चालनको लागि स्थानीय युवालाई प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरिनेछ । |
| | २.१.३ वैदेशिक रोजगारबाट फर्केका युवाको ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी ग्रामिण व्यवसाय गर्न आवश्यक तालिम प्रदान गरिनेछ । |
| | २.१.४आलु चिप्स उद्योग स्थापना गरिनेछ । |
| | २.१.५ दुध डेरीहरु र मासुजन्यउद्योगनिर्माण गरिनेछ । |
| | २.१.६बेलुवा चिस्यान केन्द्र निर्माण गरिनेछ । |

**अपेक्षित उपलब्धि**

१. गिरीवारी खोला वरपर उद्योग ग्रामको निर्माण गर्ने ।
२. जडिबुटि प्रसोधन केन्द्र स्थापना गर्ने ।
३. बेलुवा चिस्यान केन्द्र निर्माण गर्ने ।

विस्तृत कार्यक्रम

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | अल्लो, आरुबोखडा, अमिलो प्रसोधन उधोग | १०० | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| २ | औधोगिक तथा कृषि मेला संचालन | ५० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय |
| ३ | उधम सिलता विकास तालिम | ३० | ६ | ६ | ६ | ६ | ६ | संघ/ प्रदेश/स्थानीय |
| ४ | क्रसर, टायल जस्ता उधोग | ५० | २० | २० | १० | | | संघ/ प्रदेश/स्थानीय |
| ५ | चिप्स, दालमोट, दाना उधोग | १०० | १० | २० | २० | २० | ३० | संघ/ प्रदेश/स्थानीय |
| ६ | पानी बाट चल्ने मिल निर्माण | ५० | | १० | १० | १५ | १५ | स्थानीय |
| ७ | धाउखानीको फलाम परिक्षण गरि उत्खनन गर्ने | २०० | २० | ५० | ५० | ५० | ३० | संघ/ प्रदेश/स्थानीय |
| ८ | साबुन,अगरबत्ती उधोग स्थापना | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| ९ | कास्टकला उधोग | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| | | **६३०** | **८१** | **१३१** | **१२१** | **११६** | **१०६** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | डिराल संकेत | डिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | औपचारिक/अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) वृद्धि भई समृद्ध समाज निर्माण भएको हुने | लघु, घरेलु तथा साना उद्योग | संख्या | ६४१ | ६५० | ६७० | ६९० | ७२० | ७५० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र सँग सहकार्य भएको हुने | ४ | २ |
| असर | व्यापार व्यवसाय बढेको हुने | व्यापार व्यवसाय | संख्या | ८६३ | ८९० | ९२० | ९५० | ९८० | १००० | " | | ४ | २ |
| प्रतिफल | सुचारु औद्योगिक ग्राम भएको हुने | सुचारु औद्योगिक ग्राम | संख्या | ० | ० | १ | १ | १ | १ | " | लगानी मैत्री वातावरण श्रृजना भएको हुने | ४ | २ |
| | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान वृद्धि भएको हुने | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | २ | ५ | २० | ३० | ४० | ५० | " | | ४ | २ |
| | वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत आधिकारीक निकायमा दर्ता भई व्राण्डिङ गरिएका जडीवुटी, | उत्पादन | संख्या | - | १० | १५ | २० | २५ | ३० | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हस्तकला तथा अन्य उत्पादनहरु भएको हुने | | | | | | | | | | | | |
| | तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित आपूर्ति तथा विक्री वितरणका लागि बजार केन्द्रहरु वृद्धि भएको हुने | बजार केन्द्र | संख्या | ८ | ६ | ७ | ८ | ८ | १० | " | | ४ | २ |

## ४.४ पर्यटन

**पृष्ठभूमि**

विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण गुराँस गाउँपालिका एउटा पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित हुन प्रचुर सम्भावना बोकेको ठाउँ हो । यस गाउँपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना गर्न सक्दछ । पर्यटकीय दृष्टिकोणबाट प्रचुर सम्भावना भएको गाउँपालिका भए पनि यहाँ पर्यटकका लागि आवश्यक सेवा पूर्वाधारहरूको अवस्था कमजोर रहेको छ । यस गाउँपालिकामा रहेका प्रमुख धार्मिक एवं पर्यटकीय स्थानहरुमा धार्मिक महत्व बोकेका मन्दिरहरु रहेका छन् ।

**समस्या**

पर्यटकीय स्थलसम्म पुग्ने पहुँच मार्ग व्यवस्थित नहुनु, पर्यटनका लागि आवश्यक भौतिक पूर्वाधार सहज नहुनु, पदमार्गहरु व्यवस्थित ढङ्गले विकास नहुनु, अनुभवी गाइडको कमी हुनु, पर्यटकीय क्षेत्रमा वस्तु र सेवाको विविधिकरण हुन नसक्नु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, संर्वद्धन र प्रवर्द्धन प्रभावकारी ढङ्गले हुन नसक्नु, पर्यटन सेवा तथा सुविधामा गुणस्तर न्युन रहनु, होम स्टेको लागि आवश्यक ज्ञान तथा तालिमको अभाव हुनु आदि यसका क्षेत्रका समस्याहरु हुन् ।

**चुनौती**

पर्यटकीय विकासको लागि आवश्यक यातायात, सञ्चार र अन्य संरचनाहरुको विकास र व्यवस्थापन गर्न, पर्यटकीय होटल तथा होम-स्टे कार्यक्रम सञ्चालन गर्न, स्थानीय कला र संस्कृतिलाई समेटेर पर्यटन व्यवसायलाई व्यावासायिकरण गर्न, पर्यटकीय स्थलको पहिचान हुँदाहुँदै पनि बजेट अभावका कारण उचित व्यवस्थापन नभएको, पूर्वाधार विकास मार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधिकरण गर्न कठिनाई आदि यसका क्षेत्रका चुनौतीहरु हुन् ।

**अवसर**

आन्तरिक तथा वाह्य पर्यटकलाई गुराँसको जैविक विविधता अवलोकन गर्न र जातीय संस्कृतिको अनुभव गर्ने गरी होम-स्टे तथा होटल प्रवर्द्धन गर्न सकिने, क्षमता विकास, नेतृत्व विकास सँगसँगै होमस्टेको अवधारणा विकास गर्न,पर्यटकीय हिसाबले अग्रणी स्थानमा पुऱ्याउन सकिने प्रचुर सम्भावना हुनु, आम मानिसहरुको पर्यटकीय चेतना अभिवृद्धि गर्न, पर्यटनलाई व्यवसायिकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न, वोन धर्म संरक्षण गर्न, मौलिक संस्कृति झल्किने खालको होमस्टे लगायतका पर्यटन उद्योगको विकास गर्न, संस्कृति र पर्यटनको क्षेत्रमा सम्भाव्यता अध्ययन, अनुसन्धान र अन्वेषण कार्य गरी थप पर्यटकीय क्षेत्रको पहिचान र विकास गर्न सकिने, गाउँपालिकाका अन्य स्थानहरुको सम्भाव्यता अध्ययन गरी पर्यटकहरुलाई उत्साहित गर्ने खालका उपयुक्त प्रकारका नयाँ र साहसिक खेलहरुको स्थापना गर्न जस्ता अवसरहरु रहेका छन् ।

**सोच**

संस्कृति र पर्यटन पूर्वाधार, विकासको आधार ।

**लक्ष्य**

व्यवसायिक पर्यटन विकास मार्फत आर्थिक समृद्धि हाँसिल गर्ने ।

**उद्देश्य**

१. पर्यटन गन्तव्यको पहिचान, प्रवर्द्धन र विस्तार गर्नु ।

२. पर्यटकीय वस्तु तथा सेवाको विकास, विस्तार र विविधिकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ पर्यटन क्षेत्रलाई अर्थतन्त्रको सम्बाहकको रुपमा विकास गर्न पर्यटकीय गन्तव्य पहिचान र प्रवर्द्धन गर्ने । | १.१.१ पर्यटकीय गुरु योजना निर्माण गरी गन्तव्य पहिचान गरिनेछ । |
| | १.१.२ रुम्से होमस्टे, झरना खोला होमस्टे र मोहनडाँडा होमस्टे विकास गरिनेछ । |
| | १.१.३ होमस्टे क्षमता विकास र वित्तीय पहुँच अभिवृद्धि गरिनेछ । |
| | १.१.४ रानीमत्ता हिल स्टेशनको रुपमा विकास गरिनेछ । |
| | १.१.५ मठ मन्दिर, गुम्बा, पोखरी, झरना लगायतको प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्यहरुको संरक्षण र संवर्द्धन गरिनेछ । |
| | १.१.६ पर्यटन पैदावारको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री तयार गरिनेछ । |
| | १.१.७ एक वडा एक नमुना पर्यटकीय गन्तव्य विकास गरिनेछ । |
| | १.१.८ वडा नं. १ र ३ मा जङ्गल सफारीको संभाव्यता अध्ययन गरिनेछ । |
| २.१ प्राकृतिक सम्पदा, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा पर्यटन पूर्वाधार निर्माण गर्ने । | २.१.१ वडा नं. १ मा रहेको मगर कला संग्राहलयलाई व्यवस्थित गरिनेछ । |
| | २.१.२ वडा ६ मा जडिबुटी पार्क निर्माण गरिनेछ । |
| | २.१.३ गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रमा पूर्वाधार ( मनोरञ्जन स्थल, वनभोज स्थल, होटल, रेष्टुरा) आदिको विकास गरिनेछ । |
| | २.१.४ पर्यटकलाई मुख्य गन्तव्य स्थलसम्म पुऱ्याउन सुविधा सम्पन्न सडक मार्ग निर्माण गरिनेछ । |
| | २.१.५ रुद्रपुर-शिरपोखरी पदमार्ग निर्माण गरिनेछ । |
| | २.१.६ धौबाडी पर्यटकीय क्षेत्र विकास कार्य सम्पन्न गरिनेछ । |

**अपेक्षित उपलब्धि**

१. रानीमत्ता हिल स्टेशनको रुपमा विकास गर्ने ।

२. एक वडा एक नमुना पर्यटकीय गन्तव्य विकास गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | पर्यटकीय पदमार्ग मर्मत (Tallo dungeshwor-Mainikhola Dovan-Paataal khola) | १०० | १० | १० | १० | १० | १० | स्थानीय/ समिति |
| २ | होम स्टे निर्माण तल्लोडुन्गेस्वोर | १०० | १५ | ८५ | १०० | | | संघ/स्थानीय |
| ३ | प्राकृतिक एतिहासिक तथा सांस्कृतिक सम्पदा संरक्षण र निर्माण | ५० | १० | १० | ५ | | | संघ/ प्रदेश/स्थानीय |
| ४ | पर्यटन उधोग संचालन तथा व्यवस्थापन | १०० | | १० | १० | १० | | संघ/ प्रदेश/स्थानीय |
| ५ | प्याराग्लाइडिङ, गूरासे र थामालेक | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| ६ | भिउ टावर देखि शिवमन्दिर जिपलाइन निर्माण | ५० | | १० | १० | १५ | १५ | स्थानीय |
| | | ४२५ | ४० | १३० | १४० | ४० | ३० | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल ( यातायात, संचार, सुरक्षा, होटेल आदि) निर्माण भई पर्यटक संख्या बढेको हुने | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| असर | धार्मिक पर्यटन सञ्चालन स्थान भई पर्यटन प्रवर्द्धन भएको हुने | धार्मिक पर्यटन | संख्या | १६ | १६ | १७ | १८ | १९ | २० | " | | ४ | २ |
| प्रतिफल | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु भएको हुने | पर्यटकीय सम्पदा | संस्था | ४ | ५ | ६ | ७ | ८ | ९ | " | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने | ४ | २ |
| | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) बढेको हुने | लम्बाइ (कूल) | कि.मि. | ० | ५ | ८ | १० | १० | १५ | " | | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ भएको हुने | व्यवस्थित होमस्टे | संख्या | २ | ४ | १० | १४ | १८ | २० | ” | संघ, प्रदेश र अन्तर पालिका बीच सहकार्य र समन्वय भएको हुने | ४ | २ |
| | व्यवस्थित वनभोज, उद्यम, पार्क भएको हुने | व्यवस्थित वनभोज, उद्यम, पार्क | संख्या | ३ | ३ | ४ | ४ | ५ | ६ | ” | | ४ | २ |
| | तालिम प्राप्त टुर गाइड वृद्धि भएको हुने | तालिम प्राप्त टुर गाइड | संख्या | ० | १० | १० | १० | १० | १० | ” | | ४ | २ |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक बढेको हुने | आन्तरिक पर्यटक | संख्या | १०००० | १६००० | १७००० | १८००० | १९००० | २०००० | ” | | ४ | २ |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटक बढेको हुने | वाह्य पर्यटक | संख्या | १० | २० | ३० | ५० | ८० | १०० | ” | | ४ | २ |

## ४.५ सहकारी तथा वित्तीय क्षेत्र

### पृष्ठभूमि

नेपालको संविधानले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा सार्वजनिक र निजी क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छ । सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्र अन्तर्गत गरिने कार्यको विस्तृतीकरण समेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ । स्थानीय श्रम, सीप, प्राविधिक, प्रविधि र पुँजीलाई अधिकतम रूपमा परिचालन गरी सहकारीलाई गाउँपालिकाको अर्थतन्त्रको एक सबल स्तम्भका रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिन्छ ।

### समस्या

सबै वडामा बैंक नहुनु, ए.टि.एम को सुविधा भएको वडामा पनि पर्याप्त स्थानमा नहुनु, बैंक तथा वित्तीय संस्थामा सबै वर्गका घरपरिवारको पहुँच कमी हुनु तथा कारोवार समेत कम हुनु, ऋणको उपयोग व्यवसायिक कार्यमा कम हुनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, उत्पादन तथा उत्पादकत्व बढाउन अपेक्षित सहयोग पुऱ्याउन नसक्नु आदि यसका समस्याहरु हुन् ।

### चुनौती

जनसंख्याको कमीले प्रत्येक वडामा सहकारी संस्था सञ्चालन गर्न, सहकारी संस्थालाई सहकारी नीति अनुरुप सञ्चालन गरी व्यवस्थित गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्बन्धमा जानकारी गराउनु, स्थानीय वासीको आयश्रोत कमीको कारण बचत वृद्धि गर्न, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आबद्ध गर्न, लगानीको लागि पर्याप्त पुँजीको उपलब्ध गराउन, गाउँपालिकाको सबै क्षेत्रमा वित्तीय संस्था तथा सहकारीको पहुँच पुऱ्याउन आदि यसका क्षेत्रका चुनौतीहरु हुन् ।

### अवसर

स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सहकारीका सञ्जाल विस्तार हुनु, सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणालीबाट वितरणको नीति रहनु, वित्तिय क्षेत्रमा महिलाको सहभागिता वृद्धि हुँदै जानु, वित्तिय क्षेत्रको माध्यमबाट छरिएर रहेको पुँजी एकीकृत हुनु, सामुहिक खेती, व्यापार, सामुहिक उद्योग एव्म सेवामा सहज हुनु जस्ता यस क्षेत्रका अवसरहरु हुन् ।

### सोंच

उत्पादन र रोजगारी, गाउँगाउँमा वित्तीय संस्था र सहकारी

### लक्ष्य

विषयगत सहकारी सञ्चालनमा ल्याई उत्पादन र रोजगारीमा आबद्ध गराउने ।

### उद्देश्य

१. वित्तीय तथा सहकारी क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन गरी दिगो बनाउनु ।
२ सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउनु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ सहकारी क्षेत्रमा सुशासन कायम गर्ने । | १.१.१ सहकारी दर्ता/नवीकरण र नियमन गरिनेछ । |
| | १.१.२ "एक घर एक खाता" र "घरघरमा सहकारी" कार्यक्रम लागु गरिनेछ । |
| | १.१.३ वित्तीय साक्षरता सम्बन्धी तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.१.४ वित्तीय संस्थाहरूको अनुगमन तथा वित्तीय अपराध र अपचलन न्यूनीकरणमा सहकार्य गरिनेछ । |
| | १.१.५ एक वडा एक वित्तीय सहकारी स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.६ गाउँपालिकाका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण (शाखा, अस्थायी बैंकिङ इकाई वा ATM मेसिन) गरिनेछ । |
| | १.१.७ प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार्य गरिनेछ । |
| २.१ सहकारी संस्थालाई उत्पादनमुखी बनाउने । | २.१.१ सहकारी उत्पादन, बजारीकरण र बचत परिचालन गरिनेछ । |
| | २.१.२ उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य गरिनेछ । |
| | २.१.३ एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

१. “एक घर एक खाता” र “घरघरमा सहकारी” कार्यक्रम लागु गर्ने ।

२. गाउँपालिकाका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण गर्ने ।

३. एक सहकारी एक उत्पादन नीति अवलम्बन गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सहकारी भवन निर्माण कार्यमा नियमन गर्ने | ४० | ८ | ८ | ८ | ८ | ८ | संघ/ प्रदेश/स्थानीय |
| २ | सहकारी,तथा बैंक वित्तीय संस्था द्वारा कृषि तथा पशु बिमा र तालिम कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | संघ/ प्रदेश/स्थानीय |
| ३ | सस्तो ब्याजमा ऋण लगानी गरि कृषि पेशालाई प्रोत्साहन | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/ प्रदेश/स्थानीय |
| ४ | कृषि सहकारी भवन निर्माण | १०० | १० | ४० | १० | २० | २० | संघ/ प्रदेश/स्थानीय |
| | | २१५ | ३३ | ६३ | ३३ | ४३ | ४३ | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | सुचारु बैंक तथा वित्तीय संस्था वृद्धि भई जीवनस्तर सुधार भएको हुने | सुचारु बैंक तथा वित्तीय संस्था | संख्या | ४ | २ | २ | ३ | ३ | ४ | गापा | अन्तर सरकार र निजी एवं सहकारी | ४ | २ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | वचत तथा ऋण समेतको कूल सहकारी संस्था वृद्धि भई जीवनस्तर सुधार भएको हुने | सहकारी संस्था | संख्या | ४६ | ५० | ५४ | ५६ | ६० | ६४ | " | क्षेत्रसँग सहकार्य भएको हुने | ४ | २ |
| प्रतिफल | प्राथमिकता क्षेत्रहरुमा वाणिज्य वैंकबाट भएको कूल कर्जा लगानी (कृषि, उर्जा एवं साना मझौला उद्योग) भएको हुने | लगानी | प्रतिशत | – | – | – | – | ४० | ५० | " | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु सँग सहकार्य भएको हुने सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने | ४ | २ |
| | सहुलियतपूर्ण क्षेत्रमा भएको वैंकको कर्जा प्रवाह भएको हुने | सहुलियतपूणं क्षेत्रमा भएको वैंकको कर्जा प्रवाह | प्रतिशत | – | १० | २० | ३० | ४० | ५० | " | | ४ | २ |
| | महिलाद्वारा सञ्चालित सहकारी संख्या भएको हुने | महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | – | १ | १ | १ | २ | ३ | " | | ४ | २ |
| | कृषि क्षेत्रका कूल सहकारी संस्था वृद्धि भएको हुने | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | – | १७ | १७ | २० | २४ | २४ | " | | ४ | २ |

# परिच्छेद ५: सामाजिक विकास

संघीय ढाँचामा रहेको नेपालको स्थानीय संरचनाले स्वायत्तताका साथै स्वशासनको माग गर्दछ । सामाजिक परिवेशको ज्ञाता स्वयम् सोहि समाजमा रहेका नागरिक हुन् । स्वयम् नागरिक सामाजिक क्षेत्रको विकासका योजनाका कर्ता र भोक्ता भै अभियानमा सरिक हुँदै समाज रुपान्तरण हुने निश्चित छ। गाउँपालिकाको विकास र समृद्धिमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक तथा सामाजिक समावेशीकरण, युवा खेलकुद, श्रम तथा रोजगार जस्ता सामाजिक क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षा, स्वास्थ्य र समावेशीकरण जस्ता सवालहरुलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वा पारिएको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानूनी तथा नीतिगत आधारहरु तयार भईसकेका छन् । सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबै खाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ ।

## ५.१ शिक्षा

### पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभुत गरेको छ । शिक्षा विना दिगो विकास र समृद्धि सम्भव छैन । शिक्षाको माध्यमबाट मानिसमा ज्ञान, वुद्धि, विवेक र अन्तरनिहित प्रतिभाको प्रष्फुटन हुन्छ । शिक्षा व्यवसायिक, व्यवहारिक, प्राविधिक र जीवनोपयोगी हुनु पर्दछ ।

### समस्या

भौतिक पूर्वाधार (कक्षाकोठा, कार्यालय र पुस्तकालय र खेलमैदान) को कमी, शिक्षामा आधुनिक प्रविधिको प्रयोग, अवधारणा र पहुँच नहुनु, शिक्षकहरुमा प्रतिवद्धताको कमी रहनु, अधिकांश विद्यालयमा शिक्षक दरबन्दी पर्याप्त नहुनु, स्थानीय विद्यार्थीहरु कम हुनु, स्थानीय बालबालिकाहरु जिल्ला बाहिर पठनपाठनका लागि जानु, प्राविधिक, सीप विकास एंवम व्यवसायिक शिक्षालाई शिक्षाको मुल धारको रुपमा विकास गर्न नसक्नु, बालबालिकालाई विद्यालय प्रति आकर्षण गर्ने कार्यक्रममा कमी, बिचैमा विद्यालय छाड्ने दर बढ्दो अवस्थामा रहेका, सबै विद्यालयहरूमा घेराबार नरहेको, भूकम्पीय मापदण्डका भवन नभएको, बाल विकास केन्द्रहरुमा पनि विद्यार्थीको कमि रहेको आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

विषयगत एंव क्षेत्रगत रुपमा सबै विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, शिक्षक विद्यार्थी अनुपात मिलाउनु, विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु, शिक्षामा राजनीतिकरण हुनु, गुणस्तरीय शिक्षाको आधार परिपूर्त्ति गर्न बसाईसराईको कारणले गाउँ छोडी अन्यत्र जाने विद्यार्थीहरुलाई आकर्षित गर्न, शैक्षिक संस्थाको अनुगमन पद्धतीलाई प्रभावकारी बनाउँदै कमजोर रहेका विद्यालयलाई व्यवस्थित र सुदृढ गर्न, शिक्षण विकासलाई पारदर्शी तथा जवाफदेही बनाउन जस्ता चुनौती रहेका छन् ।

### अवसर

सबैका लागि आधारभूत तथा माध्यमिक शिक्षा अनिवार्य र निःशुल्क हुनु, समुदायमा प्राविधिक शिक्षा प्रतिको आर्कषण बढ्दै जानु, विद्यालय व्यवस्थापन केन्द्र गाउँपालिकाको एकल अधिकार सूचीमा रहनु, सतप्रतिशत शिक्षाको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा आउनु, शिक्षामा तालिम, मूल्याङ्कन तथा क्षमता अभिवृद्धि कार्यक्रम स्थानीय स्तरमै सञ्चालन हुनु, विद्यालयको व्यवस्थापन स्थानीय तहबाट नै हुने हुँदा स्थानीय परिस्थिति अनुसार सञ्चालन र व्यवस्थापन गर्न पाउने जस्ता अवसरहरु रहेका छन् ।

### सोच

समावेशि, सिपमुलक तथा गुणस्तरीय शिक्षा आत्मनिर्भर बनाउने पालिकाको ईच्छा ।

**लक्ष्य**

पहुचयोग्य र सुरक्षित वातावरणमा समावेशी सीपमुलक तथा गुणस्तरीय शिक्षा मार्फत आत्म निर्भर बनाउन

**उद्देश्य**

१ स्थानिय तहको शिक्षा योजनामा समाबेशी सिपमुलक तथा गुणस्तरीय शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी आत्म निर्भर बनाउने

२ समाबेशी सिपमुलक तथा गुणस्तरीय शिक्षा कमर्यक्रमको प्रभाबकारी अनुगमन मूल्याङ्कन तथा पृष्टपोषण प्रदान गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शिक्षण संस्थाहरूमा पूर्वाधार तथा प्रविधिको विकास गर्नु । | |
| १.१ दिगो र समावेशी भौतिक पूर्वाधारको निर्माण गर्ने । | १.१.१ सामुदायिक विद्यालय भूकम्प प्रतिरोधी, अपाङ्ग, बाल तथा लैङ्गिकमैत्री बनाईनेछ । |
| | १.१.२ हरेक विद्यालयमा व्यवस्थित शौचालय र खानेपानीको धारा निर्माण गरिनेछ । |
| | १.१.३ सबै विद्यालयमा स्तरीय खेल मैदान तथा बाल उद्यान/बगैंचा निर्माण र घेराबार गरिनेछ । |
| | १.१.४ जनता मा.वि को शाखा सुन्दर बस्तीमा निर्माण गरिनेछ । |
| | १.१.५ आवश्यक विद्यालयहरुमा सुविधा सम्पन्न भवनहरु निर्माण गरिनेछ । |
| | १.१.६ बालहित प्रा.वि लाई स्थानान्तरण गरिनेछ । |
| १.२ विद्यालयमा बहुआयामिक शिक्षण सिकाइ प्रणाली विकास गर्ने । | १.२.१ प्राविधिक शिक्षा, प्रयोगात्मक शिक्षा तथा व्यवसायिक सीप विकास तथा तालिम पद्धतिलाई जोड दिइनेछ । |
| | १.२.२ वडा नं ३ मा प्राविधिक शिक्षालयको विकास गरिनेछ । |
| | १.२.३ डिजिटल तथा भर्चुअल मोडको शिक्षण सिकाइ प्रविधि पूर्वाधारको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ आधारभूत र माध्यमिक शिक्षालाई शतप्रतिशत, अनिवार्य र गुणस्तरीय बनाउनु । | |
| २.१ शिक्षालाई अनिवार्य, समावेशी, प्रविधिमैत्री र प्रभावकारी बनाउने । | २.१.१ मन्टेश्वरी तथा बाल सिकाई शिक्षण संस्थाको विकास गरिनेछ । |
| | २.१.२ शिक्षक विद्यार्थी संख्या अनुपात सुदृढ गरी विषयगत शिक्षकको उचित व्यवस्थापन गरिनेछ । |
| | २.१.३ सबै बालबालिकाको पहुँच तथा सहभागिता बढाउन माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरिनेछ । |
| | २.१.४ माध्यमिक तहलाई आवसीय सुविधायुक्त बनाइनेछ । |
| | २.१.५ शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ । |
| | २.१.६ शैक्षिक प्रोफाइल तयार गरिनेछ । |
| | २.१.७ SEE करियर परामर्श तालिम प्रदान गरिनेछ । |

| | |
|---|---|
| | २.१.८ विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली( Accreditation System) विकास गरी सबै विद्यालयमा समान गुणस्तर कायम गरिनेछ। |
| | २.१.९ लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ। |
| | २.१.१० स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरिनेछ। |
| | २.१.११ रेडियो तथा वैकल्पिक शिक्षा प्रविधि पूर्वाधारको व्यवस्था गरिनेछ। |

**कार्यक्रमको प्राथमिकता**

१.आवश्यक विद्यालयहरुमा सुविधा सम्पन्न भवनहरु निर्माण गर्ने।

२. प्राविधिक शिक्षा, प्रयोगात्मक शिक्षा तथा व्यवसायिक सीप विकास तथा तालिम पद्धतिलाई जोड दिने।

३. वडा नं ३ मा प्राविधिक शिक्षालयको विकास गर्ने।

विस्तृत कार्यक्रम

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | कालिका आ बि बेडुगाउ पक्कि भवन र शौचालय निर्माण | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| २ | भगवती मा बि पक्कि भवन निर्माण | २०० | ४० | ४० | ४० | ४० | ४० | प्रदेश/स्थानीय |
| ३ | आवश्यक विद्यालयहरुमा छात्रावास सहितको सुविधा सम्पन्न भवनहरु निर्माण | ४०० | ५० | ५० | ७५ | ७५ | १५० | प्रदेश/स्थानीय |
| ४ | शिक्षकहरुको लागि तालिमको व्यवस्था | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ५ | महादेव मा बि तल्लोडुङगेस्वरमा ८ कोठे भवन | १०० | २० | २० | २० | २० | २० | प्रदेश/स्थानीय |
| ६ | प्राथमिक तथा माद्यामिक विद्यालयमा फर्निचर व्यवस्थापन | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ७ | माद्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालय व्यवस्थापन | ३०० | | ६० | ६० | ६० | १२० | प्रदेश/स्थानीय |
| ८ | गुराँस बहुमुखी क्याम्पस भवन निर्माण | ५०० | १०० | १५० | १५० | १०० | | प्रदेश/स्थानीय |
| ९ | विद्यालय मार्च गाडी खरिद | ५० | २५ | २५ | | | | प्रदेश/स्थानीय |
| १० | सिक्दै कमाउदै कार्यक्रम बिपन्न लक्षित | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| ११ | सबै विद्यालयमा एक शिक्षक एक ल्याप्टोप ,एक कक्षाकोठा एक प्रोजेक्टर | १५० | ३० | ३० | ३० | ३० | ३० | प्रदेश/स्थानीय |
| १२ | एक विद्यालय एक बगैंचा कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| १३ | सबै विद्यालयमा शैक्षिक र खेलकुद सामाग्री खरिद | ५० | १० | १० | १० | १० | १० | प्रदेश/स्थानीय |
| | | **२०००** | **३२५** | **४३५** | **४३५** | **३८५** | **४२०** | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ४२ | ६५ | ७० | ७५ | ८० | ८५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ४ |
| असर | विद्यालय वाहिर ५-१५वर्ष उमेर समूहका बालबालिका नभएको हुने | बालबालिका | प्रतिशत | २ | १.८ | १.५ | १.२५ | १ | ० | " | | २ | ४ |
| प्रतिफल | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय वृद्धि भएको हुने | बालमैत्री विद्यालय | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० | १०० | " | शिक्षा सम्बन्धी सामाजिक संस्था, गैसस लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने | २ | ४ |
| | विषयगत तालिम प्राप्त शिक्षक वृद्धि भएको हुने | तालिम प्राप्त शिक्षक | प्रतिशत | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | " | | २ | ४ |
| | प्राविधिक विद्यालय वृद्धि भएको हुने | विद्यालय | संख्या | - | १ | २ | २ | २ | २ | " | | २ | ४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यायपन गराउने विद्यालय वृद्धि भएको हुने | विद्यालय | संख्या | – | १ | २ | २ | २ | २ | " | २ | ४ |
| | सेनीटरी प्याड सहित नर्स सेवा उपलव्ध विद्यालय भएको हुने | विद्यालय | संख्या | – | ३ | ४ | ५ | ६ | ७ | " | २ | ४ |
| | वालक्लव क्रियाशील भएका विद्यालय भएको हुने | विद्यालय | संख्या | – | ५ | १० | १५ | २० | २५ | " | २ | ४ |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | २ | ४ |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय भएको हुने | विद्यालय | संख्या | – | १ | २ | २ | २ | २ | " | २ | ४ |
| | पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता भएको हुने | प्रतियोगिता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | २ | ४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने विद्यालय भएको हुने | विद्यालय | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | २ | ४ |
| | विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकावाट सहयोग प्राप्त युवा शोधकर्ताहरु भएको हुने | युवा शोधकर्ताहरु | संख्या | ० | ० | १ | १ | २ | ३ | " | | २ | ४ |
| | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्वन्धित विविध क्रियाकलापहरु संचालन गरी पालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय भएको हुने | पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | ० | ० | १ | १ | २ | २ | " | | २ | ४ |

## ५.२ स्वास्थ्य

### पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ ।

### समस्या

अस्पतालको अभाव र स्वास्थ्य सेवा अपर्याप्तता, निशुल्क औषधी, स्वास्थ्य प्रयोगशाला, पोषणयुक्त खानाको कमी हुनु, सबै वडामा स्वास्थ्य सचेतना र सेवाको पहुँच नहुनु, स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको दक्ष जनशक्ति अभाव हुनु, स्तरीय भवन, भौतिक सामाग्री र आधुनिक उपकरणको आवश्यकता परिपूर्ति गर्न नसक्नु, गुणस्तरीय स्वास्थ्यको पहुँच र एकरुपता कायम हुन नसक्नु, प्राथमिक बाहेक अन्य अत्यावश्यक स्वास्थ्य उपचारको लागि सुर्खेत र नेपालगन्ज नै पुग्नुपर्ने आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

भौगोलिक विकटताले यातायात सर्वसुलभ गर्न, एम्बुलेन्स सुविधा र अस्पताल सेवाको पहुँच समतामूलक तथा सर्वसुलभ रुपमा उपलब्ध गर्न, स्वास्थ्य क्षेत्रको विकासमा पर्याप्त बजेट उपलब्ध गर्न, संविधानमा व्यवस्था गरेको संघीय स्वरुप भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण गर्न, विद्यमान स्वास्थ्य चौकीमा प्रयोगशाला, निशुल्क औषधि र चिकित्सक सेवा उपलब्ध गराई स्तरोन्नति गर्न, स्वास्थ्य चौकीको सेवा नपुगेका स्थानमा स्वास्थ्य चौकी स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउन जस्ता चुनौती रहेका छन् ।

### अवसर

सर्वसाधारणको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण हुनु, आर्युर्वेद चिकित्सा प्रणालीलाई विकास गर्न स्थानीय क्षेत्रमा जडीबुटीहरु प्रशस्त मात्रामा उपलब्ध हुनु, स्वास्थ्य क्षेत्रमा देखिएको प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाउन, वैकल्पिक उपचार पद्धतिको विकास गर्न, ५ शैयाको अस्पताल हुनु जस्ता अवसरहरु छन् ।

### सोच

समतामुलक गुणस्तरीय स्वास्थ्य सेवा, गुराँस सरकारको प्रतिबद्धता ।

### लक्ष्य

चिकित्सकिय, आधारभुत स्वास्थ्य सेवा, प्रभावकारी सुचना तथा सञ्चार प्रणालीको विकास गर्ने ।

### उद्देश्य

१. गुणस्तरीय पहुचयुत्त चिकित्सकिय सेवालाई सर्बसुलभ बनाउने ।
२. नागरीकहरुको औषत आयूमा बृद्दि गर्ने ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ चिकित्सालय र चिकित्सा सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु । | |

| | |
|---|---|
| १.१ आधारभूत स्वास्थ्य सेवालाई  गुणस्तरीय र सर्वसुलभ बनाउने । | १.१.१ बालबालिकालाई पूर्ण खोप र अन्य आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरी प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । |
| | १.१.२ प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा आवश्यक भवन,घेरबार खाने पानी सरसफाई नियमित बिधुत उपलब्धता र अन्य पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ । |
| | १.१.३ महामारीको पूर्वतयारी, सर्ने तथा नसर्ने रोग र मानसिक रोग नियन्त्रण तथा रोकथामका लागि प्रतिकार्य योजना बनाई लागु गरिनेछ । |
| | १.१.४ स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी एक्स रे, ल्याब तथा २४ औ घन्टा स्वास्थ्य परामर्श सेवागरिनेछ । |
| | १.१.५ एम्बुलेन्सको व्यवस्था गरिनेछ । |
| | १.१.६ हरेक संस्थामा आकस्मीक  कोष सञ्चालन गरिनेछ । |
| | १.१.७ एक वडामा एक स्वास्थ्य संस्था रहने । |
| | १.१.८  गाउँपालिकको हेल्थ प्रोफाईल निर्माण गरी अपडेट गरिनेछ । |
| | १.१.९ १५ शैयाको आधारभुत अस्पतालको विकास गरिनेछ । |
| | १.१.१० बालबालिकालाई पूर्ण खोप दिगोपनाका लागी हरेक वर्ष वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चीतता तथा घोषण गरीने छ । |
| | १.१.११ सबै खोप केन्द्र तथा गाउघर क्लिनिकको आफ्नै भबन बनाइने छ  । |
| १.२ प्रजनन स्वास्थ्यलाई अधिकारको रुपमा स्थापित र सुनिश्चित गर्ने । | १.२.१ गर्भवती र सुत्केरी महिलालाई पोषणीलो खाना खान र उत्पादनकालागी प्रोत्साहन गरीने छ । |
| | १.२.२ वर्थिङ्ग सेन्टर २४ सै घण्टा सेवा सञ्चालन गर्न व्यवस्था गरिानेछ । |
| | १.२.३ सबै बर्थिंग सेन्टरहरुमा गर्भवती प्रतिक्षा कक्ष सेवा तथा सुकेरी २४ घण्टा सम्म बस्नका लागि खान र बस्न व्यवस्थापन गरिनेछ । |
| उद्देश्य २ गाउँपालिकाको औसत आयुमा वृद्धि गर्नु । | |
| २.१ गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गरी दिगो स्वास्थ्य वित्तीय र विमा प्रणाली विकास  गर्ने । | २.१.१ बालबालिका, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ । |
| | २.१.२ आम नागरिक स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गरी जनस्वास्थ्य अभियान र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.३ जेष्ठनागरीक FCHV निःशुल्क स्वास्थ्य विमा र आम नागरिकका लागी  स्वास्थ्य विमाको अवधारणा विकास गरिनेछ । |
| | २.१.४ सुनौला हजार दिन संग उपाध्याक्ष कार्यक्रम संचालन गरीने छ |
| | २.१.५ हरेक वर्ष आवश्यकताको आधारमा आँखा शिविर, पाठेघरको क्यान्सर परीक्षण, मुटुरोग, मधुमेह तथा अन्य रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २.१.६ लागुपदार्थ दुर्बेसन सम्बन्धी जनचेतना मुलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२ आयुर्वेदिक र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गर्ने । | २.२.१ आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापना गरिनेछ । |
| | २.२.२ जडिबुटि संकलन तथा प्रशोधन गरने छ । |
| | २.२.३ कोभिड आइसोलेसन अस्पताललाई उत्पादन सहित आयुर्वेदिक अस्पताल बनाईने छ । |
| | २.२.४ योग ध्यान केन्द्र तथा साधना केन्द्र सञ्चालन गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा आवश्यक भवन, अन्य पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गर्ने ।

२. १५ शैयाको अस्पतालको विकास गर्ने ।

३.गर्भवतिलाई निशुल्क एम्बुलेन्सको व्यवस्था गर्ने ।

विस्तृत कार्यक्रम

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | चौपता स्वास्थचौकी पक्कि भवन | ५०० | १०० | १५० | १५० | ५० | ५० | संघ/स्थानीय |
| २ | बालबालिकालाई पूर्ण खोप र अन्य आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरी प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | बर्थिङ सेन्टर निर्माण गरी सञ्चालन | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| ४ | स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रमा आवश्यक भवन, अन्य पूर्वाधारको व्यवस्था | २०० | ३० | ३० | ४० | ५० | ५० | संघ/प्रदेश/स्थानीय |
| ५ | स्वास्थ्य सम्बन्धि तालिमको व्यवस्था | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ६ | स्वास्थ्य उपकरणहरुको व्यवस्थापन | १५० | ३० | ३० | ३० | ३० | ३० | संघ/प्रदेश/स्थानीय |
| ७ | सेरी स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर व्यवस्थापन | २० | ४ | ४ | ४ | ४ | ४ | संघ/प्रदेश/स्थानीय |
| ८ | योगाब्याम भवन निर्माण | ४० | | २५ | १५ | | | संघ/प्रदेश/स्थानीय |
| ९ | बाल तथा मातृ पोषण सुधार कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| १० | १५ शैया अस्पताल निर्माण, रतिखोला | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/प्रदेश |
| ११ | स्वास्थ्य शिविर | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| | जम्मा | **१५८५** | **२९९** | **३७४** | **३७४** | **२६९** | **२६९** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | डिगल संकेत | डिबिल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ७७.६ | ८० | ८५ | ९० | ९५ | ९५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ३ |
| असर | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय घटेको हुने | समय | घण्टा | ०.५ | २० मिनेट | २० मिनेट | १५ मिनेट | १० मिनेट | ५ मिनेट | " | | २ | ३ |
| प्रतिफल | गाउँघर क्लिनिकको स्तरोन्नति भएको हुने | गाउँघर क्लिनिकको संख्या | संख्या | १९ | २२ | २३ | २३ | २४ | २४ | " | अन्तर सरकार समन्वय र निजी क्षेत्रसँग सहकार्य भएको हुने | २ | ३ |
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या वृद्धि भएको हुने | शैया संख्या | संख्या | ५ | ५ | २० | २० | ४० | ५० | " | | २ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घुम्ती लगायत स्वास्थ्य शिविर भएको हुने | शिविर पटक | संख्या | ४ | ४ | ६ | ८ | १० | १२ | " | | २ | ३ |
| | आधारभूत स्वास्थ्य सेवा उपलव्ध भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | " | | २ | ३ |
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु न्यून भएको हुने | शिशु | संख्या | ५२ | ४० | ३५ | २५ | १५ | १० | " | | २ | ३ |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला वृद्धि भएको हुने | गर्भवती महिला | संख्या | १६६ | २०० | २५० | ३०० | ३५० | ४०० | " | | २ | ३ |
| | प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु भएको हुने | स्वास्थ्य संस्था | संख्या | १० | १० | १२ | १५ | १८ | २० | " | | २ | ३ |
| | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) शून्य भएको हुने | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | " | | २ | ३ |
| | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या बढेको हुने | बीमामा आवद्ध जनसंख्या | प्रतिशत | – | ५ | ६ | ७ | १२ | १५ | " | | २ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग, एड्स, कुष्ठरोगको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित भएको हुने | लाभान्वित जनसंख्या | प्रतिशत | - | २ | ५ | ७ | ८ | ९ | " | | २ | ३ |

## ५.३ खानेपानी तथा सरसफाई

### पृष्ठभूमि

खानेपानी तथा सरसफाई अन्तर्राष्ट्रिय दिगो विकासको एउटा प्रमुख लक्ष्य हो । स्वच्छ खानेपानी नागरिकको आधारभूत आवश्यकता र नैसर्गिक अधिकार हो त्यसैले नेपालको संविधानले पनि मौलिक हकको रुपमा खानेपानी तथा सरसफाईलाई समावेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले खानेपानी तथा सरसफाइ सम्बन्धी कार्य जिम्मेबारी स्थानीय तहलाई दिएको छ । खानेपानीको पहुँचका लागि खानेपानीको प्रणाली विस्तार र गुणस्तर वृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । प्रस्तुत आवधिक योजनामा खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र गाउँपालिकालाई पुर्ण सरसफाइ क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ ।

### समस्या

पानी शुद्धिकरणको अभावमा नुन पानी खानुपर्ने बाध्यता रहनु, अधुरा आयोजनाको संख्या उल्लेख्य रहनु, खानेपानी पाइप विस्तार गर्ने क्रममा एक मिटर भन्दा कम जग खन्नाले हिउँदमा पानी जम्नु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु साथै सम्पूर्ण घरमा सुविधा सम्पन्न पक्की शौचालयको व्यवस्था हुन नसक्नु, खानेपानीको मुहान र श्रोतको संरक्षण र व्यवस्थापन गर्न नसक्नु, जिर्ण अवस्थामा रहेका खानेपानी योजनाको मर्मतसंम्भार नहुनु, पर्यटकीय क्षेत्र भएको कारणले प्लाष्टिक जन्य चिजवस्तु, बोटल, टिन आदि फोहोर बढी मात्रामा जम्मा हुनु, घरबाट निस्कने फोहरलाई वैज्ञानिक तरिकाबाट व्यवस्थापन गर्न नसकेको, सार्वजनिक शौचालयको सञ्चालन र व्यवस्थापन गर्न नसक्नु, खानेपानीका पर्याप्त श्रोत नहुनु र भएका पनि संरक्षण हुन नसक्नु, खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन नसक्नु, बस्ती तथा बजारमा ढल निकास व्यवस्थित नभएको आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

प्राकृतिक, मानविय तथा अन्य कारणले सुक्दै गएको पानीको मुहान संरक्षण गर्न, भौगोलिक विकटता, छरिएर रहेको बस्ती र आर्थिक अभावका कारण सबै जनसंख्यामा शुद्ध खानेपानीको प्रबन्ध गर्न, खानेपानीको रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न, खानेपानीको निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्न, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रवनध गर्न, सबै घरपरिवारलाई सुविधा सम्पन्न शौचालय निर्माण गर्ने उत्प्रेरणा जगाउन जस्ता यस उपक्षेत्रका चुनौतीहरु रहेका छन् ।

### अवसर

स्वच्छ खानेपानी तथा सरसफाई मौलिक हकको रुपामा स्थापित हुनु, सरसफाई तथा स्वच्छता कार्यक्रम जनस्वास्थ्यको प्रमुख सरोकारको विषय हुनु, खानेपानी तथा सरसफाईका संरचना विकास र विस्तारका लागि संघ, प्रदेश, स्थानीय तह, गै.स.स, तथा अन्य विकासका साझेदारहरुको सहभागिता बढ्दै जानु, पूर्ण सरसफाईयुक्त गाँउपालिका घोषणा गर्ने नीति हुनु, एक घर एक धाराको राष्ट्रिय प्रतिवद्धतालाई पूर्णरुपमा कार्यान्वयन गर्न, खानेपानीका मुहान र श्रोतको उचित व्यवस्थापन हुने गरी सबै जनसंख्यामा खानेपानी उपलब्ध गर्न, सबै गाउँमा आधारभुत सरसफाई सेवामा पहुँच तथा मानव मलमुत्र र फोहोरको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्न जस्ता अवसरहरु छन् ।

### सोच

एक घर एक धारा सफा र स्वच्छ खानेपानी गुराँस सरकारको अभिभारा ।

### लक्ष्य

गुराँसका सम्पूर्ण घर घरमा पर्याप्त मात्रामा स्वच्छ सफा खानेपानी पुर्याउने ।

### उद्देश्य

१. नागरिकलाई स्वस्थ, गणस्तरीय तथा दिगो खानेपानी सेवा उपलब्ध गराउनु ।
२. घर तथा समुदायमा शत प्रतिशत स्वच्छता कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ नागरिकलाई स्वस्थ, गणस्तरीय तथा दिगो खानेपानी सेवा उपलब्ध गराउनु । | |
| १.१ शुद्ध र दिगो खानेपानी सेवा प्रवाहमा विभिन्न तहको भूमिका सवलीकरण गर्ने । | १.१.१ एक घर एक धाराको नीति सम्पन्न गरिनेछ । |
| | १.१.२ निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गरिनेछ । |
| | १.१.३ सतहि तथा लिफ्टिङ्ग गरेर खानेपानीको व्यवस्था गरिनेछ । |
| | १.१.४ खानेपानी शुद्धता परीक्षण केन्द्र संचालन गरिनेछ । |
| | १.१.५ आवश्यक स्थानमा खानेपानी टंकी निर्माण गरिनेछ । |
| | १.१.६ खानेपानी तथा सरसफाई समन्वय समिति पुर्नगठन तालिम, साम्रागी वितरण गरिनेछ । |
| | खाने पानीको स्रोत नक्सांकन प्रणाली बिकाश गरी कार्यान्वयनमा ल्याईने छ।र तथ्याङ्कलाई रास्ट्रिय सुचना व्यवस्थापन प्रणाली ( N WASH) मा राखिने छ। |
| उद्देश्य २ घर तथा समुदायमा शत्प्रतिशत स्वच्छता कायम गर्नु । | |
| २.१ सरसफाई सेवाको स्तर वृद्धि गर्ने । | २.१.१ सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ । |
| | २.१.२ वातावरण संरक्षणका निमित्त गाउँघर सफाई र वृक्षारोपण अभियान विस्तार गरिनेछ । |
| | २.१.३ शौचालय तथा घरका फाहोरहरु जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने कार्यक्रम विस्तार गरिनेछ । |
| | २.१.४ घरधुरी, निजी एवं सार्वजनिक प्रतिष्ठानहरूबाट विसर्जीत हुने फोहरमैला आदिलाई 5R (Recycle, Reduce , Replace, Reuse and Refuse )को पद्दती अवलम्बन गरी दिगो सरसफाई कार्यक्रम विस्तार गरिनेछ । |
| | २.१.५ घरेलु फोहोर वर्गिकरण तालिमको व्यवस्था गरिनेछ । |
| | २.१.६ सरसफाई र स्वच्छाताको प्रवर्दन गर्न उत्कृष्ट योगदान गर्ने व्यक्ति संस्था पुरस्कृत गरिने छ । |

**कार्यक्रमको प्राथमिकता**

१. एक घर एक धाराको नीति सम्पन्न गर्ने ।

२. शौचालय तथा घरका फोहोरहरु जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने कार्यक्रम विस्तार गर्ने ।

३. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बेडुगाउ ठामलेख लिफटिंग खानेपानी | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| २ | घोडाखाबास खोलाटोल, सुन्गुरखाली, पातलगाउ, तुसारे खानेपानी आयोजना | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| ३ | खानेपानी शुद्धता परीक्षण केन्द्र स्थापना | १०० | | | २५ | २५ | ५० | संघ/स्थानीय |
| ४ | सरसफाई सम्बन्धि जनचेतना कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| ५ | सार्वजनिक शौचालय निर्माण | १५० | ५० | २५ | २५ | २५ | २५ | संघ/प्रदेश/स्थानीय |
| ६ | मुहान पहिचान तथा खानेपानी योजना निर्माण १ घर १ धारा | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| | | **५००** | **१००** | **७५** | **१००** | **१००** | **१२५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | सुरक्षित खानेपानीमा पहुँच भएको हुने | जनसंख्या | प्रतिशत | - | ७५ | ८० | ८५ | ९० | ९५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | निजी पाइपलाइन धारा जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | - | ३५ | ४० | ५० | ६० | ७० | " | | ७ | ६ | १.३ |
| प्रतिफल | कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | - | १.७५ | १.५ | १ | ०.५ | ० | " | | ७ | ६ | १.३ |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी न्यून भएको हुने | घरधुरी | प्रतिशत | - | ०.८० | ०.६० | ०.२५ | ०.१० | ० | " | | ७ | ६ | १.३ |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | मिनेट | २० | २० | २० | १० | १० | ५ | " | अन्य विषयगत आयोग, स्थानीय समुदाय सँग समन्वय भएको हुने | ७ | ६ | १.३ |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति वृद्धि भएको हुने | समिति | संख्या | - | - | १० | १० | १५ | २० | " | | ७ | ६ | १.३ |
| | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा पालिकावाट सेवा सञ्चालन) वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | १० | १५ | २५ | ३० | ४० | ५० | " | | ७ | ६ | १.३ |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा भएको हुने | वडा | संख्या | - | ८ | ८ | ८ | ८ | ८ | " | | ७ | ६ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी न्यून भएको हुने | घरघुरी | प्रतिशत | - | १ | ० | ० | ० | ० | " | | ७ | ६ | १.३ |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका  घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ९९ | ९९ | ९९ | १०० | १०० | १०० | " | | ७ | ६ | १.३ |
| | खाल्डे शौचालय भएको घरधुरी न्यून भएको हुने | घरधुरी | प्रतिशत | १ | ०.७५ | ०.५ | ०.२५ | ०.१० | ० | " | | ७ | ६ | १.३ |
| | सार्वजनिक शौचालयहरु निर्माण भएको हुने | सार्वजनिक शौचालयहरु | संख्या | - | ६ | ७ | ८ | ९ | १० | " | | ७ | ६ | १.३ |

## ५.४ युवा तथा खेलकुद

### पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गिण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति अवलम्बन गरेको छ । युवा शक्तिको सहि परिचालन हुन सकेमा गाउँपालिकाको सर्वाङ्गिण विकासमा ठूलो योगदान पुग्नेछ । जनसांख्यिक पुँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूल प्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट विकासमा योगदानको वातावरण सिर्जना गर्नुपर्दछ ।

### समस्या

युवायुवतीको शारिरिक एवं मानसिक विकासको लागि खेलकुद, मनोरञ्जन र व्यायामको उचित व्यवस्था नहुनु, स्वदेशमा रोजगारीको अवसर न्यून रहनु र युवाको विदेश आकर्षण बढ्नु, सकारात्मक सोच र श्रमको सम्मान गर्ने संस्कृतिको कमी रहनु, खेलकुदको लागि भौतिक संरचना र आर्थिक श्रोतको अभाव हुनु, खेल मैदान लगायत खेल सामाग्रीहरु अपर्याप्त र अव्यवस्थित रहनु, दक्ष प्रशिक्षकद्वारा सिकाई र प्रोत्साहनको अभाव हुनु, गाउँपालिकामा सञ्चालन हुने विभिन्न सिर्जनशिल कार्यक्रममा युवायुवतीहरुलाई संलग्न गराउन नसक्नु, सामाजिक गतिविधिमा युवाहरुको संलग्नता नहुनु, सीपमुलक तालिमको कमी हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### चुनौती

युवाहरुलाई मनोरञ्जन र खेलकुद लगायत विभिन्न सुविधा उपलब्ध गराएर उनीहरुको मानसिक, शारिरिक एवं संवेगात्मक भावनाको विकास गराउन, दीर्घकालीन योजनाहरु निर्माण गर्न, आर्थिक व्यवस्थापन नहुँदा युवा प्रतिभाहरूको विदेश जाने क्रमलाई रोक्न, भौगोलिक अवस्था समथल नहुनाले खेलकुदको विकास गर्न, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी खेलकुदप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्न, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्न, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्न आदि यस क्षेत्रका चुनौतीहरु हुन् ।

### अवसर

नेपालको संविधानमा युवा विकास सम्बन्धी व्यवस्था हुनु, स्वदेशमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, गाउँपालिकामा खेलकुद समितिहरु गठन गरी खेलकुद विकासमा जोड दिनु, वेरोजगार युवाहरुलाई सीप, प्रविधि र पुँजी उपलब्ध गराई उद्यमशिलतामा संलग्न गराउन, खेलकुद प्रति समाजमा सकारात्मक दृष्टिकोण विकास हुँदै जानु, सबै तहका सरकारमा खेलकुद विकासको जिम्मेवारी रहनु, खेलकुदमा युवाको आर्कषण र संलग्नता वृद्धि हुँदै जानु, आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### सोच

सिर्जनशिल, सक्षम तथा नैतिकवान युवा, सहभागितामूलक विकासको आधार ।

### लक्ष्य

युवा वर्गको सीप अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने ।

### उद्देश्य

१. सीप, दक्षता र कार्यकुशलताको विकास गरी युवा वर्गको परिचालन गर्नु ।
२. खेलकुद जनशक्ति र पूर्वाधारको विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ शिप, दक्षता र क्षमताको विकास गरी युवा वर्गको परिचालन गर्नु । | |
| १.१ प्राविधिक र व्यवसायिक शिपका माध्यमबाट युवा वर्गलाई उद्यमशील बनाउने । | १.१.१ "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरिनेछ । |
| | १.१.२ वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ युवा क्लबको निर्माण तथा सकृय परिचालन गरिनेछ । |
| | १.१.४ युवा शिपमुलक तालिम सञ्चालन गरिनेछ । |
| उद्देश्य २ खेलकुद क्षेत्रको विकासका लागि युवा वर्गलाई आकर्षित गर्नु । | |
| २.१ स्थानीय तहमा मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद पूर्वाधारको विकास गर्ने । | २.१.१ खेलकुद पूर्वाधार, खेल मैदान र खेलकुद सामग्री आपूर्ति गरिनेछ । |
| | २.१.२ विकास कार्यमा युवा संलग्नता र परिचालन गरिनेछ । |
| | २.१.३ रनीङ्ग सिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ । |
| | २.१.४ खेलकुद सप्ताह व्यवस्थापन गरिनेछ । |
| | २.१.५ कभर्ड हल निर्माण गरिनेछ । |
| | २.१.६ खुल्ला व्यायमशाला निर्माण गरिनेछ । |
| | २.१.७ युवा सम्बन्धी स्काउट कार्यक्रम सञ्चालन गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. कभर्ड हल निर्माण गर्ने ।

२. खेलग्राम निर्माण गर्ने ।

३. खेलकुद पूर्वाधार, खेल मैदान र खेलकुद सामग्री आपूर्ति गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | खेलमैदान वडा कार्यालयमा | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २ | युवा स्वरोजगार कार्यक्रम | ५० | २० | १० | १० | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | पातिकान्लामा कबर्ड हल निर्माण | १०० | १० | १० | २० | ३० | ३० | संघ/प्रदेश/स्थानीय |
| ४ | एक वडा एक खेलमैदान सामाग्री सहित | ६० | १० | १० | १० | १५ | १५ | संघ/प्रदेश/स्थानीय |
| | जम्मा | **२३५** | **४५** | **३५** | **४५** | **५५** | **५५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | व्यवसायिक सीप विकास तालिम लिए पछि स्व/रोजगारीमा आवद्धता (तालिम प्राप्त गर्ने कूल संख्याका) भएको हुने | स्व/रोजगारी | संख्या | – | २५ | ५० | ७५ | १०० | १२५ | " | अन्तर सरकार समन्वय भएको हुन | २ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हाँसिल गरेको युवा भएको हुने | तालिम प्राप्त युवा | संख्या | – | ५० | ५० | ५० | ५० | ५० | ” | | २ | ३ |
| प्रतिफल | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा भएको हुने | लाभान्वित युवा | संख्या | – | १०० | १०० | १०० | १०० | १०० | ” | | २ | ३ |
| | व्यवसायिक युवा खेलाडी भएको हुने | व्यवसायिक युवा खेलाडी | संख्या | ० | ५ | १० | १५ | २० | २५ | ” | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष, उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसँग समन्वय भएको हुने | २ | ३ |
| | खेल अभ्यास प्रशिक्षण केन्द्र (कवर्ड हल) निर्माण भएको हुने | कवर्ड हल | संख्या | ० | १ | १ | १ | २ | २ | ” | | २ | ३ |
| | खेलकुद मैदानहरु स्तरोन्नति र निर्माण भएको हुने | खेलकुद मैदानहरु | संख्या | – | ७ | ७ | ८ | ९ | १० | ” | | २ | ३ |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता भएको हुने | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | – | १ | १ | २ | २ | ३ | ” | | २ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु भएको हुने | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | संख्या | – | १ | २ | ३ | ४ | ५ | ” | | २ | ३ |

## ५.५ लैङ्गिक समानता, सामाजिक समावेशीकरण

**पृष्ठभूमि**

बालबालिका, युवा, किशोरकिशोरी, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति द्वन्द्वपीडित, उत्पिडित वर्ग, समुदायहरुलाई राज्यको तर्फबाट सुरक्षा र संरक्षण प्रदान गर्नु पर्दछ। उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारिरीक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्बोधन गर्नु पर्दछ। उनीहरु सामाजिक रुपले कुनै न कुनै प्रकारको उत्पीडनमा परेका हुन्छन्। समाजमा रहेका यी उत्पीडीत वर्ग र समुदायको हितको निम्ति सुरक्षा र संरक्षण प्रदान नगर्ने हो भने स्वच्छ, सुन्दर र शान्तिपूर्ण समाजको स्थापना गर्ने परिकल्पना साकार हुन सक्दैन। तसर्थ उनीहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हितको ग्यारेण्टी गर्नु पर्दछ।

**समस्या**

महिला माथि हुने घरेलु र वाह्य व्यवहारगत विभेद हट्न नसक्नु, आर्थिक, समाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा महिलाको सहभागिता कम हुनु, महिला सशक्तिकरणका कार्यक्रम नियमित रुपमा सञ्चालन नहुनु, गरिब, उत्पीडित वर्ग, पिछडिएको वर्ग र महिलाहरुलाई सम्बोधन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन नहुनु, वर्गीय, जातीय, लैङ्गिक र पेशागत भेदभाव हुनु, शिक्षाको अभावले पिछडिएका वर्गमा चेतना र बुझाइको कमी हुनु, किशोर किशोरीहरुको मनोभाव बुझेर व्यवहार नगर्नु र उनीहरुलाई समाजमा घुलमिल हुने वातावरण सिर्जना नहुनु, अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा प्रतिस्थापन गराउने वातावरण सिर्जना नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्।

**चुनौती**

समाजमा व्याप्त महिला हिंसा अन्त्य गर्न सामाजिक विभेद र असमानता हटाई महिला सशक्तिकरण गराउन, जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रय स्थलको निर्माण गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्न, पिछडिएका वर्गमा आफ्नो व्यवहार र भविष्य प्रति सकारात्मक सोच जगाउन, रोजगारीको अवसर तथा प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न, महिला तथा पिछडिएका जातीलाई समाजमा प्रतिस्पर्धात्मक रुपमा समावेश गर्न, सामाजिक जनचेतनाको जगाउन, उत्पीडित तथा पिछडिएको वर्गको हितमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न, समाजमा परापूर्वकालदेखि कायम रहेको रुढीवादी सोच तथा परम्पराहरु उन्मुलन गरेर उचित मानसिकताको विकास गर्न, समाजका सबै तहमा उचित शिक्षाको व्यवस्था गर्न जस्ता चुनौतीहरु रहेका छन्।

**अवसर**

लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा संवैधानिक व्यवस्था हुनु, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था हुनु, मुलुक सात ओटा प्रदेश सहितको संघिय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश हुनु, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि हुनु, संविधानमा महिला सम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र संघदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, सचेतनामूलक र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी सामाजिक विभेद न्यूनीकरण गराई सभ्य समाजको निर्माण गर्न, राज्यको तर्फबाट जेष्ठ नागरिक, एकल महिला र अपांङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा प्रदान गरिएको जस्ता अवसरहरु छन्।

**सोच**

समावेशी, सशक्त र लैङ्गिक समानता, समुन्नत गाउँपालिकाको अभियान।

**लक्ष्य**

वञ्चितिकरणमा परेका वर्गलाई अधिकारको प्रत्याभूति गर्दै गुणस्तरीय जीवन र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने।

**उद्देश्य**

१. लैङ्गिक तथा जातीय विभेदको अन्त्य गर्दै समतामुलक समाजको निर्माण गर्नु।
२. लैगिंक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र भित्रका सबै नागरिक मैत्री वातावरण सिर्जना गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ जातिय तथा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामुलक समाजको निर्माण गर्नु । | |
| १.१ सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई सामाजिक न्यायको प्रत्याभूति गर्ने । | १.१.१ एकल महिला आयआर्जन तथा स्वावलम्बन कार्यक्रम तालिमको व्यवस्था तथा एकल महिला कोष सञ्चालन गरिनेछ । एकलम महिला सञ्जाल गठन गरि सक्रिय बनाउने । |
| | १.१.२ महिला समुह, समिति गठन तथा परिचालन गरिनेछ । साथै पालिका स्तरिय GESI Network गठन गरी सक्रिय बनाउने |
| | १.१.३ महिला सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.४ सासु-बुहारी अन्तरक्रिया ३ दिने कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.५ लैङ्गिक हिंसा विरुद्ध तथा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सुचनाको हक लगायत जेसी क्षेत्र सम्बन्धीत कानुनी व्यवस्थाहरुको सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.६ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ । |
| | १.१.७ हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम सञ्चालन गरिनेछ । साथै अध्यक्ष, उपाध्यक्ष पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य २ लैगिंक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र भित्रका सबै नागरिक मैत्री वातावरण सिर्जना गर्नु | |
| २.१ ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता, यौनिक तथा लैगिंक अल्पसंख्यक, लोपोन्मुख तथा आर्थिक रूपले विपन्न वर्गलाई विशेष प्राथमिकता दिँदै सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने । | २.१.१ ज्येष्ठ नागरिकहरुको सञ्जाल गठन गरि ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रका साथै जेष्ठ नागरिक चौतारी कार्यक्रम सञ्चालन गर्ने । |
| | २.१.२ वडा स्तरीय ज्येष्ठ नागरिक संजाल गठन तथा गाउँपालिका स्तरीय संजालको बैठक गरिनेछ । |
| | २.१.३ ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र स्थापना गरिनेछ । |
| | २.१.४ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ । |
| | २.१.५ अपाङ्गता परिचय पत्र वितरण घुम्ती शिविर सञ्चालन गरिनेछ । |
| | २.१.६ दृष्टिविहिन भएका व्यक्तिहरुलाई screen reader software को व्यवस्था गरिनेछ । |
| | २.१.७ अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.८ यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायहरुका लागि दिगो सोच राखी समाजमा सम्मानजनक वातावरण सिर्जना गर्दै क्षमता विकास, सिप विकास तथा रोजगारीमा जोड्न खालका कार्यक्रम सञ्चालन गर्ने । |
| | २.१.९ लोपोन्मुख राउटे समुदायको संरक्षणका लागि परम्परागत सिपको व्यवस्थापन गर्दै आधारभुत आवश्यकता परिपुर्तिको ग्यारेण्टी गर्ने । |
| | २.१.८ व्यवसाय सञ्चालनका लागि start up fund को व्यवस्था गरिनेछ । |
| | २.१.९ दलित लक्षित कार्यक्रम गरिनेछ । |

| | |
|---|---|
| | २.१.१० बालविवाह न्यूनीकरण सम्बन्धी कानुनि सचेतना अभियान सञ्चालन गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. GESI क्षेत्रभित्रका सबै नागरिकका लागि सीप, क्षमता विकास तथा कार्यक्रम सञ्चालन गर्ने ।

२. ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र स्थापना गर्ने ।

३. व्यवसाय सञ्चालनका लागि start up fund को व्यवस्था गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण नीति तर्जुमा | १० | | १० | | | | स्थानीय |
| २ | एकल महिला आयआर्जन तथा स्वावलम्बन कार्यक्रम तालिम | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | महिला समुह गठन तथा नेतृत्व विकास तथा सीप विकास कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ४ | लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम सञ्चालन | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ५ | सामाजिक सद्भाव र मेलमिलापको भावना जगाउन कलाकार, संस्कृतिकर्मी, स्रष्टा, सबै धार्मिक क्षेत्रका अगुवा र समाजसेवीलाई पुरस्कार वितरण | १० | २ | २ | २ | २ | २ | स्थानीय |
| ६ | ज्येष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम | १५ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय |
| ७ | दलित तथा जनजातिका लागि व्यवसायमा आधारित तालिम र सामाग्री व्यवस्थापन गर्ने | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| | | **११५** | **२१** | **३१** | **२१** | **२१** | **२१** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगाल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व भएको हुने | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | | | | | | | गापा | अन्तर सरकार समन्वय भएको हुने | २.२ | ३ |
| असर | लक्षित वर्गका लागि बजेट विनियोजन (महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) वृद्धि भई समान समाज निर्माण भएको हुने | बजेट विनियोजन | लाख | ५ | २० | २५ | ३५ | ४० | ५० | " | | | |
| प्रतिफल | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट लाभान्वित ज्येष्ठ नागरिक | ज्येष्ठ नागरिक | संख्या | ० | ५२ | ५४ | ५६ | ५८ | ६० | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदायसँग समन्वय भएको हुने | २ | ३ |
| | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या भएको हुने | लाभान्वित जनसंख्या | प्रतिशत | ० | २० | २५ | २५ | ३० | ३० | " | | २.२ | ३ |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | - | ५२ | ५४ | ५६ | ५८ | ६० | " | | २.२ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला भएको हुने | महिला | प्रतिशत | – | ५२ | ५४ | ५६ | ५८ | ६० | ” | | २ | ३ |

## ५.६ कला, भाषा, संस्कृति र सम्पदा

**पृष्ठभूमि**

यस गाउँपालिका जातीय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरुमा पनि विविधता पाइन्छ । पछिल्लो समयमा विस्तारै होमस्टे संस्कारको विकासले संस्कृति र सम्पदा क्षेत्रको प्रवर्द्धनमा थप टेवा पुऱ्याईएको छ ।

**समस्या**

मातृभाषा, साहित्य, सम्पदा, कला र संस्कृतिको खोज, अनुसन्धान र सर्वेक्षण तथा संरक्षणको कमि हुनु, भाषा, कला एवम् संस्कृतिको क्षेत्रमा कार्यरत संघसंस्था र सरकारका बीच प्रभावकारी सहकार्य हुन नसक्नु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्याहरू रहेका छन् ।

**चुनौति**

विभिन्न मातृभाषा र लिपिको मानकीकरणको समस्या समाधान गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा संरक्षण गर्नु, लोपन्मुख अवस्थामा रहेका जातजातीको मौलिकता संरक्षण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु, बढ्दो शहरीकरण र विदेशी प्रभावका कारण मूर्त र अमूर्त संस्कृति विनाश र परिवर्तन हुँदै जानु, कला, संस्कृति, तथा साहित्य संरक्षणमा ध्यानाकर्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

**अवसर**

भाषा, कला एवम् संस्कृतिको कृषि, पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी वृद्धिको सम्भावना रहनु, पर्याप्त सांस्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु, भाषा, लिपि, कला आदिको संरक्षण र उपयोग स्थानीय निकायको दायरामा रहेको, पर्यटकलाई आकर्षण गर्न सकिने अवस्था रहनु, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने निती हुनु, साहित्यिक महोत्सवको आयोजना गर्न जस्ता अवसरहरु रहेका छन् ।

**सोच**

"सामाजिक एकता; भाषा, कला तथा संस्कृतिको संरक्षण र संवर्द्धन"

**लक्ष्य**

भाषा, कला तथा संस्कृतिको विविधिकरण सहितको सद्भावपूर्ण समाज निर्माण गर्ने ।

**उद्देश्य**

१. सबै सांस्कृतिक सम्पदाहरुको अभिलेखीकरण गरी संरक्षण गर्नु ।
२. स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गरी पर्यटकीय तथा धार्मिक दृष्टिकोणले विकास गर्ने ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सबै सांस्कृतिक सम्पदाहरुको अभिलेखीकरण गरी संरक्षण गर्नु । | |

| | |
|---|---|
| १.१ मूर्त तथा अमूर्त सम्पदा, भाषा, संस्कृति, कला, लिपिको संरक्षण गर्ने । | १.१.१ भाषा, कला र साँस्कृतिको संरक्षण र सम्वर्द्धन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| | १.१.२ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट संरचनाहरू निर्माण गरिनेछ । |
| | १.१.३ ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण गरिनेछ । |
| | १.१.४ लोपोन्मुख हुन लागेका भाषाहरु संरक्षण गरिनेछ । |
| | १.१.५ विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गरिनेछ । |
| उद्देश्य २ स्थानीय भाषा, साहित्य तथा कलाको प्रवर्द्धन गरी पर्यटकीय दृष्टिकोणले विकास गर्ने । | |
| २.१ भाषा, कला र साहित्य, बहुसाँस्कृतिको संरक्षण, संवर्द्धन गरी पर्यटन विकास गर्ने । | २.१.१ गाउँपालिकामा आवश्यकता अनुसार मन्दिर र गुम्बाहरु स्तरोन्नति गरिनेछ । |
| | २.१.२ विभिन्न जातजातिका कला, संस्कृतिको जर्गेना गर्न संग्राहलयको स्थापना गरिनेछ । |
| | २.१.३ स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न सहकार्य गरिनेछ । |
| | २.१.४ धार्मिक सम्पदाहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| | २.१.५ विभिन्न जातजातिसँग सम्बन्धीत मौलिक एवम् स्थानीय सामग्रीहरू उत्पादन र प्रवर्द्धन गरिनेछ । |
| | २.१.६ विभिन्न जातजातिका सांस्कृतिक रितिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरु भिडियोहरु बनाउने र विद्यालय तथा सामुदायिक स्तरमा प्रदर्शन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण गर्ने ।
२. विभिन्न जातजातिका कला, संस्कृतिको जर्गेना गर्न संग्राहलयको स्थापना गर्ने ।
३. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरू उत्पादन र प्रवर्द्धन गर्ने ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | लोपुन्मुख राउटे जातिको संरक्षण | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| २ | मगरजातिको भेसभुसा र भाषा संरक्षण | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश/स्थानीय |
| ३ | स्थानीय मारुनी नाच ,धमारी पन्चेबाजा संरक्षण कार्यक्रम | २० | ४ | ४ | ४ | ४ | ४ | स्थानीय |
| ४ | स्थानीय भाषा सम्बन्धि कक्षा संचालन गर्ने | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| | | **१४०** | **२८** | **२८** | **२८** | **२८** | **२८** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगोल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३/ ८४ | २०८४ /८५ | २०८५ /८६ | | | | |
| प्रभाव | स्थानीय कला, भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण भएको हुने | स्थानीय कला, भाषा साहित्य पेशा | संख्या | - | १० | २० | ३० | ४० | ५० | गापा | अन्तर सरकार समन्वय भएको हुने | २ | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा भएको हुने | स्रष्टा | संख्या | - | ५ | १० | १५ | २० | २५ | " | | २ | ११ |
| प्रतिफल | कला, संस्कृति र सम्पदाका प्रकारको संरक्षण भएको हुने | कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | - | ६ | ६ | ७ | ७ | ७ | " | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने | २ | ११ |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व संरक्षण भएको हुने | चाँडपर्व | संख्या | - | ५ | ७ | ८ | १२ | १५ | " | | २ | ११ |
| | स्थानीय लोपोन्मुख भाषाहरु संरक्षण भएको हुने | लोपोन्मुख भाषा | संख्या | - | संरक्षण गर्ने | | | | | " | | २ | ११ |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु भएको हुने | अध्ययन तथा अनुसन्धान | संख्या | - | ३ | ४ | ५ | ५ | ५ | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने | २ | ११ |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन भएको हुने | प्रकाशन | संख्या | ० | १ | १ | १ | १ | १ | " | | २ | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र (संग्रहालय) निर्माण भएको हुने | संग्रहालय | संख्या | - | १ | १ | १ | १ | १ | ” | | २ | ११ |

# परिच्छेद ६ : भौतिक पूर्वाधार विकास

गाउँपालिकाको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकासको ठूलो महत्व हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै-स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाई, वैकल्पिक ऊर्जा, लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, अस्पताल तथा सामुदायिक भवन, प्रशासनिक भवन र आवास तथा बस्ती विकास जस्ता पूर्वाधार निर्माण कार्यको जिम्मेवारी समेत प्रदान गरेको छ। यसले गाउँपालिकाको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हाँसिल गर्न सहयोग पुऱ्याउँछ।

## ६.१ यातायात, सडक, पुल

### पृष्ठभूमि

सडक पूर्वाधार ग्रामिण विकासको महत्वपूर्ण साध्यका रुपमा स्थापित छ । गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि प्रत्येक वडा जोड्ने सडकहरु आवश्यक रहेका छन् । विद्यमान सडकहरुलाई प्रथामिकताका आधारमा कालोपत्रे गर्नु, सडक अपुग भएको स्थानमा नयाँ ट्र्याक खोल्नु र पक्की पुल निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । यसको साथै पर्यटकीय पदमार्गको सञ्चालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटकीय पदमार्गको निर्माण र विस्तार कार्यलाई महत्व दिएर अगाडी बढाउनु पर्ने आवश्यकता रहेको छ ।

### समस्या

सडकहरु कच्ची हुनु तथा यातायातको राम्रो व्यवस्था नहुनु, पर्याप्त यातायातका साधनहरुको अभाव हुनु, पुल तथा कल्भर्ट अपर्याप्त हुनु, भौगोलिक अवस्थाको कारण वर्षातमा बस्तीमा क्षति पर्नु, सडकहरु कालोपत्रे गर्न वित्तीय श्रोतको कमी हुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक निर्माण हुनु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, मापदण्ड विना आयोजना पहिचान तथा छनौट हुनु, सडक निर्माणमा बजेट विनियोजन र सञ्चालनमा कुशलताको अभाव हुनु र ठेक्कापट्टा व्यवस्थापन कमजोर रहनु जस्ता समस्याहरु रहेका छन् ।

### अवसर

यस गाउँपालिकामा गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन गर्नु, गाउँपालिकाका महत्वपूर्ण सडकहरु स्तरोन्नति तथा कालोपत्रे गर्न, पक्कीपुल र पर्यटकीय पदमार्ग निर्माण गर्न संघीय र प्रदेश सरकारको सहयोग रहेको छ। सडकको डिजाइन, निर्माण, मर्मत संम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको प्रयोग हुनु, स-साना खोला तथा खोल्सीहरुमा आवश्यकता अनुसार पुल तथा कल्भर्ट निर्माण र जिर्ण अवस्थामा रहेका पुलको मर्मत सम्भार गर्नु जस्ता अवसरहरु रहेका छन् ।

### चुनौती

गाउँपालिकाका महत्वपूर्ण सडकहरुको स्तरोन्नति गरी कालो पत्रे गर्न, प्राविधिक र वित्तीय व्यवस्थापन गर्न, वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने सडकको विस्तार र कालोपत्रे गर्न, वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार गर्न, सडक यातायात बाहेक यातायातका अन्य साधनहरुको सञ्चालन गर्न, सडकमा रहेका विद्युत तथा सञ्चारका पोलहरुको उचित व्यवस्थापन गर्न, बजेट विनियोजन तथा सञ्चालनलाई व्यवस्थित गर्न, बस्तीलाई व्यवस्थित रुपमा विस्तार गर्न, निर्माण सामाग्रीको उपलब्धता र गुणस्तरलाई सुनिश्चित गर्न जस्ता चुनौतीहरु यस गाउँपालिकामा रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**

व्यवस्थित पूर्वाधार सडक र पुल, विकासका मेरुदण्ड नगरौ भुल ।

**लक्ष्य**

गाउँपालिकाका सम्पूर्ण सडक तथा पुलहरुलाई गुणस्तरीय र वातावरणमैत्री बनाउने ।

**उद्देश्य**

१. गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु ।
२. गाउँपालिकाको विद्यमान सडकहरुको स्तरोन्नती गर्नु ।

**रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १ गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री यातायात सञ्जाल विस्तार गर्नु । | |
| १.१ राष्ट्रिय मापदण्डमा आधारित गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री सडक संजालको निर्माण गर्ने । | १.१.१ गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्मको सडक सञ्जाल स्तरोन्नती र कालोपत्रे गरिनेछ । |
| | १.१.२ मापदण्ड अनुसार गाउँपालिकाको आवश्यक स्थानमा बसपार्क र बसस्टपहरु निर्माण गरिनेछ । |
| | १.१.३ निर्मित सडक गुरुयोजना निर्माण लागु गरिनेछ । |
| | १.१.४ पर्यटन पदमार्गको सञ्चालन तथा लिङ्करोडको संभाव्यता अध्ययन गरिनेछ । |
| | १.१.५ आवश्यकताको आधारमा सबै महत्वपूर्ण क्षेत्रहरुमा मोटर पुल तथा झोलुङ्गे पुल विस्तार गरिनेछ । |
| उद्देश्य २ गाउँपालिकाको विद्यमान सडकहरुको स्तरोन्नती गर्नु । | |
| २.१ विद्यमान सडक सञ्जालहरुको स्तरोन्नती गरी सडक यातायात सहज बनाउने । | २.१.१ पदमार्गहरुको स्तरोन्नती गरी सुरक्षित र व्यवस्थित बनाइनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. गाउँपालिकाको यातायात गुरुयोजना अनुसारको कार्यक्रमहरु कार्यान्वयन गर्ने ।
२. गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्मको सडक सञ्जाल स्तरोन्नती र कालोपत्रे गरि सार्वजनिक यातायात सुचारु गर्ने ।
३. उचित स्थान पहिचान गरेर बस पार्क निर्माण गर्न आवश्यक व्यवस्था गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | कर्णाली राजमार्ग (१५ किमी) | १००० | २०० | २०० | २०० | २०० | २०० | संघ |
| २ | डुङ्गेश्वोर धरमपोखरा सडक (१५ किमी) | ४०० | ८० | ८० | ८० | ८० | ८० | संघ/प्रदेश/स्थानीय |
| ३ | तल्लो - माथिल्लो डुङ्गेश्वोर (८ किमी) | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ/प्रदेश |
| ४ | गुराँसे पातिकान्ला तल्लो डुङ्गेश्वोर सडक (१७ किमी) | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/प्रदेश/स्थानीय |
| ५ | दोबाटा बेदुगाँउ पातलखोला सडक (१० किमी) | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/प्रदेश/स्थानीय |
| ६ | सियाकोट रतिखोला देवीस्थान पुरेनी सडक (१२ किमी) | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ७ | घोडाबास भित्रिखोला सकिन्धारा दोबाटो सडक (१२ किमी) | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ८ | रानीमत्ता ठुलोपोखरी भित्रिखोला काफलमेल गोगनपानी (१२ किमी) | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ/प्रदेश/स्थानीय |
| ९ | राउतेगल्छिना काफलमेल सडक (१० किमी) | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/प्रदेश/स्थानीय |
| १० | राउतेगल्छिना वडाकार्यलय ५ बिउराखेत सडक (१५ किमी) | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/प्रदेश/स्थानीय |
| ११ | बुवाइराखे शन्तिबजार सानाकाडा भईरी रानावन बिउराखेत सडक (१५ किमी) | ३०० | ६० | ६० | ६० | ६० | ६० | संघ/प्रदेश/स्थानीय |
| १२ | भ्युचुला बगौरा पुलिया सडक (१८ किमी) | ५०० | १०० | १०० | १०० | १०० | १०० | संघ/प्रदेश/स्थानीय |
| १३ | बगौरा मैनडाँडा मिलनचोक सडक (१० किमी) | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/प्रदेश/स्थानीय |
| १४ | झुजा वडाकार्यालय ७ उगाडा ओखेनी घुम्नेबिसाउ सडक (१५ किमी) | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १५ | धानटाकुरी वडा ६ लामाटाडा मार्खे कदमरुख थालिकडा सडक (१० किमी) | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १६ | **महिन खोला गयला घाडी देखि सिमेसालसम्म ग्राभेल सडक** | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| १७ | **जुम्ला राजमार्ग - कर्णाली छालसम्म नया सडक निर्माण** | ५०० | १५० | १५० | १०० | ५० | ५० | संघ/प्रदेश/स्थानीय |
| १८ | रणनीतिक तथा महत्वपूर्ण सडक कालोपत्रे साथै सडक निर्माणसँग वृक्षारोपण तथा वायोइन्जिनिरिङ प्रणाली अवलम्बन | २०० | ४० | ४० | ४० | ४० | ४० | प्रदेश/स्थानीय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | देउराली — स्वास्थ्य चौकी सम्म  सडक मर्मत | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ/प्रदेश/स्थानीय |
| २० | स्याउलिबज़ार, डुडापोखरा, रियाजेखोला सडक स्तरउन्नति | १५० | ५० | ३० | २५ | २५ | २० | संघ |
| २१ | अम्रा देखि रप जोड्ने झुलुंगे पुल | १०० | २० | ५० | ३० | | | प्रदेश |
| २२ | रियाजेखोला पक्कि पुल | ३६० | | १० | १५० | १०० | १०० | संघ |
| २३ | कृषि सडक निर्माण | ८०० | १०० | १५० | १५० | २०० | २०० | संघ/प्रदेश/स्थानीय |
| २४ | पातिकान्ला छार्ची हुदै तियारथान सडक स्तरोन्नति गर्ने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| २५ | गौरब मार्ग तालपोखरी देखि पातिकान्ला सडक स्तरोन्नति गर्ने | ५०० | १२० | १०० | १०० | १०० | ८० | संघ |
| २६ | गुराँसे बजार देखि शिवमन्दिर पदमार्ग | २५ | १० | १० | ५ | | | स्थानीय |
| २७ | गुराँस ४ मोहरा देखि दुल्लु नगरपालिका १३ जोड्ने पक्कि पुल | १५० | २० | २० | ३० | ४० | ४० | संघ |
| | **जम्मा** | **८०८५** | **१५७०** | **१६२०** | **१६९०** | **१६१५** | **१५९०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार वृद्धि भएको हुने | घरपरिवार | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ |
| असर | कालोपत्रे सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | ५८.२ | ६४ | ६९ | ७५ | ८० | ८५ | गापा RMTMP | | ३ | ९ |
| प्रतिफल | ग्राभेल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | २१३.४५ | २३० | २२५ | २१९ | २१४ | २०९ | गापा RMTMP | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर पालिका बीच समन्वय भएको हुने | ३ | ९ |
| | धुले सडक लम्वाइ | धुले सडक लम्वाइ | किमि | १००.५२ | ८० | ६० | ४० | २० | १० | गापा RMTMP | | ३ | ९ |
| | शहरी सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | – | ३० | ४० | ५० | ६० | ७० | ” | | ३ | ९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक फर्निचर, ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ बढेको हुने | लम्वाइ | किमि | – | ५ | १० | २० | ३० | ४० | ” | | ३ | ९ |
| | पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक भएको हुने | सडक | संख्या | – | ८ | ८ | ९ | ९ | १० | ” | | ३ | ९ |
| | नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि घटेको हुने | औषत समयावधि | घण्टा | १ | १ | ०.५ | ०.५ | ०.२५ | ०.२५ | ” | | ३ | ९ |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल स्तरोन्नति भएको हुने | सडक | संख्या | २ | २ | २ | ३ | ३ | ४ | ” | | ३ | ९ |

## ६.२ सिंचाई

**पृष्ठभूमि**

सिंचाईको उपलब्धता कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धिका लागि महत्वपूर्ण आधारशिलाका रुपमा रहेको हुन्छ । सिंचाई पूर्वाधारको सहज र समावेशी वितरणले ग्रामिण अर्थतन्त्रको विकास र विस्तारमा मात्र नभई रोजगारी प्रवर्द्धन, गरिबी निवारण तथा खाद्य सुरक्षामा पनि सिंचाईको योगदान रहेको हुन्छ । तसर्थ यसलाई दिगो विकास लक्ष्य प्राप्तिको मुल आधारका रुपमा राष्ट्रिय तथा प्रादेशिक योजनाले पनि अंगिकार गरेका छन् । गाउँपालिकाका प्रायः गाउँहरुमा व्यवस्थित तथा आधुनिक सिंचाई पूर्वाधारको सुविधा पुग्न सकेको छैन र यहाँ बसोवास गर्ने नागरिकहरु सिंचाईको लागि खोला र केहि नयाँ कुलोकुलेसाहरुमा निर्भर रहेको अवस्था छ । गाउँपालिकामा विभिन्न सिंचाई योजनालाई प्राथमिकीकरण गरी सुख्खा ग्रस्त क्षेत्रमा लिफ्ट सिंचाई, थोपा सिंचाई, फोहोरा सिंचाई, प्लाष्टिक सिंचाई, आकासेपानी संकलन र तालतलैया तथा पानीको श्रोत संरक्षण मार्फत सिंचाई व्यवस्थालाई उत्पादनमुखी बनाई नयाँ खेतीको विधि तथा ढाँचाहरूको अभ्यास गर्न आवश्यकता रहेको छ ।

**समस्या**

सिंचाईको अभावको कारण व्यवसायिक कृषि र कृषि उत्पादकत्वमा ह्रास आउनु, कुलो तथा नहरहरुको राम्रो व्यवस्थापन हुन नसक्नु, सिर्जनशील सिंचाई नहुनु, सिंचाई प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिंचाई सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, मुख्य सिंचाईहरु व्यवस्थित नहुनु, परम्परागत सिंचाईमा निर्भरता अधिकतम हुनु, सिंचाई गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, र बहुउद्देश्य सिंचाई आयोजनाहरू विस्तार गर्न नसक्नु सिंचाई सम्बन्धी सङ्गठनात्मक पुनर्संरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता, नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, डिप आदि) सिंचाईको विस्तार हुन नसक्नु, पुराना पोखरी नासिँदै जानु, नदीको सतह गहिरिने क्रमले सिंचाई आयोजना प्रभावित हुनु क्षेत्रका समस्याहरू रहेका छन् ।

**अवसर**

सिंचाई योजना विकास गर्न, ठूला व्यवसायिक कृषि फार्म तथा आयोजनाहरू विकासतर्फ आकर्षण बढ्दै जाँदा सिंचाईको सुविधाको माग बढ्दो क्रममा रहनु, कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप अनुरुप उपयुक्त प्रविधि अवलम्बन गर्न, वर्षामा आउने पानीलाई संकलन गर्न सकिने, नयाँ प्रविधिमा आधारित सिंचाईको विकास हुनु र सिंचाईमा दक्षता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

**चुनौती**

नयाँ ठूला आयोजना निर्माण गर्न, सिंचाई प्रणालीको लागत उच्च हुनु, सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन, सिंचाई क्षेत्रमा विज्ञ प्रशिक्षक र तालिम प्राप्त प्राविधिकको पूर्ति गर्न, आर्थिक श्रोत र साधन उपलब्ध गराउन, सिंचाई आयोजनाहरूको मर्मतसम्भार, सञ्चालन तथा व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन, प्राकृतिक मल तथा मुहानको दिगो संरक्षण गर्न, सतह सिंचाई तथा भूमिगत सिंचाईको संयोजनात्मक प्रयोग गर्न, आधुनिक सिंचाईमा ध्यानाकर्षण तथा लगानी वृद्धि गर्न, सिंचाई आयोजना विकासप्रति समुदायको चासो वृद्धि गर्न आदि सिंचाई क्षेत्रका चुनौतीहरू हुन् ।

**सोच**

आधुनिक प्रविधि पम्पिङ प्रणालीको प्रयोग, समृद्ध गुराँसको लागि बाँझो जमिनको उपयोग ।

**लक्ष्य**

आधुनिक सिंचाई प्रणालीको विकास र व्यवस्थापनद्वारा बाँझो जमिनको उपयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य**

१. विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार गर्नु ।

२. उपयुक्त प्रविधि मार्फत् कृषियोग्य भूमिमा सिंचाईको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ विद्यमान सिंचाई पूर्वाधारको मर्मत तथा जिर्णोद्धार गर्नु । | |
| १.१ गुराँस गाउँपालिकाको सम्पूर्ण विद्यमान सिंचाईहरुको स्तर वृद्धि गर्ने । | १.१.१ परम्परागत सिंचाई प्रविधिहरुलाई बाह्रै महिना सिंचाई उपलब्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ । |
| | १.१.२ सबै जीर्ण सिंचाईहरुको मर्मत संम्भार गरी नयाँ प्रविधियुक्त सिंचाईको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गरिनेछ । |
| उद्देश्य २ उपयुक्त प्रविधिमार्फत् कृषियोग्य भूमिमा सिंचाईको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु । | |
| २.१ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने । | २.१.१ सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ । |
| | २.१.२ सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत कानुन तर्जुमा गरिनेछ । |
| २.२ खेतीयोग्य जमिनहरुमा नयाँ प्रविधियुक्त सिंचाई सुविधा उपलब्ध गराउने । | २.२.१ भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाई गुरुयोजना निर्माण गरिनेछ । |
| | २.२.२ सुख्खा ग्रस्त क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्महरुमा आवश्यकता पहिचान गरी सिंचाईको व्यवस्था गरिनेछ । |
| | २.२.३ सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. खेतीयोग्य जमिनहरुमा प्रविधियुक्त दिगो सिंचाई सुविधा उपलब्ध गर्ने ।
२. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान र सम्भावित सिचाई योजनाका परिदृश्यहरू समेत प्रतिविम्बित हुने गरी विस्तृत सिंचाई गुरुयोजना तयार गर्ने ।
३. सिंचाई आयोजनाहरूको मुहान संरक्षण गर्ने र विद्यमान सिंचाईको मर्मत संम्भार र स्तरोन्नती गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | परम्परागत सिंचाई प्रविधिहरुलाई बाह्रै महिना सिंचाई उपलब्ध हुन सक्ने गरी स्तरोन्नति गर्ने | २०० | ४० | ४० | ४० | ४० | ४० | संघ/प्रदेश/स्थानीय |
| २ | काफलतोली सिचाई नया निर्माण | २५ | १० | ५ | ५ | ५ | | संघ/प्रदेश/स्थानीय |
| ३ | निर्माणाधीन तथा क्रमागत आयोजनालाई सम्पन्न गर्न प्राथमिकता | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ४ | सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास कार्यक्रम | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ/प्रदेश/स्थानीय |
| ५ | पातलखोला — घामयार सिचाई आयोजना | ५० | २० | १० | १० | ५ | ५ | स्थानीय |
| ६ | भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाई गुरुयोजना निर्माण | १५ | १५ | | | | | स्थानीय |
| ७ | डिप वोरिङ जडान | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ८ | सिचाइ पोखरी निर्माण तथा मर्मतसंभार | ५० | | | १० | २० | २० | संघ/स्थानीय |
| | **जम्मा** | **५५५** | **१२८** | **९८** | **१०८** | **११३** | **१०८** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | हिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि वृद्धि भएको हुने | भूमि | हेक्टर | ११०० | १२०० | १५०० | २१०० | २८०० | ३५०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ४ | २ |
| असर | वर्षाको आकाशे पानीमा निर्भर सिँचाइ भूमि न्यून भएको हुने | भूमि | हेक्टर | २५०० | २३०० | २१०० | १८०० | १५०० | १२०० | ” | | ४ | २ |
| प्रतिफल | पानी कुलो स्तरोन्नति तथा मर्मत संभार भएको हुने | पानी कुलो | संख्या | - | ५ | ८ | १२ | १६ | २० | ” | अन्तर सरकार समन्वय र सहकार्य भएको हुन | ४ | २ |
| | सिंचाईका लागि प्रयोगमा आउने आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी भएको हुने | आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी | संख्या | १२० | २०० | ४०० | ६०० | ८०० | १००० | ” | | ४ | २ |
| | सिंचाई प्रविधि (सतह, पोखरी, ड्रिप, स्पिडक्लर) प्रयोगमा आएको हुने | सिंचाई प्रविधि | संख्या | ० | १० | २० | ३० | ४० | ५० | ” | | ४ | २ |

## ६.३ भवन तथा ग्रामीण विकास

**पृष्ठभूमि**

दिगो सामाजिक तथा आर्थिक विकासको लागि भवन तथा ग्रामीण विकास क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ । विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह जस्ता सामाजिक पूर्वाधार नागरिकलाई सेवा सुविधाको पहुँच वृद्धि गर्ने आधार हुन् । संविधानले मौलिक अधिकारका रूपमा प्रत्येक नागरिकलाई आवासको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन, सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सभागृह र अन्य सरकारी भवन तथा संरचनाको निर्माण र मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन गर्ने, सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कनको जिम्मेवारी सुम्पेको छ ।

**समस्या**

सुरक्षित ग्रामीण विकासको बारेमा जनचेतनाको कमी हुनु, राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन नहुनु, आधारभूत भौतिक संरचनाको कमी हुनु, पूर्वाधार संरचनाको विकासमा समन्वय कमजोर हुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माण सामाग्रीको अभाव हुनु, भवन निर्माण किफायती नभई महँगो हुनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी हुनु, सुरक्षित, स्वस्थकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गरी एकीकृत बस्ती निर्माणको अवधारणा विकासमा कम ज्ञान हुनु हरेक वडामा सुरक्षा निकायहरु नरहेको आदि यस क्षेत्रका समस्याहरु हुन् ।

**चुनौती**

विभिन्न ठाउँमा छरिएर रहेका बस्ती तथा घरहरूलाई एकिकृत रुपमा समुचित सेवा उपलब्ध गराउन, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न, आधारभूतसेवा सुविधाको विकासका लागि स्रोत जुटाउनु, विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु, सरकारी र सामुदायिक भवन बनाउन, लालपूर्जा नभएको जग्गाहरुलाई व्यवस्थित गर्न, राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खर्चिलो, भू-कम्प प्रतिरोधी, वातावरणमैत्री भवन निर्माण गर्न, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामाग्री उपलब्ध गरी भवन तथा आवास निर्माण गर्न जस्ता चुनौतीहरु छन् ।

**अवसर**

सामुदायिक आवास निर्माण गर्न सकिने, जोखिममा परेका बस्तीहरुको पहिचान गरी उपयुक्त ठाँउमा विस्तार गर्न सकिने, सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन हुनु, भवन तथा ग्रामीण विकास सरकारको प्राथमिकता पर्नु, योजनाबद्ध तरिकाले जग्गा विकास तथा व्यवस्थापन, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त गाउँ बसाल्ने सम्भावना रहनु, आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी गाउँ बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

**सोच**

भुकम्पिय जोखिम रहित आवास, सबै मिलि बनाऔ सुरक्षित गुराँस ।

**लक्ष्य**

भौतिक पूर्वाधार तथा सेवा सुविधाको विकास, त्यसको गुणस्तर र पहुँचमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. भौतिक विकास योजना तयार गरी कार्यान्वयन गर्नु ।

२. आधारभूत ग्रामीण पूर्वाधारको अवस्था सुधार गर्नु ।

**रणनीति तथा कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
| --- | --- |
| उद्देश्य १ भौतिक विकास योजना तयार गरी कार्यान्वयन गर्नु । | |
| १.१ राष्ट्रिय भवन संहिता र स्थानीय भवन मापदण्ड कार्यान्वयन गरी सुरक्षित र वाातावरणमैत्री भवन निर्माणमा जोड दिने । | १.१.१ व्यवस्थित बस्ती विकासको लागि चक्लावन्दी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.२ राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । |
| | १.१.३ बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण गरिनेछ । |
| | १.१.४ हरेक वडामा व्यवस्थित घाटको विकास गरिनेछ । |
| | १.१.५ एक वडा एक बहुउद्देश्यीय पार्क निर्माण गरिनेछ । |
| उद्देश्य २ आधारभूत ग्रामीण पूर्वाधारको अवस्था सुधार गर्नु । | |
| २.१ जोखिमयुक्त र छरिएर रहेका बस्तीहरुलाई स्थानान्तरण गरी बस्ती विकास तथा ग्रामीण विकासका लागि जमिनको एकिकरण गर्ने । | २.१.१ ग्रामीण विकास र बस्ती विकासको क्षेत्र निर्धारण गरिनेछ । |
| | २.१.२ जोखिमयुक्त र छरिएर रहेका घर बस्तीहरुको पहिचान गरी संरक्षण गरिनेछ । |
| | २.१.३ एकीकृत बस्तीको लागि उपयुक्त जग्गाको खोजी गरी बस्तीको विकास गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरी आवास तथा बस्ती विकास गर्ने ।
२. जोखिमयुक्त र छरिएर रहेका घर बस्तीहरुको पहिचान भई संरक्षण गर्ने ।
३. ग्रामीण विकास र बस्ती विकासको क्षेत्र निर्धारण गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार गरी नक्सा पास लागू गर्ने । | ५ | ५ | | | | | स्थानीय |
| २ | स्थानीय तहमा जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड बनाई लागु गर्ने | १० | | १० | | | | स्थानीय |
| ३ | राष्ट्रिय भवन संहिता र योजना, भवन निर्माण, वास्तुकला, पूर्वाधार तथा वातावरण सम्बन्धी एकीकृत मोडल मापदण्डलाई संयोजन गरी कार्यान्वयन गर्ने | ५ | ५ | | | | | स्थानीय |
| ४ | आवश्यकता अनुसार सामुदायिक भवनहरु नयाँ निर्माण तथा भएकाको स्तरोन्नति गरी सुव्यवस्थित तथा सुविधा सम्पन्न बनाउने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ५ | उपयोगका आधारमा भूमि प्रयोग योजना ( जग्गा वर्गीकरण) तयार गर्ने | २० | | | २० | | | संघ/स्थानीय |
| ६ | जोखिमयुक्त र छरिएर रहेका घर वस्तीहरुको पहिचान गरी संरक्षण गर्ने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ७ | सक्रिय उमेर समूहको जनसंख्यालाई भवन निर्माण सम्बन्धी तालिमहरू दिई परिचालन गर्ने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ८ | जेस्ठ नागरिक मिलन केन्द्र भवन निर्माण | ५० | १० | १० | १० | १० | १० | |
| ९ | एकिकृत बस्ती व्यवस्थापन | १०० | १० | १० | ३० | २५ | २५ | |
| | **जम्मा** | **४९०** | **९०** | **९०** | **१२०** | **९५** | **९५** | |

नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराग संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२/ ८३ | २०८३ /८४ | २०८ ४ /८५ | २०८५ /८६ | | | | | |
| प्रभाव | एकीकृत भौतिक सेवा सुविधा उपलब्ध बजार क्षेत्र भएको हुने | बजार क्षेत्र | संख्या | – | – | १ | २ | ३ | ४ | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| असर | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र भएको हुने | खुल्ला पार्क क्षेत्र | संख्या | – | १ | – | २ | – | ३ | ” | | ३ | ९ | १.३ |
| प्रतिफल | व्यवस्थित बसपार्क तथा बस स्टेशन भएको हुने | बसपार्क तथा बस स्टेशन | संख्या | – | २ | ३ | ३ | ३ | ४ | ” | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसँग समन्वय भएको हुने | ३ | ९ | १.३ |
| | बजार क्षेत्रमा बसोवास गर्ने जनसंख्या वृद्धि भएको हुने | जनसंख्या | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ” | | ३ | ९ | १.३ |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, बिजुली, सञ्चार) सामुदायिक भवन ( | सामुदायिक भवन | संख्या | – | ११ | १२ | १३ | १४ | १५ | ” | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल भएको हुने | | | | | | | | | | | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना भएको हुने | सार्वजनिक भवन तथा संरचना | संख्या | ५० | ५५ | ५७ | ६० | ६२ | ६५ | " | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति भएको हुने | दक्ष जनशक्ति | संख्या | २० | ३० | ४० | ४५ | ५० | ६० | " | | ३ | ९ | १.३ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु भएको हुने | आवास त था संरचनाहरु | प्रतिशत | ०.५ | १ | ५ | १० | १५ | ३० | " | | ३ | ९ | १.३ |
| | आफ्नै स्वामित्वको घरमा बसोवास गर्ने परिवार वृद्धि भएको हुने | परिवार | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९२ | ९५ | " | | ३ | ९ | १.३ |
| | महिलामैत्री, बालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना भएको हुने | सार्वजनिक संरचना | संख्या | ५ | १० | २० | २५ | ३० | ३५ | " | | ३ | ९ | १.३ |

## ६.४ विद्युत तथा वैकल्पिक ऊर्जा

### पृष्ठभूमि

जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा देशकै आर्थिक विकासको सम्भावना भएको क्षेत्र हो । संविधानले जलश्रोतको बहुपयोगी विकास गर्न, विद्युत् तथा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ तथा सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ। नवीकरणीय ऊर्जा भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, बायो ग्याँस आदिलाई प्रमुख रुपमा लिन सकिन्छ । नवीकरणीय ऊर्जाले गाउँपालिका भित्र आवश्यकता पुरा गर्न महत्वपुर्ण परिपुरकको भूमिका खेल्न सक्छ ।

### समस्या

भौगोलिक विकटताले गर्दा कुनै कुनै बस्तीहरुमा विद्युत सेवा उपलब्ध नहनु, धेरै स्थानहरुमा अझै पनि अव्यवस्थित विद्युतका पोलहरु र नाङ्गा विद्युतका तारहरु रहनु, विद्युतका पोलहरु धेरै टाढा दुरीमा हुनु, दुई फेजको विद्युत प्रसारण लाइनलाई थ्री फेजमा विस्तार गर्न नसक्नु, प्राकृतिक विपत्तीको कारणले लामो समयसम्म विद्युत आपूर्ति अवरुद्ध हुनु, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, वैकल्पिक ऊर्जाको सम्भावना भए पनि प्रयोग न्यून रहनु, वैकल्पिक ऊर्जा योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, सडक बत्तीहरुको अभाव हुनु, ऊर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको अभाव हुनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

### अवसर

लघु विद्युत योजना पुनः सञ्चालन गर्न, भौतिक पूर्वाधार निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत उत्पादनमा लगानीमैत्री र प्रतिस्पर्धाको वातावरण सिर्जना गरी विदेशी तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न, प्राविधिक र वित्तीय साझेदारीमा सौर्य ऊर्जा उत्पादन गर्न, सौर्य ऊर्जाको क्षेत्रलाई विस्तार गरी विभिन्न क्रियाकलाप सञ्चालन गर्न जस्ता अवसरहरु छन् ।

### चुनौती

विद्युत र ऊर्जा विकासका लागि जिल्ला, प्रदेश र संघिय सरकार बीच समन्वय गर्न, वैकल्पिक ऊर्जा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, जलविद्युत उत्पादनमा पर्याप्त मात्रामा विदेशी तथा निजी क्षेत्राको लगानी आकर्षित गर्न, केन्द्रिय प्रसारण लाइनको अभावले उद्योग तथा कलकारखना सञ्चालन गर्न, विद्युत अवरोध हुँदा समयमा नै मर्मत गरी सुचारु गर्न, वैकल्पिक ऊर्जाको क्षेत्रमा प्रविधि प्रवर्द्धन तथा क्षमता विस्तार गर्न, सेवा प्रवाह गर्दै आएका साना तथा लघु जलविद्युतको उचित संरक्षण, व्यवस्थापन तथा स्तरोन्नति गर्न, गुणस्तरीय फलाम र स्टिलका पोलहरु व्यवस्था गर्न, नवीकरणीय ऊर्जा उत्पादन सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### सोच

घर घरमा दिगो र भरपर्दो बिजुली, पुर्याइ फेरौ गुराँसको काँचुली ।

### लक्ष्य

गाउँपालिकालाई आवश्यकता अनुरुप दिगो र गुणस्तरीय विद्युत सेवा विस्तार गर्ने ।

### उद्देश्य

१. सबै घरधुरीमा दिगो र भरपर्दो बिजुलीको पहुँच विस्तार गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सबै घरधुरीमा दिगो र भरपर्दो बिजुलीको पहुँच विस्तार गर्नु । | |
| १.१ वैकल्पिक ऊर्जाको उत्पादन र प्रयोगमा वृद्धि गर्ने । | १.१.१ गाउँपालिका केन्द्र, वडा केन्द्र विद्यालय, स्वास्थ्य चौकी र मुख्य बजार केन्द्रमा सौर्य बत्ती जडान गरिनेछ । |
| | १.१.२ लघु जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरी विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चित गरिनेछ । |
| | १.१.३ कृषि सहकारी आदिको सहकार्यमा ठूलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारीक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाइनेछ । |
| १.२ प्रत्येक घरधुरीमा राष्ट्रिय प्रसारणको लाइनको पहुँच पुऱ्याउने । | १.२.१ राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँच विस्तार गरी सबै गाउँ र टोलमा बाह्रै महिना विद्युत सेवा सुनिश्चित गरिनेछ । |
| | १.२.२ संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गरिनेछ । |
| | १.२.३ विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. राष्ट्रिय प्रशारण विद्युत सेवाको पहुँच सबै गाउँ र टोलमा बाह्रै महिना विद्युत सेवा उपलब्ध गर्ने ।

२. राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँचलाई सबै गाउँ र टोलमा सुनिश्चित गर्ने ।

३. कृषि सहकारी आदिको सहकार्यमा ठूलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारीक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाई रोजगारी सिर्जना गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | जिर्ण लघु जलविद्युत आयोजनाहरु मर्मत सुधार गरी सुचारु गर्ने । | ३० | १० | १० | १० | | | संघ/प्रदेश/स्थानीय |
| २ | विद्युतको पहुँच नपुगेका दुर्गम क्षेत्र सिमेसाल ,दारिम ,तल्लो काफलतोलीमा विद्युत विस्तार | ३० | १० | १० | १० | ० | ० | संघ/स्थानीय |
| ३ | राष्ट्रिय प्रसारण विद्युत सेवा सबै गाउँ र टोलमा बाह्रै महिना भरपर्दो बनाउन समन्यव गर्ने | ५ | १ | १ | १ | १ | १ | संघ/प्रदेश/स्थानीय |
| ४ | स्थानीय काठका जिर्ण विद्युत पोलहरुलाई प्रतिस्थापन गर्ने । | ३० | ६ | ६ | ६ | ६ | ६ | संघ/प्रदेश/स्थानीय |
| ५ | विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ६ | विद्युत जडान गर्न र मर्मत सम्भार गर्न सिपमुलक तालिम प्रदान गर्ने । | २५ | २.५ | २.५ | ५ | ५ | १० | संघ/प्रदेश/स्थानीय |
| ७ | दलित घरपरिवारमा सुधारिएको चुलो निर्माण | २५ | १० | ५ | ५ | ५ | | |
| | **जम्मा** | **१७०** | **४४.५** | **३९.५** | **४२** | **२२** | **२२** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | १० | १२ | १४ | १६ | १८ | २० | " | **जोखिम पक्ष तथा अनुमान** | ३ | ७ |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | ६० | ७५ | ८० | ८८ | ९२ | ९५ | " | | ३ | ७ |
| | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी भएको हुने | घरधुरी | संख्या | - | १० | २० | ३० | ४० | ५० | " | | ३ | ७ |
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | - | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ७ |
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती भएको हुने | सडक बत्ती | संख्या | - | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ७ |

## ६.५ सूचना तथा सञ्चार प्रविधि

**पृष्ठभूमि**

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ। सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएता पनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, इन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुने क्रममा छ। सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरुपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतीपूर्ण रहेको छ। नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ।

**समस्या**

भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता गर्न नसक्नु र उपलब्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, सबै क्षेत्रमा कम्प्युटर तथा इन्टरनेटको व्यवस्था अपर्याप्त हुनु, टेलिकम र एनसेल टावरहरु पर्याप्त र भरपर्दो नहुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरु अव्यवस्थित हुनु, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग बढ्दै जानु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु, गाउँ कार्यपालिका र वडा कार्यालयहरूमा इन्टरनेटको क्षमता कमजोर रहनु, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघसंस्थामा इन्टरनेट पूर्वाधारको पहुँच नहुनु आदि यस क्षेत्रका समस्याहरु हुन्।

**अवसर**

नेपालको संविधानले सूचना र सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रुपमा समावेश गर्नु, सूचना तथा सञ्चार सम्बन्धी नीति नियम निर्माणमा प्रदेश र संघीय सरकार क्रियाशील हुनु, स्थानीय तहमा मोबाइल फोन प्रयोगकर्ताको संख्यामा वृद्धि हुनु, राज्यको खुला नीतिका कारण निजी क्षेत्रका सञ्चार माध्यमहरूले देशव्यापी रूपमा प्रसारण गर्नु, मोबाइल फोन सेवा र इन्टरनेट सेवा पहुँचले सूचना तथा खबर सम्प्रेषणमा सहज हुनु, गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै जानु, जनतामा डिजिटल साक्षरता क्रमशः बढदै जानु जस्ता अवसरहरु रहेका छन्।

**चुनौती**

सञ्चार र प्रविधिका माध्यमहरूको पूर्ण रुपले विकास गर्न, इन्टरनेट सेवा प्रदायक संस्थाहरुको संख्या वृद्धि हुँदै जाँदा सूचना प्रविधिको विकासको लागि पर्याप्त व्यवस्था गर्न, आवश्यक संख्यामा सूचना, सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालीम प्राप्त व्यक्ति पूर्ति गर्न, परम्परागत हुलाक सेवालाई विविधिकरण गर्न, दुरसञ्चार सेवामा सबै नागरिकको पहुँच पु¥याउन, विद्यालय, स्वास्थ्य चौकी, सार्वजनिक कार्यालय जस्ता ठाँउहरुमा पर्याप्त टेलिफोन सेवा उपलब्ध गराउन, गाउँपालिका भित्र संचालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गर्न जस्ता चुनौतीहरु रहेका छन्।

**सोच**

सहज, दिगो र भरपर्दो सूचना सञ्चार, प्रविधि प्रयोग गरी गरौ शासकीय सुधार।

**लक्ष्य**

आधुनिक सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने।

**उद्देश्य**

१.सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउनु।
२. गाउँपालिकामा गुणस्तरीय सञ्चारको पहुँच विस्तार गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउनु । | |
| १.१सूचना र सञ्चार क्षेत्रको पूर्वाधार र प्राविधिक जनशक्ति विकास गरी सर्वसुलभ र भरपर्दो बनाउने । | १.१.१ गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गरिनेछ । |
| | १.१.२ नागरिकमा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ हरेक सरकारी कार्यालय र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ । |
| | १.१.४ सबै भेगमा मोबाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ । |
| | १.१.५ सुविधायुक्त टेलिसेन्टरहरूको विकास गरिनेछ । |
| | १.१.६ सूचना प्रविधिसँग सम्बन्धीत प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| | १.१.७ गुराँस एफ.एम सञ्चालनको लागि सहज वातावरण निर्माण गरिनेछ । |
| उद्देश्य २ गाउँपालिकामा गुणस्तरीय सञ्चारको पहुँच विस्तार गर्नु । | |
| २.१ सबै बस्तीहरुमा सञ्चार सेवाको सुनिश्चितता गर्ने । | २.१.१ सूचना तथा सञ्चार माध्यमहरूको सघन घनत्व व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई प्रोत्साहन गरिनेछ । |
| | २.१.२ सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गर्ने ।
२. गुराँस एफ.एम सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने ।
३. गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज र सरल गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | हरेक सरकारी कार्यालयहरुमा गुणस्तरीय ईटरनेट प्रविधि पूर्वाधार विकास, मुख्य मुख्य स्थानमा सी सी क्यामरा जडान | १० | ५ | ५ | | | | संघ/प्रदेश/स्थानीय |
| २ | सबै वडामा मोबाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधार विकास गर्न समन्यव गर्ने | १०० | | | २५ | २५ | ५० | संघ/स्थानीय |
| ३ | सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ४ | सूचना तथा सञ्चार माध्यमहरूको सघन घनत्व व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई प्रोत्साहन | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ५ | सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| | **जम्मा** | **१८५** | **२०** | **२०** | **४०** | **४०** | **६५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत | प्रसस संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | मोबाइल फोन प्रयोगकर्ता वृद्धि भएको हुने | प्रयोगकर्ता | प्रतिशत | ९८.०७ | ९९ | ९९ | ९९ | ९९ | ९९ | गापा | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| असर | इण्टरनेट सेवा उपलब्ध क्षेत्र (घरधुरी) वृद्धि भएको हुने | घरधुरी | प्रतिशत | २८.५७ | ३५ | ४५ | ५० | ६० | ७० | " | | ३ | ९ | १.३ |
| प्रतिफल | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु भएको हुने | संस्था | संख्या | १ | १ | २ | २ | ३ | ३ | " | दूरसञ्चार प्राधिकरण सँग समन्वय र सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध भएका क्षेत्रहरु भएको हुने | क्षेत्र | संख्या | - | १ | ६ | ६ | १० | १२ | " | | ३ | ९ | १.३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा भएको हुने | इन्टरनेट सेवा भएका कार्यालय | संख्या | २६ | ३१ | ३५ | ४० | ४० | ४० | " | निजी क्षेत्र (इन्टरनेट प्रदायक) सँग सहकार्य भएको हुने | ३ | ९ | १.३ |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा सि.सि.क्यामेरा जडित भएको हुने | सि.सि. क्यामेरा | संख्या | ११ | १५ | २० | २५ | ३० | ३५ | " | | ३ | ९ | १.३ |

# परिच्छेद ७: वातावरण तथा विपद व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता

### पृष्ठभूमि

नेपालको संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ। वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि यसको विकासमा गाउँपालिकाको भूमिका महत्वपुर्ण छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ ।

### समस्या

जोखिमयुक्त भू-बनोट, अव्यवस्थित बस्ती विस्तार, जलवायु परिवर्तन, प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको अभाव, नियमनको अभाव, सबै प्रजातीका बोटविरुवाको पहिचान तथा संरक्षणको अभाव हुनु, जडीबुटीको पहिचान एवं संरक्षण कम हुनु, वृक्षारोपणमा सिंचाई अभाव हुनु, खुल्ला चरिचरन गर्नु, पहिरो र भु-क्षय जस्ता प्राकृतिक प्रकोपको जोखिम हुनु, खोला किनारमा तटबन्धन नहुनु, भू-उपयोगमा आएको परिवर्तनले पानीको मुहान सुक्दै जानु, लोपोन्मुख जीवजन्तु तथा पशुपंक्षीहरुको हेरचाह र संरक्षण नहुनु, विस्तारित सडक सञ्जालले जमिनमा असर पुऱ्याउनु जस्ता समस्याहरु रहेका छन् ।

### चुनौती

विकास तथा वातावरण बीच सन्तुलन कायम गर्न, भूक्षयको उचित व्यवस्थापन गरी वातावरण संरक्षण गर्न, मानव र प्रकृति बीचको अन्तरसम्बन्ध र प्राकृतिक श्रोतको दिगो उपयोग बारे जनचेतना वृद्धि गर्न, वातावरणमैत्री विकासलाई संस्थागत गर्न, खोला, बुट्यान जस्ता सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटो र काठको अत्यधिक र अनियन्त्रित उत्खनन् रोक्न, जथाभावी रुपमा निर्माण हुने बाटोको ट्रयाक विस्तार कार्य रोक्न, प्राकृतिक श्रोतको अधिक दोहन नियन्त्रण गर्न, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउन, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउन जस्ता प्रमुख चुनौतीहरु रहेका छन् ।

### अवसर

उत्पादनशील बुट्यान क्षेत्र उचित मात्रामा उपलब्ध हुनु, उपभोक्ताहरूलाई सीपमूलक तथा जीविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन हुनु, वातावरण संरक्षण दिगो विकासको लक्ष्यमा समाविष्ट रहनु, काष्ठ तथा गैरकाष्ठ वनपैदावारको व्यवसायिक लाभको अवसर हुनु, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनको विकासमा टेवा पुग्नु, जनमानसमा वन तथा वातावरण संरक्षण सम्बन्धी चेतना बढ्दै जानु जस्ता अवसरहरु रहेका छन् ।

### सोच

वनको संरक्षण गरी वातावरणमैत्री विकास मार्फत दिगो रुपमा जैविक विविधता सरक्षण गर्ने ।

### लक्ष्य

वन, वातावरण तथा जैविक विविधताको उचित व्यवस्थापन गरी दिगो वातावरणीय सन्तुलन कायम गर्ने ।

### उद्देश्य

१. सामुदायिक वनको वैज्ञानिक व्यवस्थापन गर्नु ।
२. उपयुक्त वन क्षेत्रवाट दिगो र आधुनिक प्रविधिको प्रयोग मार्फत सन्तुलित वातावरणमा दिगो आर्थिक विकास गर्नु ।
३. वन, जलाधार क्षेत्र तथा जैविक विविधताको संरक्षण मार्फत वातावरणीय सन्तुलन कायम गर्नु ।
४. जल जंगलको समुचित प्रयोगबाट पर्यावरणीय सन्तुलन कायम गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ वनको संरक्षणमुखी व्यवस्थापन गरी वन तथा जैविक विविधताको दिगो उपयोग गर्ने । | १.१.१ कम्तीमा ५ लाख भन्दा माथिका सबै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ । |
| | १.१.२ विशेष संरक्षण क्षेत्र छुट्ट्याई वनमा आश्रित वन्यजन्तु तथा जडिबुटीको पहिचान तथा संरक्षण गरिनेछ । |
| | १.१.३ गैरकाष्ठ वन पैदावारको खेती विस्तार तथा बजारीकरण गरिनेछ । |
| | १.१.४ विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ । |
| | १.१.५ बृहत वृक्षारोपण र वन विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.६ जडिबुटी तथा अन्य उच्च मूल्यका मसलाजन्य उत्पादनमा जोड दिइनेछ । |
| | १.१.७ वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गरिनेछ । |
| | १.१.८ खानी तथा खनिज पदार्थहरूको पहिचान तथा वातावरणीय जोखिम न्यूनीकरण उपाय अवलम्बन गरी सञ्चालन, व्यवस्थापन तथा उपयोग गरिनेछ । |
| | १.१.९. वनमा आधारीत प्राकृतिक फलफुल खेति विस्तार गरी बजारीकरण मार्फत स्वरोजगार बनाईने छ । |
| २.१ वन तथा जैविक विविधताको संरक्षण गर्ने । | २.१.१ एक वडा एक उद्यान पार्क निर्माण गरिनेछ । |
| | २.१.२ वन्यजन्तुको लागि वन क्षेत्रमा पोखरी निर्माण गरिनेछ । |
| | २.१.३ उच्च प्रविधिको नर्सरी प्रवर्द्धन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

१. वृक्षारोपण र वन विकास कार्यक्रम सञ्चालन गर्ने ।

२. वन्यजन्तुको लागि वन क्षेत्रमा पोखरी निर्माण गर्ने ।

३. एक वडा एक उद्यान पार्क निर्माण गर्ने ।

४. वनमा आधारीत प्राकृतिक फलफुल खेतीको पकेट क्षेत्र निर्माण गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | सबै ठूला आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरी प्रभावहरूको न्यूनीकरणका उपाय पहिचान र अवलम्बन गर्ने । | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २ | वन्यजन्तु तथा जडिबुटीको पहिचान तथा संरक्षण गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ३ | विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गर्ने | १०० | २० | २० | २० | २० | २० | संघ/प्रदेश/स्थानीय |
| ४ | वृक्षारोपण र वन विकास कार्यक्रम सञ्चालन | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ/प्रदेश/स्थानीय |
| ५ | वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन | १० | ५ | ५ | | | | संघ/प्रदेश/स्थानीय |
| ६ | जडिबुटी तथा अन्य उच्च मूल्यका मसलाजन्य उत्पादनमा प्रोत्साहन | १५ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय |
| ७ | धूप बनाउने सिपमुलक तालिम सञ्चालन गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ८ | वन्यजन्तुको लागि वन क्षेत्रमा पोखरी निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश/स्थानीय |
| ९ | वन जङ्गलबाट वस्तीमा पर्ने असुरक्षालाई न्यूनीकरण गर्न तयारी गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| | **जम्मा** | **२६५** | **५६** | **५६** | **५१** | **५१** | **५१** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा भई जैविक विविधता संरक्षण भएको हुने | वृक्षारोपण<br>रिचार्ज पोखरी | संख्या | २५००<br>१२ | २६००<br>२० | २७००<br>२५ | २८००<br>३० | ३०००<br>३५ | ३२००<br>४० | गापा | | ७ | १५ |
| असर | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) बढेको हुने | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) | प्रतिशत | - | ४६.२५ | ४६.४० | ४६.६० | ४६.८० | ४७ | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ |
| | वन्यजन्तुबाट अन्नबालीमा पुगेको वार्षिक क्षति घटेको हुने | वार्षिक क्षति | रु.लाख | - | ४० | ३० | २० | १० | ५ | " | | | |
| प्रतिफल | जैविक विविधता संरक्षण सम्बन्धी जनचेतनामूलक | कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | अन्तर सरकार, प्रदेश सरकार, अन्तर | ७ | १५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रमहरु संचालन भएको हुने | | | | | | | | | | पालिका बीच समन्वय र सहकार्य भएको हुने | | |
| | सामुदायिक वनले ओगटेको क्षेत्र बढेको हुने | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | - | १ | १.५ | २ | २.५ | २.५ | " | | ७ | १५ |
| | वृक्षारोपण क्षेत्र बढेको हुने | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ० | ०.३ | ०.५ | ०.७ | ०.९ | १.०२ | " | | ७ | १५ |
| | चरन क्षेत्र संरक्षण भएको हुने | संरक्षित चरन क्षेत्र | संख्या | ० | ३ | ६ | १० | १६ | २० | " | | ७ | १५ |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन भएको हुने | वातावरणीय अध्ययन प्रतिवेदनका आधार मा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | घनमिटर | ० | १ | १ | १ | २ | ३ | " | | ७ | १५ |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय भएको हुने | उद्योग व्यवसाय | संख्या | ० | १ | २ | ३ | १ | १ | " | | ७ | १५ |

## ७.२ भूमि तथा जलाधार संरक्षण

**पृष्ठभूमि**

दिगो विकास लक्ष्यले जलवायु परिवर्तन र यसका असरसँग जुध्न तत्काल कार्य गर्न आवश्यक रहेको कुरा निर्दिष्ट गरेको छ। विश्वव्यापी जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो लगायतका प्रकोपको बढ्दो असर भोग्नु परेको छ। वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ। भू–संरक्षण र जलाधार व्यवस्थापनको माध्यमबाट प्राकृतिक सम्पदाबाट अधिकतम प्रतिफल प्राप्त हुने परिस्थिती निर्माण गर्न सकिन्छ। नेपालले प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु अन्तर्गतका धेरै लक्ष्यहरु आवधिक विकास योजनाको यस उपक्षेत्रसँग सम्बन्धित छन्।

**समस्या**

जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन नहुनु, जलवायू परिवर्तन मापन केन्द्र नहुनु, कृषि, जैविक विविधता र ऊर्जा लगायतका क्षेत्रहरू एवम् जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव पर्नु, जटिल भौगालिक अवस्था अनुरुपका विभिन्न किसिमका प्रकोपहरू, अनुसन्धान तथा तथ्याङ्कको कमी हुनु, अन्तरनिकाय समन्वय पर्याप्त नहुनु, नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्धा सम्बोधन नहुनु प्राचीन कालदेखिको गुफाहरुको उचित संरक्षण नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन्।

**चुनौती**

विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्न, जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यूनीकरण गरी जलाधारको क्षमता वृद्धि गर्न, जलाधार संरक्षण र संवर्द्धन गर्न आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउन, संवेदनशील र कमजोर भू-वनोट भएका क्षेत्रको संरक्षण गर्न जस्ता चुनौतीहरु रहेका छन्।

**अवसर**

भूक्षय नियन्त्रण, वन, जैविक विविधता र वातारण संरक्षण आदि स्थानीय सरकारको अधिकारमा रहनु, जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्नु, दिगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नु यस क्षेत्रका अवसरहरू रहेका छन्।

**सोच**

सुखी तथा समृद्ध समाज निर्माणको लागि दिगो जल श्रोतको व्यवस्थापन।

**लक्ष्य**

संरक्षित भू तथा जलाधार विकास र जलवायु परिवर्तन प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने।

**उद्देश्य**

१. एकिकृत जलाधार व्यवस्थापन मार्फत जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नु।
२.जालाधार क्षेत्र निर्धारण गरी रिचार्ज पोखरी र वस्ती व्यवस्थापनका कार्यहरु संचालन गर्ने।
३. निर्धारीत जलाधार क्षेत्रको दिगो विकास गर्ने।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ एकिकृत जलाधार व्यवस्थापन मार्फत जलवायु परिवर्तनका प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नु। | |

| | |
|---|---|
| १.१ स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने । | १.१.१ जलाधार क्षेत्रहरू संरक्षण तथा उपयोग गर्ने नीति तयार गरिनेछ । |
| | १.१.२ समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन, संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ । |
| | १.१.४ वर्षे पानी संकलन गरिनेछ । |
| १.२ हरित विकासको अवधारणा अवलम्बन गरी जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक श्रोतको उत्थानशीलता विकास गर्ने । | १.२.१ विभिन्न खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गरिनेछ । |
| | १.२.२ जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ । |
| | १.२.३ प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण गरिनेछ ।<br>१.२.३ विपद व्यवस्थापन तथा जलवायु अनुकुलनका लागि आवश्यक नीति  निर्माण गरी कार्यान्वयन गरीने छ । |

**कार्यक्रमको प्राथमिकता**

१. समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गर्ने ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन, संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गर्ने ।

३. विभिन्न खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गर्ने ।

४. प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन तथा जलवायु अनुकुलनका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरीने छ ।

**विस्तृत कार्यक्रम**

| क्र.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | जलाधार क्षेत्रहरू संरक्षण तथा उपयोग गर्ने नीति तयार गर्ने | १५ | १५ | | | | | संघ/प्रदेश/स्थानीय |
| २ | मैबाडा — नागाथारा सम्म पहिरो नियन्त्रण | ५० | १५ | २० | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | गादखेत — खोप्चा खोलासम्म तटबन्ध | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ४ | पोखरी निर्माण बर्खाको पानि संकलन | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ५ | खोला खाल्सी कटानमा तटबन्ध निर्माण | ४० | ५ | ५ | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| | **जम्मा** | **१५५** | **४५** | **३५** | **२५** | **२५** | **२५** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | संरक्षित पानी मुहान क्षेत्र भई वातावरण सन्तुलन भएको हुने | मुहान क्षेत्र | संख्या | २० | २५ | ५० | ७० | ८५ | १०० | गापा | अन्तर सरकार | ७ | १३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायोइञ्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु वृद्धि भएको हुने | भूक्षय नियन्त्रण | संख्या | १० | १५ | २० | ५० | ८० | १०० | " | सहकार्य भएको हुने | ७ | १३ |
| | संरक्षित गल्छी तथा पहिरोहरु भएको हुने | संरक्षित गल्छी तथा पहिरोहरु | प्रतिशत | - | ३० | ५५ | ७० | ८५ | १०० | " | | ७ | १३ |
| प्रतिफल | भूक्षय नियन्त्रणका लागि वृक्षारोपण गरिएका उजाड डाँडा पाखाहरु भएको हुने | वृक्षारोपण पाखाहरु | संख्या | ४ | ३ | २ | १ | ० | ० | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १३ |
| | संरक्षित तालतलैया, पोखरी क्षेत्र भएको हुने | संरक्षित तालतलैया, पोखरी क्षेत्र | संख्या | ४ | ४ | ५ | ६ | ७ | ८ | " | | ७ | १३ |
| | खोला नदीमा निर्माण गरिएको तटवन्धको कूल लम्वाई बढेको हुने | कूल लम्वाई | किमि | ० | ३ | ३ | ३ | ३ | ३ | " | | ७ | १३ |
| | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि भएको हुने | वृक्षारोपण | किमि | ० | ५ | ५ | ५ | ५ | ५ | " | | ७ | १३ |
| | संरक्षित जलाधार क्षेत्रहरु भएको हुने | जलाधार क्षेत्रहरु | संख्या | ० | १ | १ | १ | १ | १ | " | | ७ | १३ |

## ७.३ वातावरण तथा स्वच्छता

### पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रुपमा उल्लेख गरेको छ। वातावरण संरक्षणका लागि सरकारी स्तरबाट प्रभावकारी नीति निर्माण गरी कार्यान्वयन गर्न र स्थानीय समुदायसँग सहकार्य गर्दै मानव अनुकूलको वातावरण निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। वर्तमानमा वन, वातावरण, जलवायु अनुकूलताले दिगो विकासको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

### समस्या

दीर्घकालीन रुपमा फोहोर व्यवस्थापनको लागि ठाँउ उपयुक्त नहुनु (डम्पीङ साइट), सडकहरु कच्ची तथा नालाको व्यवस्था सबै स्थानमा नहुनु, फोहोरमैला उत्सर्जन, बोटल तथा प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण वायु र पानीजन्य प्रदूषण, प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, खुल्ला रुपमा दाह संस्कार गर्ने गरकोले वातावरण प्रदूषण हुनु, सार्वजनिक स्थानमा शौचालयको व्यवस्था नहुनु र डस्टविन संख्या प्रयाप्त नहुनु प्रमुख समस्या हुन्।

### चुनौती

विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न, वातावरण तथा स्वच्छताको विषयमा नागरिकको सचेतना वृद्धि गर्न, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित गर्न, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय गर्न, हरियाली क्षेत्रको विस्तार गर्न कठिन हुनु जस्ता चुनौतीहरु रहेका छन्।

### अवसर

विकास निर्माणका कार्यमा वातावरणीय प्रभाव मूल्याङ्कनको व्यवस्था हुनु, वातावरण संरक्षणका लागि स्थानीय समुदायसँग सहकार्य मार्फत मानव अनुकूलको वातावरण निर्माणमा सहयोग पुग्नु, फोहोरमैला व्यवस्थापनमा गाउँपालिका सक्रिय रहनु, फोहोरमैला व्यवस्थापन र ढल निकासको लागि गाउँपालिकाले प्रदेश र संघीय सरकारसँग समन्वय गर्नु, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम गाउँपालिका स्तरमा सञ्चालन हुनु जस्ता अवसरहरु रहेका छन्।

### सोच

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार; समग्र गुराँस गाउँपालिकाको आधार।

### लक्ष्य

सफा, स्वच्छ र हरित वातावरणीय समृद्धि हाँसिल गर्ने।

### उद्देश्य

१. उत्पादन तथा पूर्वाधार निर्माण कार्यहरू वातावरणमैत्री बनाउनु।
२. सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु।
३. समुदाय स्तरको फोहोर संकलन तथा संकलित फोहोरको उचित व्यवस्थापन गर्नु।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु। | |
| १.१ वातावरणमैत्री नीति, अनुसन्धान, विकास तथा विस्तार गरी पर्यावरणीय सन्तुलन कायम गर्ने। | १.१.१ वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ। |
| | १.१.२ अनुसन्धान निकाय तथा संस्थाको क्षमता विकास गरिनेछ। |

| | |
|---|---|
| | १.१.३ वातावरणीय चेतना, फोहोरमैला व्यवस्थापन र शैक्षिक तथा जनचेतना कार्यक्रम तिब्र बनाइनेछ । |
| | १.१.४ प्रदुषण मापदण्ड, शुल्क तथा जरिवाना लागू गरिनेछ । |
| | १.१.५ हरेक घरको दिशाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) को लागि सेफ्टी ट्याङ्की सहित पिट होललाई अनिवार्य गराईनेछ । |
| | १.१.६ गुराँस गाउँपालिकामा ल्यान्डफिल साइटको निर्माण गरिनेछ । तथा पार्कहरुमा फोहोर विसर्जनका विभिन्न विधिहरु मार्फत फोहोर व्यवस्थापन गरीने छ । |
| उद्देश्य २ सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु । | |
| २.१ फोहोरमैला व्यवस्थापन, पुन :प्रशोधन तथा पुनःप्रयोग विधि अवलम्बन गर्ने । | २.१.१ फोहरमैला व्यवस्थापनका लागि पि.पि.ई मोडल प्रयोग गरिनेछ । |
| | २.१.२ प्लाष्टिक प्रयोग निरुत्साहित गर्नका लागि सफा झोला कार्यक्रम सञ्चालन गरिनेछ । |
| | २.१.३ गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोग गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. तल्लो स्याउली बजारमा ल्यान्डफिल साइटको निर्माण तथा स्तरोन्नति गर्ने ।

२. प्रदुषण मापदण्ड, शुल्क तथा जरिवाना लागू गर्ने ।

३. समुदाय स्तरको फोहोर संकलन तथा संकलित फोहोरको उचित व्यवस्थापन गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | वातावरण मैत्री योजना निर्माण तथा कार्यान्वयनमा जोड दिने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| २ | खुला स्थान, बाल उद्यान, वनस्पति उद्यान लगायतका उद्यानको स्थापनामा जोड | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ३ | प्राकृतिक स्रोतबाट आर्जित आयको निश्चित हिस्सा वातावरणीय अनुसन्धान, विकास र संवर्द्धन गर्ने कार्यक्रममा खर्च गर्ने नीति बनाउने । | ५ | | | ५ | | | स्थानीय |
| ४ | सरकारी, सार्वजनिक तथा खाली जग्गामा हरियाली प्रवर्द्धन गर्ने | १५ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय |
| ६ | मुख्य पर्यटकीय स्थलहरुमा फोहोर व्यवस्थापनका लागि डस्टविनको व्यवस्था | १५ | ३ | ३ | ३ | ३ | ३ | स्थानीय |
| ७ | प्लाष्टिक प्रयोग निरुत्साहित गर्नका लागि सफा झोला कार्यक्रम सञ्चालन | ५ | ५ | | | | | स्थानीय |
| ८ | गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोगमा जोड /प्रोत्साहन | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| | **जम्मा** | **११५** | **२६** | **२१** | **२६** | **२१** | **२१** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | पालिकाले प्रयोगमा ल्याएको फोहोरमैला व्यवस्थापन प्रणालीहरु (जलाउने, गाड्ने, खोल्सामा फाल्ने, ल्याण्डफिल साइटमा विसर्जन) वृद्धि भई वातावरण सफा र स्वच्छ भएको हुने | फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | ० | ० | ० | ० | ० | ० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ |
| असर | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण ( जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी भएको हुने | घरधुरी | प्रतिशत | ० | ४० | ६० | ७० | ८५ | ९० | " | अन्तर सरकार सहकार्य भएको हुने | ७ | १५ |
| प्रतिफल | फोहोर संकलन एवं पृथकीकरणका लागि फरकफरक | डष्टविन | संख्या | ० | २० | ३० | ५० | ६० | ८० | " | | ७ | १५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रंगका डष्टविनहरु राखिएका सार्वजनिक स्थलहरु भएको हुने | | | | | | | | | | | |
| | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन भएको हुने | कार्यक्रम | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | ७ | १५ |
| | कम्पोष्ट-विन तथा गार्वेज-पिट प्रयोग गर्ने परिवार | परिवार | प्रतिशत | ० | १० | ३० | ३५ | ४५ | ५० | " | ७ | १५ |
| | फोहोरलाई व्यवस्थित ढंगबाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) भएको हुने | ल्याण्डफिल साइट | संख्या | ० | | | | | १ | " | ७ | १५ |
| | ढल निकास व्यवस्था भएको बजार क्षेत्र भएको हुने | ढल निकास भएको बजार क्षेत्र | संख्या | ० | १ | | ३ | | ४ | " | ७ | १५ |
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु घटेको हुने | घरधुरी | प्रतिशत | १०० | ९५ | ७० | ६५ | ५५ | ५० | " | ७ | १५ |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी घटेको हुने | घरधुरी | प्रतिशत | ९७ | ९५ | ९० | ७५ | ६० | ५० | " | ७ | १५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी (सुधारिएको चुल्हो समेत) भएको हुने | घरधुरी | प्रतिशत | ५ | २० | ४० | ८० | ९२ | १०० | ” | | ७ | १५ |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र भएको हुने | पार्क र हरित क्षेत्र | संख्या | १० | १० | ११ | १२ | १३ | १५ | ” | | ७ | १५ |

## ७.४ महामारी तथा विपद व्यवस्थापन

**पृष्ठभूमि**

नेपाल विपद जोखिम क्षेत्र भएकोले वर्षेनी विभिन्न प्राकृतिक प्रकोपको सामना गरी रहनु पर्ने र यस्ता विपत्तिले ठूलो धनजनको क्षति हुँदै आएको छ । विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पूरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ । यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ ।

**समस्या**

न्यून संख्यामा रहेको स्वास्थ्य संस्थामा पूर्वाधारको कमी, विपद व्यवस्थापन सम्बन्धी उपकरणको कमी हुनु, सुरक्षित आवास गृह नभएको, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पूर्नस्थापन गर्न नसक्नु, भौगोलिक वनावटका कारण नदी कटान, डुवान, बाढी जस्ता प्रकोपले बस्ती/घर विस्थापित र जोखिममा हुनु, विपद जोखिम न्यूनीकरण कार्ययोजना नहुनु, विकास निर्माण गर्दा विपद जोखिम पक्षलाई ध्यान नदिनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**चुनौती**

विपद व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणालीको व्यवस्था गरी जनतालाई सचेत गराउन, विपद व्यवस्थापनको लागि जनशक्ति, उद्धार सामाग्री, प्रविधि संयन्त्र र कोषको व्यवस्थापन गरी राहत, उद्धार र पुर्नस्थापन गर्न, विपद व्यवस्थापनमा सरकारी, गैरसरकारी र निजी क्षेत्रको संलग्नतामा एकीकृत कार्यक्रम सञ्चालन गर्न, भूक्षय, बाढी, पहिरो, चट्टयाङ, आगलागी, जोखियूक्त बस्ती, लगायतका विपदको पूर्व सूचना र पूर्व सावधानी अपनाउन जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ती विकास कार्यलाई तालमेल हुने गरी विकास गर्ने, आर्थिक-सामाजिक रूपान्तरणका लागि जनजीविकामा सुधार भएको विपद प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद उत्थानशील बस्ती विकास गर्ने, सबै प्रकारका विपदको सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्ने जस्ता अवसरहरू रहेका छन् ।

**सोच**

गुराँस वासी जनताको आवाज, पूर्वाधारयुक्त विपद व्यवस्थापन सहितको उत्थानशील विकास ।

**लक्ष्य**

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई रोकथाम तथा न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरण र पुनर्स्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गर्नु ।
२. जोखिममा परेका वस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ जोखिम न्यूनीकरण र पुर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गर्नु । | |

| | |
|---|---|
| १.१ दक्ष जनशक्ति र आवश्यक श्रोत साधनको व्यवस्थापन गरी विपदको न्यूनीकरण र पुनर्स्थापनाको व्यवस्थापन गर्ने । | १.१.१ विपद जोखिम पूर्वानुमान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी पूर्वाधार, जनशक्ति क्षमता र सूचना प्रणालीको विकास गरिनेछ । |
| | १.१.२ गाउँपालिकामा विपद व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिनेछ । |
| | १.१.३ खुला क्षेत्रको पहिचान, अभिलेखाङ्कन तथा व्यवस्थापन कार्य गरिनेछ । |
| | १.१.४ नागरिकमैत्री सुरक्षा सेवा सुदृढ गरी जोखिम व्यवस्थापन र न्यूनीकरणको लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरिनेछ । |
| | १.१.५ जोखिम क्षेत्र पहिचान गरी जोखिम नक्सा होडिङ बोर्ड राखिनेछ । |
| | १.१.६ विपद व्यवस्थापन समितिलाई उचित तालिमको व्यवस्था गरिनेछ । |
| | १.१.७ वडा स्तरीय विपद प्रतिकार्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.८ विपद सम्बन्धी विद्यालय स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ विपद पश्चातको पुनर्स्थापनाको व्यवस्थापन गर्ने । | १.२.१ विपद पछिको पुनर्स्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गरिनेछ । |
| उद्देश्य २ जोखिममा परेका वस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नु । | |
| २.१ बाढी, पहिरो, भू-क्षय र खोला कटानको जोखिममा रहेका वस्तीहरु संरक्षण गर्ने । | २.१.१ भू-उपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान गरिनेछ । |
| | २.१.२ जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गरिनेछ । |
| | २.१.३ बाढी, पहिरो, भू-क्षय र खोला कटान नियन्त्रण गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. भू-उपयोग नीति निर्माण गरी जोखिम क्षेत्रको पहिचान गर्ने ।

२. जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

३. खुला क्षेत्रको पहिचान, अभिलेखाङ्कन तथा व्यवस्थापन कार्य गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | गाउँपालिकामा विपद व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन | ५ | ५ | | | | | स्थानीय |
| २ | जोखिम संवेदनशिल भूउपयोग योजना (खुला क्षेत्रको पहिचान, अभिलेखाङ्कन) तयार गर्ने । | १० | ५ | ५ | | | | संघ/प्रदेश/स्थानीय |
| ३ | जोखिम क्षेत्र पहिचान गरी जोखिम नक्सा होडिङ बोर्ड राख्ने | १० | ५ | ५ | | | | स्थानीय |
| ४ | वडा स्तरीय विपद प्रतिकार्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ/प्रदेश/स्थानीय |
| ५ | विपद सम्बन्धी विद्यालय स्तरीय सचेतना कार्यक्रम सञ्चालन | १० | २ | २ | २ | २ | २ | संघ/प्रदेश/स्थानीय |
| ६ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गर्ने | १० | २ | २ | २ | २ | २ | संघ/स्थानीय |
| ७ | जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य | १० | २ | २ | २ | २ | २ | संघ/स्थानीय |
| ८ | जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ९ | दमकल व्यवस्थापन | २० | | २० | | | | संघ/प्रदेश/स्थानीय |
| १० | मुख्य वजार क्षेत्रभित्र ढल निकास योजनासहित पूर्वाधार निर्माण गर्ने | १०० | १० | २० | ५० | २० | | संघ/प्रदेश/स्थानीय |
| ११ | जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण | १०० | ३० | ३० | ४० | | | संघ/प्रदेश/स्थानीय |
| १२ | विपद व्यवस्थापन कोष निर्माण | १०० | २५ | २५ | २५ | २५ | | संघ/प्रदेश/स्थानीय |
| | **जम्मा** | **४१५** | **९४** | **११९** | **१२९** | **५९** | **१४** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८० /८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ ४ /८५ | २०८५ /८६ | | | | |
| प्रभाव | प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्दै विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान भएको हुने | खुल्ला स्थान | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ६ | ११ |
| असर | आपतकालीन उद्धार गर्न तालिम प्राप्त  स्वयंसेवक वृद्धि भई जोखिम न्यूनीकरण संयन्त्रको निर्माण भएको हुने | तालिम प्राप्त स्वयंसेवक | संख्या | ० | ३० | ५० | ९० | १३० | १५० | ” | | ६ | ११ |
| प्रतिफल | विपद व्यवस्थापन स्थानीय कोषमा रकम भएको हुने | विपद व्यवस्थापन कोष रकम | रु. लाख | २ | १५ | ३५ | ६० | ७० | १०० | ” | अन्तर सरकार सहकार्य भएको हुन | ६ | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपद व्यवस्थापनमा क्रियाशील संघ/ संस्था भएको हुने | क्रियाशील संघ/ संस्था | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | " | ६ | ११ |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु भएको हुने | वडाहरु | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | " | ६ | ११ |
| | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास भएको हुने | आपतकालीन नमूना अभ्यास | संख्या | १३ | १५ | १७ | १९ | २१ | २३ | " | ६ | ११ |
| | प्राकृतिक, गैरप्राकृतिक विपद व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन भएको हुने | जनचेतनामूलक कार्यक्रम | संख्या | ८ | १० | १२ | १३ | १४ | १५ | " | ६ | ११ |
| | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम भएको हुने | क्षमता विकास कार्यक्रम | संख्या | ० | २ | ४ | ६ | ८ | १० | " | ६ | ११ |
| | आगो निभाउने उपकरण (इष्टिङगिसर) भएका घरधुरी भएको हुने | इष्टिङगिसर) भएका घरधुरी | प्रतिशत | ० | ५ | १० | १५ | २० | ४५ | " | ६ | ११ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था भएको हुने | एम्वुलेन्स तथा वरुणयन्त्र | संख्या | १ | १ | १ | २ | २ | २ | " | | ६ | ११ |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु (वनफाडनी, डढेलो, बाढी पहिरो नियन्त्रण) सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन भएको हुने | चेतना कार्यक्रम | संख्या | ८ | ११ | १२ | १३ | १४ | १५ | " | | ६ | ११ |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु (आकाशेपानी संकलन, कुवा, पोखरी, इनार निर्माण) सम्बन्धि कार्यक्रमहरु भएको हुने | कार्यक्रम | संख्या | २ | ३ | ४ | ६ | ८ | १० | " | | ६ | ११ |

# परिच्छेद ८ : सुशासन तथा संस्थागत विकास

## ८.१ सुशासन, क्षमता विकास तथा सेवा प्रवाह

**पृष्ठभूमि**

स्थानीय तह नागरिकका निकटका सरकार हुन् । राज्यका तर्फबाट स्थानीय स्तरमा गरिने सेवा प्रवाह स्थानीय तहको प्रमुख जिम्मेवारी हो । स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरु सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सभागितामूलक हुन आवश्यक छ ।

विकास प्रयासलाई व्यवस्थित र प्रणालीगत रुपमा सञ्चालन गरी अपेक्षित उपलब्धि हाँसिल गर्न योजनावद्ध विकासको आवश्यकता पर्दछ । भरपर्दो तथ्याङ्क कार्यान्वयनयोग्य योजनाको आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, प्रतिवेदन तथा श्रोत नक्सा अद्यावधिक बनाउने, सूचना तथा अभिलेख केन्द्र सञ्चालन गर्ने, जनशक्तिको तथ्याङ्क संकलन गर्ने आदि कार्य स्थानीय तहको काम, कर्तव्य र अधिकारको दायरामा राखेको छ ।

**समस्या**

स्थानीय आवश्यकताका आधारमा संगठन पुर्नसंरचना भई नसक्नु, वडा कार्यालय भवनहरु सुविधा सम्पन्न नहुनु, इन्टरनेट नेटवर्कको भरपर्दो सुविधा नहुँदा विद्युतीय सूचना प्रविधिमा आधारित कार्यप्रणाली अवलम्बन गर्न कठिनाई हुनु, आफ्नो अधिकार क्षेत्रभित्रका कानुन, कार्यविधि तथा मापदण्डहरु सबै बनी नसक्नु, बढ्दो जनआकांक्षा अनुरुप सेवा प्रवाह हुन नसक्नु, आन्तरिक श्रोत न्युन रहनु, योजना प्रणालीका बारेमा कम चासो र जानकारी हुनु, कमजोर योजना प्राथमिकीकरण, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, श्रोत साधन र योजनाका बीच तादाम्यताको कमी हुनु, जनशक्तिको अभावले योजना सञ्चालन र अनुगमनमा कठिनाई हुनु, तथ्याङ्क प्रणाली कमजोर हुनु र विद्युतीय प्रणालीमा आबद्ध नहुनु, गाउँपालिकामा कार्यरत सबै निकायको तथ्याङ्क एकीकृत गरी उपयोग गर्न अन्तर निकाय समन्वयको अभाव हुनु, सुशासनका सम्बन्धमा स्थानीय जानकारीको अभाव हुनु जस्ता समस्याहरु रहेका छन् ।

**चुनौती**

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, स्थानीय स्तरमा रहेका केन्द्रिय, प्रादेशिक निकाय/कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न, तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादाम्यता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न जस्ता चुनौतीहरु छन् ।

**अवसर**

स्थानीय तहको एकल अधिकार भित्रका विषयमा कानुन निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार र अवसर हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु, आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रुपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित श्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरुको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु, स्थानीय स्तरमा रहेका अन्य तहहरु गाउँपालिकासँग समन्वयमा रहने प्रणालीको विकास हुनु, स्थानीय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय तहलाई पूर्ण अधिकार हुनु, स्थानीय कार्यक्षेत्र भएका गै.स.सं.हरु स्थानीय योजना प्रणालीमा आबद्ध हुँदै जानु, नेपाल सरकारबाट योजना प्रणालीका सम्बन्धमा नमूना कार्यविधिहरु उपलव्ध हुनु,

अधिकांश विकास आयोजना तथा कार्यक्रमहरुले स्थानीय प्रतिनिधिकै संयोजकत्वमा आयोजना छनौट गर्ने अभ्यास गर्नु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु, योजना तर्जुमा सम्बन्धी समितिहरु क्रियाशील रहनु जस्ता अवसरहरु छन् ।

**सोंच**

शासकीय सुधार, संस्थागत विकास र जनउत्तरदायी सेवा प्रवाह ।

**लक्ष्य**

पहुँचयोग्य, सवल र सुलभ सेवा प्रवाह गरी सुशासन कायम गर्ने ।

**उद्देश्य**

१. संस्थागत सुशासन कायम गर्नु ।

२. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउनु ।

३. तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ संस्थागत सुशासन कायम गर्नु । | |
| १.१ संस्थागत सुदृढीकरण गर्ने । | १.१.१ गाउँ कार्यपालिकाको भवन तथा वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ । |
| | १.१.२ विधि र कानुनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गरिनेछ । |
| | १.१.३ संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पुर्नसंरचना गरिनेछ । |
| | १.१.४ दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ । |
| | १.१.५ कानुनको मस्यौदा निर्माणमा बस्ती स्तरको छलफल र विषयगत समिति, उपसमिति हुँदै कार्यपालिका तथा सभाको सबै प्रक्रिया पुरा गर्ने । कार्यपालिकाले गठन गरेका विकास समिति र वडा समितिहरुलाई काम, कर्तव्य र दायित्व र कानून निर्माण सम्बन्धमा अभिमुखिकरण । साथै सभाले गठन गर्ने संसदीय समितिलाई समेत संसदीय अभ्यासका सम्बन्धमा अभिमुखिकरण । |
| | १.१.६ कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ । |
| उद्देश्य २ सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउनु । | |
| २.१ सेवा प्रवाह प्रभावकारी बनाउने । | २.१.१ गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ । |
| | २.१.२ स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ । |
| | २.१.३ नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ । |
| | २.१.४ गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । |
| | २.१.५ बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |
| | २.१.६ अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ । |
| | २.१.७ “हेल्लो गुराँस” मोबाइल एप सञ्चालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीको अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| | २.१.८ बेरुजुको विवरण सहितको वार्षिक प्रतिवेदन सभाको लेखा समितिमा प्रस्तुत गरिनेछ । |
| | २.१.९ अनुगमन योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | २.१.१० नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गरिनेछ । |
| | २.१.१०.१ इन्टरनेट आफ्नै (आई.पी ) सञ्चालन गरिनेछ । |
| | २.१.११ आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ । |
| उद्देश्य ३ तथ्याङ्क प्रणाली व्यवस्थित र सुदृढ गर्नु । | |
| ३.१ तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने । | ३.१.१ वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ । |
| | ३.१.२ वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ । |
| | ३.१.३ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ । |
| | ३.१.४ भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरि गाउँपालिकाको वेयवसाइडमा राखिनेछ । |
| | ३.१.५ मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. विधि र कानूनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गर्ने ।

२. कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गर्ने ।

३. वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गर्ने र आफ्नो भवन नभएका वडा कार्यालयको भवन निर्माण गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | ऐन, नियम तथा कार्यबिधि निर्माण (खरिद, आन्तरिक नियन्त्रण, अनुगमन मुल्याङ्कन, स्थानिय सेवा, पूर्वाधार आदि) गर्ने । | १० | ५ | ५ | | | | स्थानीय |
| २ | नयाँ भवन नभएका वडा कार्यालयको भवन निर्माण तथा भएका हरुको मर्मत संभार तथा स्तरोन्नति गर्ने | ५० | १० | १० | १० | १० | १० | संघ/प्रदेश/स्थानीय |
| ३ | गाउँपालिका भवन र वडा कार्यालय भवनहरुलाई सुविधा सम्पन्न प्रविधिमा आधारित तथा सेवाग्राही मैत्री बनाउने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ४ | नागरिक वडापत्रलाई डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याउने | ५ | ५ | | | | | स्थानीय |
| ५ | गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई नियमित एवं प्रभावकारी बनाउने । | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय |
| ६ | अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाउने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ७ | कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ८ | दरबन्दी अनुसार कर्मचारीहरुलाई लामो समय टिकाई राख्न प्रोत्साहन कार्यक्रम सञ्चालन ( कर्मचारी आवास) गर्ने । | ३०० | २५ | २५ | ५० | १०० | १०० | संघ/प्रदेश/स्थानीय |
| ९ | संगठन तथा व्यवस्थापन अध्ययन गरी संगठनात्मक पुर्नसंरचना गर्ने | १० | ५ | ५ | | | | संघ/प्रदेश/स्थानीय |
| १० | वस्तुगत विवरण ( **पालिका प्रोफाईल** ) तयार गर्ने र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने | २० | २० | | | | | स्थानीय |
| | **जम्मा** | **४९५** | **९०** | **६५** | **८०** | **१३०** | **१३०** | |

**नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु वृद्धि भई सुशासन अनुभूति हुने गरी सार्वजनिक सेवा प्रभावकारी र विकास प्रशासनलाई नतिजामुखी भएको हुने | सुझाव दिने माध्यमहरु | संख्या | – | – | – | – | – | ७ | गापा | | ८ | १६ |
| असर | नियमावली बनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) बढेर प्रभावकारी भएको हुने | समिति | संख्या | – | – | – | – | – | ८ | " | अन्तर सरकार सहकार्य भएको हुने | ८ | १६ |
| | नियमावली बनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरुको संख्या बढेर प्रभावकारी भएको हुने | समिति, उपसमिति | संख्या | – | – | – | – | – | ९ | " | | ८ | १६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति भएको हुने | क्षतिपूर्ति | संख्या | - | - | - | - | - | १० | " | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ |
| | अभ्यास भएका सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु बढेको हुने | औजारका प्रकारहरु | संख्या | - | ३ | ४ | ५ | ६ | ७ | " | | ८ | १६ |
| | सार्वजनिक सुनुवाई निरन्तर हुने | सार्वजनिक सुनुवाई | संख्या | १ | ४ | ४ | ४ | ४ | ४ | " | | ८ | १६ |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही बढेको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | - | ५५ | ६० | ६५ | ७० | ७५ | " | | ८ | १६ |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछर्यौट भएको हुने | गुनासो सुनुवाईको फछर्यौट | प्रतिशत | - | ६० | ७० | ८० | ९० | १०० | " | | ८ | १६ |
| | अनलाइन सेवाका प्रकारहरु (निवेदन, सिफारिस, पञ्जीकरण....) बढेको हुने | उपलब्ध अनलाइन सेवा | प्रतिशत | - | १० | २० | २५ | ३० | ३५ | " | | ८ | १६ |
| | अनलाइन सेवाबाट लाभान्वित सेवाग्राही बढेको हुने | लाभान्वित सेवाग्राही | प्रतिशत | - | ५५ | ६० | ६५ | ७० | ७५ | " | | ८ | १६ |
| | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु बढेको हुने | प्रयोगकर्ता | प्रतिशत | - | ३० | ४० | ६० | ८० | ९० | " | | ८ | १६ |

## ८.२ लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन

**पृष्ठभूमि**

गाउँ विकासको अवधारणालाई मूर्त रुप दिन आवश्यक पर्ने श्रोत तथा साधनको पहिचान एवं परिचालनको योजना तर्जुमा गर्ने योजना नै वित्तीय विकास योजना हो । प्रभावकारी आन्तरिक लेखा परीक्षणबाट राज्य कोषको दुरुपयोग रोकिएको तथा मितव्ययी लेखा परीक्षण नियमित रुपमा सञ्चालन भइरहेको अवस्था छ । हरेक चौमासिकमा आन्तरिक लेखा परीक्षण भइरहेको र लेखा परीक्षणका क्रममा भौचर, बैंक, नगदी किताब, बैंक स्टेटमेन्ट, बिल भरपाई सम्पूर्ण उपलब्ध भएको अवस्था छ । छनौट भएका आयोजनाहरुमा खर्चको व्यवस्थापन, आयोजनाको ठेक्कापट्टा पारदर्शी र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्न, खरिद प्रक्रियालाई नियम संगत ढंगले पारदर्शी बनाउन र लेखा सुशासन सँगसँगै वित्तीय सुशासन कायम गरी आर्थिक समृद्धिको बाटो तर्फ लैजान जरुरी छ ।

**समस्या**

गाउँपालिकाको वित्तीय व्यवस्थापन गर्ने निकायको सुदृढिकरण नहुनु, बेरुजु फछ्र्योट सम्बन्धी ध्यान नपुग्नु, सम्झौता अघि काम गर्ने र सम्झौता अघिको बिल ल्याउने प्रवृत्तिमा सुधार नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा वृद्धि नहुनु, विकास खर्च कम हुनु, विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु, विद्युतीय बोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु र आर्थिक वर्षको अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।

**चुनौती**

लेखा परीक्षण गर्ने क्रममा आवश्यक तयारी पुग्न गाह्रो, लेखाको क्रममा सुत्र सिस्टमको प्रयोग गर्नुपर्नेमा केही कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृत्ति हुनु, गाउँपालिकाबाट विभिन्न शिर्षकमा गर्ने खर्चहरुमा प्रभावकारिता, मितव्ययीता र नियमितता कायम गर्न, संघ र प्रदेशबाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यथार्थ परक बनाई कार्यान्वयन गर्न, राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन, खरिद प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

**अवसर**

स्थानीय तहका समस्याहरु पहिचान हुनु, वार्षिक रुपमा गाउँ सभाबाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा बजेट विनियोजित गर्न, संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानद्धारा विभिन्न विकास आयोजना सञ्चालन गर्न, गाउँपालिकाको विभिन्न करबाट राजश्व वृद्धि गर्न, ठेक्का पट्टा र खरिद प्रक्रिया नियमसंगत र पारदर्शी बनाई समयमा नै कार्य सम्पादन गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतिय माध्यमबाट सञ्चालन गरी सुशासन कायम गर्न, जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय सुशासनसम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा वृद्धि गर्न, गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारहरुरमा सुशासन कायम गरी नमुना गाउँपालिका निर्माण गर्ने जस्ता अवसरहरु रहेका छन् ।

**दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य**

**सोच, लक्ष्य र उद्देश्य**

**सोच**

वित्तीय सुशासनको लागि उत्तरदायी राजश्व परिचालन र पारदर्शी लेखा प्रणाली ।

**लक्ष्य**

आय र व्ययलाई व्यवस्थित र पारदर्शी बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

## उद्देश्य

१. लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु ।
२. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु ।
३. दिगो तथा नियमित र अधिकतम उपलव्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापनमा मितव्ययीता, प्रभावकारिता, कार्यदक्षता, नियमितता कायम गर्नु । | |
| १.१ लेखाका कारोबार तथा वित्तीय व्यवस्थापन प्रणाली सुदृढ बनाई आन्तरिक नियन्त्रण प्रणाली सवलीकरण गर्ने । | १.१.१ लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि गरिनेछ । |
| | १.१.२ सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार गरिनेछ । |
| | १.१.३ आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ । |
| | १.१.४ चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गरिनेछ । |
| उद्देश्य २ स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागिता र अनुगमन नतिजामूलक र प्रभावकारी बनाउनु । | |
| २.१ योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्र विस्तार गर्ने । | २.१.१ उपभोक्ता समिति मार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन बमोजिम उपभोक्ता समिति गठन गरिनेछ । |
| | २.१.२ नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ । |
| | २.१.३ शून्य वेरुजु नीति लिई आवश्यक ऐन, नियम निर्माण गरिनेछ । |
| उद्देश्य ३ दिगो तथा नियमित र अधिकतम उपलव्ध हुने वित्तीय श्रोतको पहिचान गर्नु । | |
| ३.१ आन्तरिक राजश्व प्रणालीलाई पारदर्शी र सुदृढ बनाउने । | ३.१.१ गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ । |
| | ३.१.२ राजश्व अभिवृद्धि गर्न राजश्व अनुसन्धानको व्यवस्था गरिनेछ । |
| | ३.१.३ SUTRA प्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारलाई व्यवस्थित गरिनेछ । |
| | ३.१.४ राजश्वको दायरालाई बढाउने र दरलाई न्यूनिकरण गर्ने नीति निर्माण गरिनेछ । |

**कार्यक्रमको प्राथमिकता**

१. आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गर्ने ।
२. नागरिकलाई कर तिरेको प्रत्याभूति गराई नागरिकलाई करको दायरामा ल्याउने ।
३. गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गर्ने ।

**विस्तृत कार्यक्रम**

| क.स | कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि | १० | | ५ | ५ | | | स्थानीय |
| २ | शून्य वेरुजु कायम गर्न आवश्यक ऐन, नियम निर्माण | ५ | ५ | | | | | स्थानीय |
| ३ | गाउँपालिकाको राजश्व सुधार कार्ययोजना निमार्ण गर्ने | ५ | | | ५ | | | स्थानीय |
| ४ | SUTRAप्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारलाई व्यवस्थित गर्ने | ५ | | | ५ | | | संघ/स्थानीय |
| ५ | उपभोक्ता समिति भाद्र मसान्त भित्र प्रचलित कानुन बमोजिम उपभोक्ता समिति गठन गर्ने | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ/प्रदेश/स्थानीय |
| ६ | नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना | ५ | | ५ | | | | स्थानीय |
| ७ | नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था गर्ने | ५ | ५ | | | | | स्थानीय |
| ८ | गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना | १० | | १० | | | | स्थानीय |
| | **जम्मा** | ७० | १५ | २५ | २० | ५ | ५ | |

## नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | पालिकाको कूल वार्षिक बजेट वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | पालिकाको कूल वार्षिक बजेट | रु.करोड | ५७.६८ | ६७.९ | ७४.६९ | ८२.१६ | ९०.३८ | ९९.४२ | गापा | संस्थागत संरचना प्रभावकारी भएको हुने | ८ | १६ |
| असर | प्रतिव्यक्ति बजेट खर्च (विकासतर्फ) वृद्धि भई उत्तरदायी राजश्व प्रशासन र पारदर्शी लेखा प्रणाली स्थापित भएको हुने | प्रति व्यक्ति बजेट खर्च ( विकासतर्फ) | रु.हजार | ८.०१९ | ९.० | ९.९ | १०.८ | ११.७ | १२.६ | " | | ८ | १६ |
| प्रतिफल | कूल बजेटमा वाह्य श्रोतको हिस्सा वृद्धि भएको हुने | कूल बजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ३२.२६ | ३५ | ३८ | ४१ | ४५ | ५० | " | साामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने | ८ | १६ |
| | निजी क्षेत्रसँगको सहकार्यमा भएको लगानी भएको हुने | लगानी | रु.लाख | ० | २० | २० | २० | २० | २० | " | | ८ | १६ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था तथा सामुदायिक संस्थासँगको सहकार्यमा भएको लगानी भएको हुने | लगानी | रु.लाख | ० | २० | २० | २० | २० | २० | " | | ८ | १६ |

# परिच्छेद ९ : श्रोत व्यवस्थापन तथा बजेट प्रक्षेपण

## ९.१ श्रोत व्यवस्थापन

यस गुराँस गाउँपालिकाको क्षेत्रगत बजेट विनियोजनको अनुमानित खाका तलको तालिकामा प्रस्तुत गरिएको छ । यस गाउँपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको सफल कार्यान्वयनका लागि आगामी पाँच वर्षमा गाउँपालिकाले आवश्यक पर्न सक्ने कुल २ अर्ब ११ करोड ६५ लाख बराबरको वित्तीय स्रोतको अनुमान प्रस्तुत गरिएको छ। योजना तर्जुमा गोष्ठीले तय गरेको गाउँपालिकाका प्रमुख प्राथमिक क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका साथ लगानी अनुमान प्रस्तुत गरिएको छ ।

क्षेत्रगत रुपमा आर्थिक विकासलाई १०.७ प्रतिशत, सामाजिक विकासलाई २२.७ प्रतिशत, पूर्वाधार विकासलाई ४७.० प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापनलाई ४.७ प्रतिशत, सुशासन तथा संस्थागत विकासलाई २.८ प्रतिशत र पालिकाको गौरवको योजनालाई ११.५ प्रतिशत लगानी अनुमान गरिएको छ ।

## विषयक्षेत्र अनुसार अनुमानित बजेट तालिका

रु लाखमा

| विषय क्षेत्र | आयोजनाको कुल लागत | पहिलो वर्षको कुल लागत | दोस्रो वर्षको कुल लागत | तेश्रो वर्षको कुल लागत | चौथो वर्षको कुल लागत | पाँचौ वर्षको कुल लागत | ५ वर्षको जम्मा कुल लागत | प्रतिशत | योजना संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | २१५५ | २५८ | ५४३ | ५५३ | ३५३ | ३२८ | २१५५ | १०.७% | ४० |
| कृषि विकास | ७२० | ६७ | १८२ | २१७ | १२७ | १२७ | ७२० | | १४ |
| पशुपन्छी पालन | १६५ | ३७ | ३७ | ४२ | २७ | २२ | १६५ | | ७ |
| उद्योग तथा व्यवसाय | ६३० | ८१ | १३१ | १२१ | ११६ | १०६ | ६३० | | ९ |
| पर्यटन विकास | ४२५ | ४० | १३० | १४० | ४० | ३० | ४२५ | | ६ |
| सहकारी तथा वित्तीय क्षेत्र | २१५ | ३३ | ६३ | ३३ | ४३ | ४३ | २१५ | | ४ |
| **सामाजिक विकास** | ४५७५ | ८१८ | ९७८ | १००३ | ८५८ | ९१८ | ४५७५ | २२.७% | ५२ |
| शिक्षा | २००० | ३२५ | ४३५ | ४३५ | ३८५ | ४२० | २००० | | १३ |
| स्वास्थ्य | १५८५ | २९९ | ३७४ | ३७४ | २६९ | २६९ | १५८५ | | १३ |
| खानेपानी तथा सरसफाई | ५०० | १०० | ७५ | १०० | १०० | १२५ | ५०० | | ११ |
| युवा तथा खेलकुद | २३५ | 45 | ३५ | ४५ | ५५ | ५५ | २३५ | | ४ |
| लैङ्गिक समानता, सामाजिक समावेशीकरण | ११५ | २१ | ३१ | २१ | २१ | २१ | ११५ | | ७ |
| कला, भाषा, संस्कृति र सम्पदा | १४० | २८ | २८ | २८ | २८ | २८ | १४० | | ४ |
| **पूर्वाधार विकास** | ९४८५ | १८५३ | १८६८ | २००० | १८८५ | १८८० | ९४८५ | ४७.०% | ५० |
| सडक, यातायात, तथा पुलपुलेसा | ८०८५ | १५७० | १६२० | १६९० | १६१५ | १५९० | ८०८५ | | २४ |
| सिंचाई | ५५५ | १२८ | ९८ | १०८ | ११३ | १०८ | ५५५ | | ८ |
| भवन तथा ग्रामीण विकास | ४९० | ९० | ९० | १२० | ९५ | ९५ | ४९० | | ७ |
| विद्युत तथा वैकल्पिक ऊर्जा | १७० | ४५ | ४० | ४२ | २२ | २२ | १७० | | ६ |
| सुचना तथा सञ्चार प्रविधि | १८५ | २० | २० | ४० | ४० | ६५ | १८५ | | ५ |
| **वातावरण तथा विपद व्यवस्थापन** | ९५० | २२१ | २३१ | २३१ | १५६ | १११ | ९५० | ४.७% | ३४ |
| वन तथा जैविक विविधता | २६५ | ५६ | ५६ | ५१ | ५१ | ५१ | २६५ | | ९ |
| भू तथा जलाधार संरक्षण | १५५ | ४५ | ३५ | २५ | २५ | २५ | १५५ | | ५ |
| वातावरण तथा स्वच्छता | ११५ | २६ | २१ | २६ | २१ | २१ | ११५ | | ८ |
| महामारी तथा विपद व्यवस्थापन | ४१५ | ९४ | ११९ | १२९ | ५९ | १४ | ४१५ | | १२ |
| **सुशासन तथा संस्थागत विकास** | ५६५ | १०५ | ९० | १०० | १३५ | १३५ | ५६५ | २.८% | १८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुशासन, क्षमता विकास तथा सेवा प्रवाह | ४९५ | ९० | ६५ | ८० | १३० | १३० | ४९५ | | १० |
| लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासन | ७० | १५ | २५ | २० | ५ | ५ | ७० | | ८ |
| **पालिकाको गौरवको योजना** | २४३५ | ३९७ | २९७ | २८७ | २७७ | २७७ | २४३५ | १२.१% | ११ |
| | २०१६५ | ३६५२ | ४००७ | ४१७४ | ३६६४ | ३६४९ | २०१६५ | १००.०% | १९४ |

## ९.२ बजेट प्रक्षेपण

आ. व. २०८०/८१ मा कुल रु. **५७६,८५२,४८०.००** बजेट परिचालन भएको थियो । आगामी ५ वर्षमा गाउँपालिकाको प्रक्षेपित कुल बजेट रु. **५,८८०,५५३,४२७.४०** हुने देखिन्छ । कुल बजेटको चालु खर्चको शीर्षकमा आवश्यक प्रतिशत घटाई पुँजीगत खर्चको शीर्षकमा विकास बजेट छुट्याउन सकिन्छ ।

| आय शिर्षक | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ | आ.व.०८४/८५ | आ.व.०८५/८६ | कूल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ११६,१२६,०००.०० | १३५,३७१,२७०.०० | १५२,६५३,४८०.०० | ७०,७९९,७८९.०० | ७७,८७९,७६७.९० | ८५,६६७,७४४.६९ | ९४,२३४,५१९.१६ | १०३,६५७,९७१.०७ | ८३६,३९०,५४१.८२ |
| | २१.२% | २२.२% | २६.५% | १०.४% | १०% | १०% | १०% | १०% | |
| संघीय सरकार | ३९३,१८२,०००.०० | ४३२,०२४,०००.०० | ३६५,७००,०००.०० | ५५२,५७६,०००.०० | ६०७,८३३,६००.०० | ६६८,६१६,९६०.०० | ७३५,४७८,६५६.०० | ८०९,०२६,५२१.६० | ४,५६४,४३७,७३७.६० |
| | ७१.९% | ७०.७% | ६३.४% | ८१.४% | ८१% | ८१% | ८१% | ८१% | |
| प्रदेश सरकार | ३७,६२४,०००.०० | ४३,५५९,०००.०० | ५८,४९९,०००.०० | ५५,६९८,२११.०० | ६१,२६८,०३२.१० | ६७,३९४,८३५.३१ | ७४,१३४,३१८.८४ | ८१,५४७,७५०.७३ | ४७९,७२५,१४७.९८ |
| | ६.९% | ७.१% | १०.१% | ८.२% | ८% | ८% | ८% | ८% | |
| जम्मा आय | ५४६,९३२,०००.०० | ६१०,९५४,२७०.०० | ५७६,८५२,४८०.०० | ६७९,०७४,०००.०० | ७४६,९८१,४००.०० | ८२१,६७९,५४०.०० | ९०३,८४७,४९४.०० | ९९४,२३२,२४३.४० | ५,८८०,५५३,४२७.४०<br>० |
| | | | | | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | |

## परिच्छेद १० : आवधिक योजनाको वार्षिक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन व्यवस्था

आवधिक योजना तर्जुमाका लागि विभिन्न चरणगत प्रक्रिया र पद्धति बनाइयो। विभिन्न चरणगत प्रक्रिया र पद्धति अपनाउँदा संङ्घीय सरकार र प्रदेश सरकारको नीत, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी अपनाइएको छ । आवधिक योजना तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ को व्यवस्था तथा गाउँपालिकाको आर्थिक ऐन, २०७४ को अधिनमा रही तर्जुमा गर्दा गाउँपालिकाले आफ्नो आवश्यकता र क्षमताका आधारमा आवधिक योजनाको स्वरुपको तयार तथा स्वीकृत कार्यविधि बमोजिम तथा प्रक्रिया अनुसार तर्जुमा गरी पारित गरिएको हो। आवधिक योजना तर्जुमा गरिदा दुईवटा मूलभूत मान्यता लिइएको थियो।

१. स्रोत विनियोजन अनुशासन तथा अनुगमन व्यवस्थित गर्न निर्देशक समिति, विषयगत समितिको अवधारणामा योजना तर्जुमा, र

२. सहभागितात्मक पद्धतिबाट योजना तर्जुमा।

आवधिक योजना सरल उपयोगी र कार्यान्वयन सम्भव होस भन्ने उद्देश्यले विषयविज्ञको सहयोगमा विधायक समितिबाट मस्यौदा गरी प्रक्रियागत तथा विशेषज्ञता दुवैको समिश्रणबाट योजना तर्जुमा गरिएको हो।

### १०.१ योजनाको कार्यान्वयन

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासंग अन्तर सम्बन्धित विषय मानिन्छ। संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र विषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ। स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि पालिकाको निर्वाचित नेतृत्व, निर्देशक समिति, विषयगत समिति, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा विभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोंच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र विषयगत उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत विषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र विषयगत लक्ष्य परिमाणलाई गाउँपालिकाको वार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा स्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ।

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा पालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य (प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी स्रोत अनुमान तथा विनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा पालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति स्रोतको आवश्यकता पर्दछ र हालको स्रोत परिचालनको आधारमा के कति स्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन।

हाल पालिका आफुसंग उपलब्ध सीमित जनशक्ति, कमजोर संस्थागत संरचना, सीमित स्रोत साधन उपयोग गरी केही गैरसरकारी संघसंस्थाको सीमित आर्थिक तथा प्राविधिक सहयोग र कार्यक्रमहरु परिचालन गरी वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक विकास योजनाले आत्मसाथ गरेको दीर्घकालिन सोंच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय तह) बीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहबीच क्षेत्रीय रणनीतिक साझेदारी विकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यवसायीकरण, औद्योगिकीकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघसंस्था, विकास साझेदारहरु एवं दातृनिकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकीकृत प्रयास वा सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ।

## १०.२ आर्थिक श्रोत व्यवस्थापन तथा कार्यान्वयन

आवधिक योजना अन्तर्गत पहिचान भएका सबै योजनाहरू लगानीको दृष्टिकोणले एउटै आवधिक योजना मार्फत सम्बोधन गर्न सकिँदैन । तसर्थ आगामी पाँच वर्षमा उपलब्ध हुन सकिने गाउँपालिकाको विकास बजेटको रकम, दीर्घकालीन सोंच प्राप्ति तर्फ उन्मुख हुन अति आवश्यक कार्यक्रम तथा योजनाहरू, आर्थिक विकासमा टेवा पुग्ने योजना, लक्षित वर्ग/समुदायको हित, रोजगारी वृद्धि गर्ने जस्ता महत्वपूर्ण आधारहरूमा योजनाको प्राथमिकता निर्धारण गरी योजनाहरू तयार गरिएको छ ।

गुराँसवासीहरूको आवश्यकता परिपूर्ति गर्न आवश्यक लगानीको तुलनामा उपलब्ध हुने विकास बजेट अति नै न्यून भएको हुँदा गाउँपालिकाको विद्यमान विकास बजेटले ठूला योजनाहरू कार्यान्वयन गर्न सकिने स्थिति भने छैन । विशेष गरी अधिकांश रणनीतिक योजनाहरू जस्तैः सडक, ढल र फोहोर व्यवस्थापन सहितको एकीकृत योजनाहरूको लागि केन्द्रिय निकाय, विभिन्न दातृ राष्ट्र तथा दातृ निकायहरूको सहयोग अति आवश्यक छ ।

यसको अतिरिक्त, गाउँपालिकाको कार्यान्वयनको जिम्मेवारीमा परेका अन्य योजनाहरूको सन्दर्भमा अगामी पाँच वर्षमा उपलब्ध हुन सकिने गाउँपालिका कार्यालयको विकास बजेटको प्रक्षेपण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्ने गरी योजना तयार गरिएको छ । गाउँपालिकाको आर्थिक श्रोत अति न्यून रहेकोले यस श्रोतबाट धेरै कम मात्र गाउँस्तरीय योजनाहरू कार्यान्वयन गर्न सकिन्छ । तसर्थ गाउँपालिकाले विगतमा झैं केन्द्रबाट सडक वोर्ड, कृषि सडक, जगेडा कोष जस्ता सहयोग कार्यक्रम ल्याई बढी भन्दा बढी कार्यक्रम कार्यान्वयन गर्न सकृयता देखाउनु पर्ने हुन्छ । यस शीर्षक अन्तर्गत प्राप्त गाउँपालिकाको विकास बजेट तथा विगत आर्थिक वर्षमा केन्द्रबाट प्राप्त विशेष आर्थिक अनुदानको आधारमा आवधिक योजना अन्तर्गत पहिचान भएका योजनाहरू कार्यान्वयन गर्ने गरि अगामी पाँच वर्षको भौतिक विकास तथा भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, वातावरण तथा जोखिम व्यवस्थापन, वित्तीय व्यवस्थापन र संस्थागत विकास योजनाहरुको सूची तयार गरिएको छ । योजना तर्जुमा समिति, गाउँपालिका गाउँ सभाको निर्णय अनुसार गाउँपालिकाले यस्ता योजनाहरू क्रमशः वार्षिक रुपमा कार्यान्वयन गर्दै जाने छ ।

## १०.३ अनुगमन तथा मूल्याङ्कन

कुनै पनि कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा मूल्यांकन नितान्त जरुरी विषय हो । यसका लागि स्थानीय स्वायत्त शासन ऐन तथा गाउँपालिकाका निम्ति आवधिक योजना तर्जुमा निर्देशिका अगिंकार गरिनेछ । जस अनुसार अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यकता अनुसार फिल्डमा जाने लगायतका प्रक्रियाहरू समेतको अवलम्बन गरिने छ । त्यस्तै संचालित आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्यांङ्कन प्रत्येक ६/६ महिनामा वा समितिले आवश्यक ठानेको जुनसुकै बखत गरिनेछ । त्यस्तै सम्पन्न योजनाहरूको मर्मत सम्भार सम्बन्धी व्यवस्थाको मूल्याङ्कन प्रत्येक वर्ष सम्पन्न ठूला योजनाहरूको प्रभाव मूल्यांङ्कन एक वर्षपछि गर्ने जसका लागि सामाजिक, आर्थिक, वातावरणीय तथा सेवा सुविधाहरूको प्रभाव मुल्यांङ्कन अध्ययन टोलीमा विषयगत समिति सदस्यका अलावा सम्पूर्ण आ-आफ्ना क्षेत्रका विज्ञ वा विशेषज्ञ, सेवा सुविधाग्राही वा सरोकारवालाहरू समेतको संलग्नता गराइनेछ ।

